*अध्याय : एक*

# शोध परिचय

## १.१ विषय परिचय

कुलप्रसाद कोइरालाको जन्म वि.सं. २०१२ मा सगरमाथा अञ्चलको रातामाटे पुरानो गाउँमा भएको हो । उनले धनुषाको ज्ञानकुपबाट औपचारिक शिक्षा शुरु गरेको पाइन्छ । कोइरालाले त्रि.वि. केन्द्रिय क्याम्पस कीर्तिपुरबाट २०३८ मा नेपाली विषयमा स्नातकोत्तर तह पुरा गरेका हुन् । तत् पश्चात उनी सोही वर्षदेखि शिक्षण कार्यमा प्रवेश गरी अनवरत सेवा गर्दै आएका छन् । हाल उनी प्राध्यापक पदमा आशिन छन् । उनले २०६० सालमा नेपाली मैथली प्रचलित उखानहरूको तुलनात्मक अध्ययन शीर्षकमा विद्यावारिधि समेत गरिसकेका छन् । कोइराला विद्यार्थी काल देखि नै सिर्जनात्मक लेखनमा लागेका व्यक्ति हुन् । त्यस ताका उनले कथा निबन्ध र एकाङ्की जस्ता सिर्जनाहरूको रचना गरेको बुझिन्छ । प्राध्यापन कार्यको विस्तारसँगसँगै उनी भित्रको द्रष्टा व्यक्तित्वले विस्तारित हुने अवसर पाएको देखिन्छ । यसमा पनि विशेषता विद्यावारिधि कार्य सम्पन्न गरेपछि उनी यस क्षेत्रमा समर्पित देखिन्छन् । उनले सङ्ख्यात्मक र गुणात्मक दृष्टिले उपयुक्त मानिने समालोचनाहरूको प्रकाशन गरेका छन् । यस किसिमको कायले उनलाई नेपाली समालोचना इतिहासमा छुट्टै पहिचान दिलाएको पाइन्छ । उनका प्रकाशित निम्न लिखित छन् । **काव्यिक परिभ्रमण** (२०६२), **सृष्टि माथिको दृष्टि** (२०६२), **धरुणीधर परिक्रमा** (२०६३), **माधवी माथिको अन्तर्दृष्टि** (२०६३) **नेपाली भाषा र साहित्यमा सिन्धुली जिल्लाको योगदान** (२०६३), **नेपाली साहित्य र गोर्खाली स्रष्टाहरू** (२०६६) रहेका छन् ।

## १.२ समस्याकथन

यस शोधपत्रमा समालोचक कुलप्रसाद कोइरालाका समालोनात्मक कृतिहरूको अध्ययन गर्दा आईपर्ने समस्याहरू बुँदामा निम्न हुनेछन् ।

क) कुल प्रसाद कोइराला नेपाली समालोचनाका क्षेत्रमा कहिले देखि प्रवृत्त भएका हुन् ? र उनको समालोचकीय व्यक्तित्व के कस्तो छ ?

ख) कोइराला समालोचनात्मक कृतिहरूमा समालोचकीय मान्यता के कस्ता छन् ।

ग)  नेपाली समालोचनाका क्षेत्रमा उनको योगदान कस्तो छ ?

## १.३  शोधकार्यका उद्देश्यहरू

उपर्युक्त समस्याको निराकरणका निम्ति कुलप्रसाद कोइराला कै समालोचनमा केन्द्रित भएर गरिने अध्ययनमा निम्न उद्देश्यहरू रहेका छन् ।

क)  कुल प्रसाद कोइराला नेपाली समालोचनाका क्षेत्रमा प्रवेश र उनका कार्यको निरूपण गर्ने ।

ख)  उनका समालोचनात्मक कृतिहरूको विवेचना गर्ने ।

ग)  नेपाली समालोचनाका क्षेत्रमा उनको योगदान र स्थान निर्धारण गर्ने

उपर्युक्त उद्देश्यहरूलाई नै मूल आधार मानेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४  पूर्वकार्यको समीक्षा

कुलप्रसाद कोइरालाबारे विभिन्न विद्वान्हरूले विभिन्न किसिमका टिप्पणी गरेका छन् उक्त विद्वान्हरूको टिप्पणीहरू यस प्रकार रहेका छन् ।

जीवनचन्द्र कोइराला (२०६२) ले धरणीधर परिक्रमा नामक कृतिभित्र धरणीधर परिक्रमाको अडान भूमिका (भदौ  २०६२ पृष्ठ ग) मा कुलप्रसाद कोइराला प्राज्ञिक पेशामा रहेर प्राज्ञिक उन्नयनका लागि चिन्तनशील रहने र लोकसेवाको कार्य गर्ने उहाँ जस्तो निस्वार्थी प्राज्ञिक व्यक्तित्वले परिपूर्ण हुनु भएको भनाई व्यक्त गर्नु भएको छ ।

सुरेशराज शर्मा (२०६२) द्वारा **काव्यिक परिभ्रमण** नामक कृतिको भूमिका (शर्मा:२०६२ पृष्ठ घ) मा शर्माले प्राध्यापनरत कुलप्रसाद कोइरालाको यस कृतिले नेपाली समालोचनाको क्षेत्रमा विशेष स्थान राख्ने भनाई राख्नु भएको छ ।

हरिमञ्जुश्रीले (२०६३) **'माधवी माथिको अन्तर्दृष्टि'** नामक कृतिको भूमिका (जेष्ठ २०६३ पृष्ठ घ) मा उक्त शीर्षकमा उनले विचारको सापेक्षतामा हेरिएको अध्ययन र अनुभव जन्य दृष्टिकोणले समालोचनाको आधार बनेको समालोचना विधाको परम्परागत पद्धतिभित्र रहेर नयाँ पद्धतिको खोजी गर्न पुगेको यस कृतिले पुरानै पद्धति अवलम्बन गरेको बताएका छन् ।

देवी नेपाल (२०६६) द्वारा लिखित **वस्तुपरक समालोचना** संगालो (मधुपर्क वर्ष २१ अंक ५ २०६६ पृष्ठ ४३) मा कोइरालाले निर्धारित कृतिहरूको विश्लेषणको आधार पूर्वीय एवं पाश्चात्य सिद्धान्तलाई बनाएका छन् । यस **काव्यिक परिभ्रमण** कृतिलाई हेर्दा कोइराला तर्क शक्ति भएका पूर्वीय र पाश्चात्य दुवै सिद्धान्तका ज्ञाता भएका कुरा व्यक्त  गरेका छन् ।

सीताराम अधिकारी (२०६६) ले **नेपाली साहित्य र गोर्खाली स्रष्टाहरू** नामक कृतिको सम्पादकीय (भदौ २०६६) मा कोइराला समय सापेक्षित साहित्यिक कृतिहरूको मूल्याङ्कन गर्न सक्षम र आफ्नो समयको अराजक समालोचकमा देखिनु भएको र कसैको स्वार्थमा पछि नलाग्ने सफल समालोचक हुनुभएको बताउनु भएको छ ।

हरिप्रसाद पराजुली (२०६८) ले कुल प्रसाद कोइराला समालोचकीय यात्रा र मूल प्रवृत्ति ( ह्युम्यानिटि एण्ड सोसीयल साइन्स जर्नल २०६८ पृष्ठ ४२) मा कोइरालाका ६ वटा समालोचनात्मक कृति पुस्तकाकारका रूपमा रहेका र केही फुटकर रूपमा पनि रहेको र उनी वर्तमान युगको वर्तमान विन्दुमा उभिएका समालोचक भएको उल्लेख गरेका छन् ।

यसरी विभिन्न समीक्षकहरूले विभिन्न दृष्टिकोणबाट उनको मूल्याङ्कन गरेको भएपनि उनको समग्र समालोचकीय क्षमताका आधारमा विस्तृत अध्ययन अनुसन्धान भैसकेको देखिदैन। केही लेख र भूमिकाका आधारमा गरिएका अध्ययनले मात्र उनको समालोचकीय क्षमतालाई प्रष्ट्याउन सकेको छैन । त्यसैले उनको समालोचक व्यक्तित्वलाई ध्यानमा राखेर उनका समग्र समालोचनाको विश्लेषण गर्नु आवश्यक छ र प्रस्तुत शोधपत्रमा समग्र अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य र उपयोगिता

नेपाली समालोचनाको परम्परामा उल्लेख्य प्रतिभाका रूपमा कुल प्रसाद कोइराला परिचित छन् । उनी जस्ता बौद्धिक व्यक्तित्वको समालोचनात्मक कृतिहरूको मूल्याङ्कन र प्रवृत्तिहरूको रेखाङ्कन गर्नु यस शोधपत्रको महत्व देखिन्छ । यसका अतिरिक्त कोइरालाबारे अध्ययन गर्न चाहने समालोचक तथा विद्यार्थीहरूलाई समेत यसले सघाउ पुर्‍याउने हुँदा यस शोधपत्रको औचित्य र उपयोगिता प्रस्ट हुन  आउँछ छ ।

## १.६ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा समालोचक कुल प्रसाद कोइरालाका समालोचनात्मक कृतिहरूको अध्ययनमा निम्न कुराहरूको सीमा निर्धारण गरिएको छ ।

कुल प्रसाद कोइरालाको सामान्य परिचय दिइएको छ । नेपाली समालोचनाको क्षेत्रमा उनको आगमनको निर्धारण गरिएको छ र उनका समालोचनात्मक कृतिहरूको अध्ययन एवं विश्लेषण गरिएको छ साथै उनका समालोचनाका आधारमा उनका प्रवृत्तिगत विशेषता देखाइएको छ । प्रस्तुत शोधकार्यमा उनका फुटकर लेख तथा समालोचनाको भने विश्लेषण गरिएको छैन ।

## १.७ शोधविधि

समालोचनात्मक कृतिको अध्ययनको लागि शोधनायकसँगको अन्तर्वार्ता र उनका समालोचनाको सैद्धान्तिक मान्यता अनुसार पुस्तकालयविधि र समीक्षात्मक तथा विश्लेषणात्मक दृष्टिकोण अपनाइएको छ, साथै विशिष्ट विद्वान्हरूको पुस्तकलाई सन्दर्भ पुस्तकको रूपमा लिइएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि शोध नायक र आफन्तजनसँग प्रत्यक्ष रूपमा अन्तर्वार्ता लिई प्राप्त कृतिका उनका सम्बन्धमा विभिन्न पत्रपत्रिका पुस्तक वा प्रकाशित रचना तथा प्रस्तकालयीय विधिबाट सङ्कलित सामग्रीलाई मुख्य सामग्रीको रूपमा उपयोग गरिएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोध कार्यमा सङ्कलित सामग्रीहरुलाई समालोचनाका मूलभूत सिद्धान्त र समालोचनाको सिद्धान्तसँग नजिकमा राखेर ती सामग्रीहरुको वर्गीकरण गरी शोध कार्यको लागि उपयुक्त तथ्याङ्कहरु विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र वैज्ञानिक बनाउन निम्न लिखित अध्यायमा विभाजन गरिएको छ ।

अध्याय एक - शोधपरिचय

अध्याय दुई - समालोचना सिद्धान्त र नेपाली समालोचनाको विकास

अध्याय तीन - कुल प्रसाद कोइरालाका समालोचनात्मक कृतिहरूको अध्ययन ।

अध्याय चार - कोइरालाका समालोचनात्मक प्रवृत्तिको अध्ययन र मूल्याङ्कन ।

अध्याय पाँच - सारांश तथा निष्कर्ष

सन्दर्भ ग्रन्थ सूचीहरू

*अध्याय : दुई*

# समालोचनाको सिद्धान्त र नेपाली समालोचनाको विकास

## २.१ समालोचनाको परिचय

समालोचना साहित्यका विधाहरूमध्ये अपेक्षाकृत नयाँ विधा हो सृजनात्मक साहित्यको केही विकास भैसकेपछि मात्र यसको विकास भएको हो त्यसैले समालोचना सृजनात्मक साहित्यको अनुवर्ती हुन्छ, र त्यसको पारख गर्ने कसिका रूपमा देखापर्छ। सृजनात्मक साहित्यको व्यख्या विवेचना गरेर गुण दोषलाई केलाएर एवं त्यसका मूल्य मान्यता स्पष्ट पारेर कृतिलाई बोधगम्य एवं आस्वाद्य बनाउनका साथै कृति एवं कृतिकारको मूल्याङ्कन समेत समालोचनले गर्दछ। प्राचीनकालमा काव्य नाटकको जस्तो समालोचनाले साहित्यका विधाका रूपमा स्वीकृति पाएको थिएन तथापि समोलचनाको पनि इतिहास पुरानो छ, र सृजनात्मक साहित्यसित यसको घनिष्ट सम्बन्ध रहदै आएको छ, सापेक्षित रूपमा सृजनात्मक साहित्यको स्थान प्रथम भएपनि समालोचना र सृजनात्मक साहित्य धेरै पहिले देखि परम्परा अवलम्वित छन्।

समालोचना सृजनात्मक कृति भित्र रहेर गरिने मूल्याङ्कन व्याख्या, विवेचना, र विश्लेषण जे भनेपनि हुने एक प्रकारको निवन्धगत अभिव्यक्तिलाई समालोचना भनिन्छ (कँडेल, २०५५ - पृष्ठ.क)। यसैको परिधिभित्र रहेर स्रष्टाको सृष्टि माथि बौद्धिक पाठकहरूले कमल चलाएका कृतिगत मूल्याङ्कन नै आजको समालोचना हो। सृष्टिको प्रारम्भ देखिने नै मानवजातिले प्राणीजगतमा आफ्नो दुई अस्तित्व र चिनारी कायम राख्दै आइरहेको देखिन्छ। आफ्नो वरिपरिका घटना प्रतिघटनाहरू र वातावरणीय परिवर्तनले उसमा निरन्तर प्रभाव पारीरहेको हुन्छ। त्यही घटनाहरूको प्रभाव र प्रेरणाले त्यस विषय वस्तुसँग सम्वद्ध अनुभूतिहरूलाई मानवले सर्वप्रथम कलात्मक तरिका अपनाएर विचार व्यक्त गर्दा नै साहित्य शास्त्र जन्मिन पुगेको देखिन्छ। तिनै कलात्मक साहित्यको गुणदोष औल्याउन उचित मूल्याङ्कन गर्ने हो भने समालोचना विधा साहित्यविद्या भन्दा कान्छो ठहरिन आउने देखिन्छ।

समालोचना र पूर्वीय पाश्चात्य दुवै साहित्य परम्परा भित्रको साहित्यिक विधा हो। पाश्चात्य साहित्यिक जगत्को प्रारम्भिक चरणमा सर्वप्रथम ग्रीक दार्शनिक प्लेटोले आफ्नो अभिनत प्रकट गरेका थिए। उनको विचारमा कविद्वारा सृजित कृति वास्तविक प्रकृति जगतकोअनुरकण हो, र प्रकृति जगत्

चाहिँ इश्वरीय अनुकरण हो। यसरी प्लेटोले प्रकृति जगत्लाई प्रथम ईश्वरीय अनुकरण र कवि कलाकारलाई सृजनालाई दोस्रो दर्जाको अनुकरण मानेर साहित्यिक सृजना अनुकरणको पनि अनुकरण मानेका छन् यस भनाईले साहित्य भनेको भ्रमान्तक आनन्द दिने वस्तु हो। त्यसै गरी उनको आर्के भनाई पनि आएको छ साहित्यले मान्छेका आवेगहरूलाई उराल्ने र वाराल्ने, गर्दछ (ज्ञवाली, २०६३ : ८)। तर प्लेटो पछिका चिन्तक एरिष्टोटले भने आफ्नो गुरुको उक्त धारणालाई साहित्य र साहित्यकार प्रति सकारात्मक दृष्टिकोण राख्दै साहित्यको माध्यमबाट वास्तविक इश्वरीय सत्ता सम्म पुग्न सकिने अवधारणा प्रस्तु गरेका छन्। त्यसै गरी समालोचनाको चिन्तन पूर्वीय काव्यपरम्परमा पनि भएको पाइन्छ। पूर्वी काव्यशास्त्रको चिन्तन परम्परागत सृजनाको पारख गर्ने कार्यलाई आलोचना नाम दिइएको पाइन्छ। पूर्वीय काव्य जगत्का महानतम् आदि  आचार्य भरतको रसबाद, र उनी पछिका भामहको अलंकार, आनन्दवर्धनको ध्वनीवाद, वामनको रीतिवाद कुन्तकको बक्रोक्रिबाद, र क्षेमेन्दको औचित्यवाद आदिलाहरूलाई स्वीकारेर पूर्वीय समीक्षा परम्परामा कल्पना, भाव र वौद्धिकताको पक्षलाई आ-आफ्नै प्रकारले व्याख्या गरेका छन् (सुवेदी, २०६१ : ५)।

## २.२ व्युत्पत्ति र अर्थ

समालोचना शब्द संस्कृत भाषाको तत्सम शब्द हो। यसको शब्द व्युत्पति गर्दा लोच् धातुमा आ उपसर्ग र ल्युट (अन) प्रत्यय लागेपछि आलोचन बन्दछ, त्यसको स्त्रीलिङ्गमा टाप् (आ) प्रत्यय जोडिदा आलोचना र त्यसमा सम् उपसर्ग थपिँदा समालोचना शब्द निर्माण हुन्छ (कँडेल, २०५५ : क)। संस्कृत व्युत्पत्ति अनुसार आलोचनाको अर्थ 'आ' समन्तान् लोचनम् अवलोकनम् भन्ने हुन्छ र यसै शब्दभित्र नै सन्तुलित एवं नियन्त्रित रूपमा साहित्यिक कृतिलाई हेर्नु जाँच्नु भन्ने अर्थ निहित भएको पाइन्छ। समयका क्रममा आलोचना शब्दले दोष दर्शन वा दोषानु सन्धानका अर्थमा सिमित हुँदै गएकाले नेपाली साहित्यका सन्दर्भमा 'आलोचना' भन्दा 'समालोचना' शब्द नै प्रचलित भएको देखिन्छ। सम्यक् आलोचना अर्थात् विनापूर्वाग्रह सन्तुलित एवं नियन्त्रित रूपमा कृतिका गुणदोषको विवेचना र मूल्याङ्कनको अर्थमा समालोचना शब्दको प्रयोग गरिन्छ। समालोचना आलोचना समीक्षा जस्ता शब्दहरू एउटै अर्थका रूपमा प्रयोग भएको पाइन्छ। नेपाली साहित्यमा 'समालोचना' शब्द अंग्रेजी साहित्यको 'क्रिटिसिजम्' शब्दको समानार्थीका रूपमा गरिन्छ। यसको व्युत्पत्ति अंग्रेजी क्रिटिक र ग्रीसेली 'क्रिटिकोष' शब्दबाट भएको हो। यी दुवैको अर्थ निर्णायक भन्ने हुन्छ (कँडेल, पूर्ववत्) । तदनुसार

'क्रिटिसिजम्' को अर्थ निर्णय भन्ने हुन्छ । अंग्रेजीमा क्रिटिसिजम कै समानार्थी एप्रिसियसन, रिम्यु, ओपिनियन जस्ता शब्दहरू पनि प्रयोग भएका छन्। तै पनि क्रिसिजम् सित जति नजिक समालोचनाको अर्थ अन्य शब्द सित उपर्युक्त देखिदैन ।

## २.३ समालोचनाको परिभाषा

पूर्वीय साहित्य समालोचनालाई परिभाषित गर्ने क्रममा पूर्वीय तथा पाश्चात्य विद्वानहरूबीच फरक-फरक विचार रहेको पाइन्छ। समालोचना कला साहित्य मर्मज्ञ विद्वान् एवं परिश्रमी हुनुपर्छ भनेर समालोचनालाई गहन र पण्डितपूर्ण लेखन भनेर संस्कृत काव्य शास्त्रमा चिन्तन भनिएको छ (त्रिपाठी, २०२७ : ४५) । समालोचनाको व्यवस्थिति रूपमा परिभाषा गर्ने काम पाश्चात्य विद्वानहरू सर्वप्रथम भएको हो। पूर्वीय साहित्यमा पनि रस अलंकार ध्वनि बक्रोक्रि आदिलाई आधार मानेर गरिएको व्याख्यालाई समालोचनाको स्वरूप मान्न नसकिने भने होइन तर तिनका व्याख्यामा समालोचना भनेर निश्चितता भने प्रदान गरिएको छैन। पाश्चात्य तथा पूर्वीय साहित्यसास्त्रीहरूले दिएका समालोचना परिभाषा निम्न छन् ।

डाइडेनमका विचारको व्याख्या गर्दै जगन्नाथ त्रिपाठी लेख्छन्। समालोचना भनेको निर्णयको एक मापदण्ड हो, जसले ती साहित्यिक विशिष्टताहरूको लेखाजोखा राख्छ, जुन साधारण तथा विचारशील पाठकलाई आनन्द दायक हुन्छ। वाल्टर पेटरका विचारमा समालोचना त्यसलाई भनिन्छ। जसले कलाका गुणहरूलाई जानेर तिनको विवेचन पाठकहरूसमक्ष प्रस्तुत गर्दछ (त्रिपाठी, पूर्ववत् : ४७) । सिर्जनात्मक साहित्यले जीवन र जगत्को व्याख्या गर्दछ भने समालोचनाले त्यस व्याख्याको पनि व्याख्या गर्दछ भन्ने पाश्चात्य विद्वान् हड्सनको देखिन्छ (हड्सन, सन् १९७९ : २१) । त्यसै गरी आइ.ए रिचर्डस्को दृष्ट्रिकोणमा समालोचना भनेको एषणाको तुष्टि मार्फत मूल्य निर्धारण गर्नु हो (सुवेदी, २०६१ : १३) । कलरिजका अनुसार समलोचनाको अन्तिम उद्देश्य तयार पार्नु भन्दा अरुले जे लेखेका छन्। त्यससँग सम्बन्धीत सिद्धान्तहरूको निर्माण गर्नु हो ( कँडेल, २०५५ पृष्ठ ख) । टि एस इलियट को विचारमा समालोचना लिखित शब्दका माध्यमद्वारा गरिने कलाकृतिको टीकाटिप्पणी र व्याख्या विवेचना हो, (कण्डेल, २०५५ : पृष्ठ ग) ।

हिन्दी साहित्यका प्रसिद्ध समालोचक गुलावरायको मतमा समालोचनाको मूल उद्देश्य कोषका कृतिको सबै दृष्टिकोण द्वारा अवलोकन गरेर पाठकहरूलाई त्यसरी नै अस्वादन गर्नमा सहायता दिने

अनि उसको रुचिलाई परिमार्जित बनाउदै साहित्यको गति  निर्धारण गर्नमा योगदान दिनु हो (त्रिपाठी, २०२७ :४८) ।

हिन्दी साहित्यका अर्का समलोचक डा. सुरेश सिन्हाका अनुसार समालोचना सामान्यबाट विशिष्टता तिरको यात्राको निम्ति प्रेरणा मूलकः समाग्री हो । श्याम सुन्दर दाश को विचारमा साहित्यको क्षेत्रमा सुजित रचनाहरूको अध्ययन गरेर तिनका गुण दोषको विवेचना गर्नु अनि ती सृजित सामग्रीहरूका बरेमा आफ्नो अभिमत प्रकट गर्नु नै आलोचना हो  । शशिभुषण सिंहका अनुसार जसरी मौरीले फूलबाट छानेर मह सञ्चय गर्दछ, त्यसरी नै आलोचनाले स्रष्टाको भीडबाट कृतिलाई छानेर आलोचकीय भाषा कृतिको महत्वलाई पाठक सामु प्रस्तुत गर्दछ (सुवेदी, २०६१ : १६) ।

नेपाली साहित्यमा पनि अन्य साहित्यका जस्तै समालोचकहरूले आफ्नो अभिमत प्रकट गरेका छन् । यसरी अभिमत राख्नेमा अग्रणी प्रतिभाका रूपमा लक्ष्मीप्रसाद देवकोटा देखा पर्दछन् । उनले महाकाव्य शाकुन्तलको भूमिका लेख्ने सन्दर्भमा भनेका छन् । "हुन त समालोचकको छेड कतै कुत्कुत्याउँछ, चिलाउने ठाउँमा कन्नाइदिन्छ । कतै लिखापरेको ठाउमा ठुङ मार्छ, घाउ, चिरिदिन्छ, न्याल, सिङान पुछ्दछ (देवकोटा, २०६३ : भूमिकाबाट) । त्यसैगरी नेपाली समालोचक रामकृष्ण शर्माका अनुरूप राम्रो-नराम्रो सुखःदुख मनपर्दो नपर्दो, इत्यादिहरूको मस्तिष्कमा जुन विवेचन हुन्छ  त्यसको परिणाम स्वरूप समालचेनाको जन्म हुन्छ (शर्मा, २०४४ : ४१) । यदुनाथ खनालको दृष्टिकोणमा समालोचना भनेको पानीको प्रवाहलाई नदी नामदिनु साहित्य हो नदीका बारेमा अरु विशेष कुरा जान्नु उसको मूल खोज्नु समालोचना हो (खनाल, २०३३ : ३) । मोहनराज शर्माको विचारमा वस्तुवादी र वैज्ञानिक समालोचना भनेको आलोचनाको नयाँ विधा दृष्टि शैली विज्ञानले भाषिक तथ्याङ्कका आधारमा वस्तुनिष्ठ ढङ्गबाट कृतिको वैज्ञानिक र सिर्जनात्मक मूल्याङ्कन गर्दछ (श्रेष्ठ र शर्मा, २०४९ : १५८) ।

कृष्णचन्द्रसिंह प्रधानको दृष्टिकोणमा, असल खराव, राम्रो नराम्रो, सत्य असत्य, सकारात्मक नकारात्मक तत्वहरू छुट्याउने चेतना शक्ति र कर्मलाई समालोचना शब्दले सम्बोधन गरेको छ । तारानाथ शर्माका अनुसार आलोचना फटाहालाई लाटो पारुञ्जेल पोल्ने सिस्नो हुनुपर्दछ र पश्चिमा साहित्यको अध्ययनबाट निर्मित आलोचना शक्तिलाई निर्मकता पूर्वक स्पष्ट राख्नुमा कसैको पद र मुख नहेरी गरिएको समीक्षा हुनुपर्दछ , भन्ने मान्यता सबैमा हुनुपर्दछ (शर्मा, २०२७ : २४२) । घनश्याम नेपालका अनुसार आलोचना साहित्य विधाको ऐजेरु झैं परजीवी प्रबन्ध विधान हो (नेपाल, १९९१ :

१०३) । नेपाली बृहद शब्दकोषमा समालोचनाको परिभाषा यसरी दिइएको छ । कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुण दोषको वस्तुगत विवेचना गर्ने काम र कुनै ग्रन्थ, रचना पनि समालोचना हो (नेवृश, २०४० : १३०७) । त्यसै गरी अक्सफोर्ड डिक्सनरीमा कलात्मक कार्यका गुणस्तर निर्धारण गर्दै त्यस कृतिमा प्रयुक्त पात्र-चरित्रहरूको महत्व र प्राप्तिलाई निर्णय दिने कार्य अलोचना (critisim) हो । (अक्सफोर्ड डिक्सनरी, सन् १९९३ : ११८१) । द क्याम्ब्रिज गाइड लिटरेचर इन इङ्गलीसमा समालोचना भनेको समाजका र जीवनका भावपक्षलाई वस्तु पक्ष वस्तुपक्ष स्रोतबाट सृजित क्रियाका परिणाम हुन् (द क्याम्ब्रिज गाइड लिटरेचर इन इङ्गिलिस, १९८८ : ६४३) ।

डा. मोहन हिमांशु थापाका विचारमा कुनै पनि पदार्थका गुण र दोषहरूको निष्पक्ष र ठिकठिक विवेचन नै समालोचना हो (थापा, २०५० : २०६) ।

राजेन्द्र सुवेदीको मतमा यदि हामीले समग्र साहित्यलाई निभिन्न समय सन्दर्भ र  जीवन र जगतका विविध पाटाको प्रतिविम्व मान्ने हो, भने समालोचनालाई त्यस व्याख्याको पनि व्याख्या मान्नु पर्दछ (सुवेदी, २०६१ : २२) ।

शोभाकान्ति थोगिमका अनुसार साहित्यको स्पष्ट उत्कृष्टितालाई विवेचनाको पूर्ण प्रकाशनमा ल्याई तिनीहरूको आन्तरिक स्वभावको स्पष्टिकरण गरी विभिन्न दृष्टिकोणबाट कुलाको कर्सामा तिनीहरूको पारख गरी प्राप्त भएको परिणामको नित्यस्थायी मूल्य र निष्पक्ष गर्नु नै साहित्यिक समालोचना हो (थेगीम, सन् १९९२ : १३) ।

यसरी उपर्युक्त विभिन्न विद्वानहरूको मान्यता र विश्व साहित्यक कोषमा उल्लेखित व्याख्यालाई आधार मानेर हेर्दा समालोचनाबाट बौद्धिक मूल्य, साहित्यिक कृतिको मूल्याङ्कन गरी त्यसको असल  र खराव पक्ष प्रष्ट पार्नु  निष्पक्ष रूपमा जीवन र जगत्का व्याख्याको पनि पुनर्व्याख्या गरी सहज र बोधगाम्य रूपमा कृतिलाई बुझाउने एउटा सशक्त साहित्यिक विधा नै समालोचना हो ।

## २.४ पूर्वीय समालोचनाको मूलभूत मान्यता

विश्वको साहित्यलाई भौगोलिक रूपमा पूर्व र पश्चिम भनेर नामाकरण गरिएको छ, पूर्व भनेर जुन दिशाबाट सूर्यादय हुन्छ, त्यसलाई जनाइएको पाइन्छ । त्यस सम्बन्धमा बासुदेव त्रिपाठीको विचार यस्तो रहेको छ ।

"हाम्रा सिमित चाहिँ मोटामोटीमा अरवी र फरसी र भारतवर्षे सभ्यताका साथै चिनिया सभ्यताकै परिवेशबाट पूर्वीय परिप्रक्ष्य प्रकट हुन्छ। उन्नती युरोप अमेरिकाली सभ्यता सेरोफेरोमा पाश्चात्य वा पश्चिम परिप्रेक्ष्य देखापर्दछ। अझ सिमित समर्ममा हेर्दा के चाहिँ हामी हाम्रो भारत वर्षिय परिप्रेक्ष्यलाई पूर्वीय परम्परा भन्छौ। र यसको मूल प्राज्ञिक श्रोत संस्कृत वाङ्मय रहेको छ" (त्रिपाठी, २०५८ : १)।

तर यस शब्दको अर्थ साँघुरिँदै गएर संस्कृत भाषामा लेखिएका साहित्यिक कृतिका बारेमा विवेचना भएका कृतिहरूलाई मात्र लिइएको पाइन्छ। संस्कृत भाषा पनि लौकिक र बैद्धिक भाषा विभाजित भई वैदिक वाङमय मन्त्र संहिता, ब्रह्मण ग्रन्थ, आख्यक र उपनिषद हरू समेटिएका छन्। विश्वकै प्राचीनतम कृति मानिएको ऋग्वेदमा समेत स्थूल रूपमा नै भए पनि समीक्षाको चर्चा गरिएको पाइन्छ।

पूर्वीय काव्य विवेचनाका दृष्टिमा काव्यको उपल्लो तहमा रहेको रस ध्वनी अलंकार जस्ता तत्वहरूको विवेचना ऋग्वेद बाहेक अन्य बैद्धिक वाङमयमा समेत भएको तथ्य सर्वमानिक भइसकेको देखिन्छ। उदाहरणका रूपमा विभिन्न उपनिषद्हरूलाई लिन सकिन्छ।

बौद्धिक वाङमयको स्वर्णिम युगको अवसान पश्चात संस्कृत भाषा लौकिक युगमा प्रवेश गऱ्यो साहित्यका विभिन्न विधाहरू प्रशस्तमात्रामा सिर्जना हुनपुगे। त्यसै कालखण्डमा सिर्जना विधाको परिधिमा रहेर लक्षणिक कृतिहरू रचना हुन थालेको देखिन्छ। तिनै लाक्षणिक कृतिहरूले नै समालोचनाको काम गरेको देखिन्छ। आधुनिक समीक्ष शास्त्रका दृष्टिबाट हेर्ने हो भने तीनीहरू समालोचनाका कृतिहरू नठहरिन सक्छन्। संस्कृत समालोचना वा समीक्षा शास्त्रका प्रथम आचार्य भरतमूनि हुन्। उनले आफू पूर्व सिर्जित नाटकहरूलाई अधार बनाई आफ्नो समीक्षा सम्बन्धी दृष्टिकोण प्रक्षेपण गरेका छन्। उनको समालोचना नाट्यकेन्द्री रहेको छ। उनले आफ्नो चिन्तनलाई नाटक केन्द्री बनाएका छन् उनको समालोचना सम्बन्धी ग्रन्थ **नाट्यशास्त्रम्** हो। यस कृतिको रचना कालका विषयमा विभिन्न मत भएता पनि समालोचनाको आधाभूमि को काम गरेका छन्।

भरत पछि संस्कृत भाषाका काव्य चिन्तक समालोचक भामह हुन्। उनको काव्य सम्बन्धी कृति **काव्यालंकार** हो। यस कृतिले अलंकारलाई केन्द्रविन्दुमा राखेको छ। उनले शब्द र अर्थ संयुक्त रूपले काव्य हुन् (उपाध्याय, २०५९ : ७)। भनेर काव्यको समीक्षा गरेका छन्। उनी पछिका अर्का समालोचक दण्डीले महाकाव्यको सैद्धान्तिक लक्षण वरिपरि रहेर, महाकाव्यको लक्षण प्रस्तुत गरका छन्। वास्तवमा दण्डी समालोचक व्यक्तित्व नभई महाकविसमेत थिए। त्यसैले उनले कविहरूमा

गद्यकविहरू विरलै पाइन्छन् भनेर भनेका छन् (त्रिपाठी, २०६३ : २५३) । दण्डी द्वारा लेखिएको समीक्षा कति काव्यदर्श हो । यो कृति गद्यपाद्यमय छ ।

दण्डीपछिका लक्षण शास्त्री वामन हुन् । उनी रीतिवादीमा कहलिएका  थिए । उनले काव्यको आत्म रिति (शैली) हो भनेर लक्षण गरेका छन् । वामनपछि भरतको रस सूत्रको व्याख्या गर्ने चेष्ठा गरियो जसमा भट्टलोल्लट भट्टनायक श्रीशकु र अभिनवगुप्त गरी चार जना समीक्षकहरूले आचार्य भरतको रस सूत्रको व्याख्या गर्दै कसरी रसानुभूतिहुन्छ भन्दा भट्टलोल्लटको उत्पत्तिबाद, श्रीशकुकुले अनुमिति बार भट्टनायकले भुक्तिबाद र त्यसपछि अभिनयगुप्तले अभिव्यञ्जनाबाद नामक संज्ञा दिएर रसको समीक्षा गरे, त्यसपछि ध्वनिवाद आरम्भ भयो, आनन्दवर्धनले ध्वनिलाई केन्द्रविन्दुमा राखेर ध्वन्यालोक लक्षण ग्रन्थ लेखे । जस्मा भनेका छन् शब्द र अर्थ दुवै काव्यका शरीर हुन् तर काव्यको आत्मा चाहिँ ध्वनि हो (उपाध्याय, ८) । आनन्द वर्धनको धन्यालोक लोचन नामक  कृतिलाई अभित्व गुप्तले पुनः ध्वन्यालोक लोचना नामक टीका लेखेका छन् । आचार्य कुन्तकले ध्यनिवादको विरोध गर्दै बक्तोक्तिबादको स्थापना गरे उनले परिचय दिने क्रममा कविको कर्म काव्य हो । अलंकार आवश्यक गुण छन् । काव्यवेत्तालाई आनन्द दिने कविको चमत्कारपूर्ण अभिव्यक्ति कोशलले सृष्ठ रूपले निबृद्ध रचनामा रहने सुव्यवस्थित शब्द र अर्थले संयुक्त रूपले काव्य कहिन्छन् र बक्रोक्ति काव्यको आत्माका हो (उपाध्याय, ८) भनेका छन् ।

कुन्तक पछिका बाह्रौं शताब्दीका मम्मटले दोष रहित, गुण सहित शब्दार्थ काव्य हो, यसमा काहीँ अलंकार हुन्छ, काहिँ अलंकार नभएपनि काव्यत्वमा हानी हुँदैन भनेर अलंकारको अनिवार्यतालई विकल्पमा राखेर रस ध्वनि अलंकारको समुच्चय  प्रदान गर्ने काम गरे ।

चौधौं शताब्दीका लक्षण शास्त्री आचार्य विश्वनाथले आफुभन्दा अघिका विशिष्ट विद्वान्हरूको साहित्य सम्बन्धी लामालामा परिभाषा र लक्षणहरूलाई छोटकारीमा ल्याएर छरितो लक्षण बनाउने काम गरेर  भनेका छन् ।

साहित्य दर्पण नामक कृतिमा रसिलो वाक्य नै काव्य हो भनेर भनेका छन् (उपाध्याय, पूर्ववत् : १०) संस्कृत साहित्यको समीक्षकहरूमा सबैभन्दा पछि आएका अर्को विशिष्ट प्रतिभा हुन् । पण्डितराज जगन्नाथ उनको मौलिक कृति रसगंगाघर हो उनले त्यस कृतिमा सुन्दर भाव व्यक्त गर्ने शब्द काव्य हो  भनेर काव्यको परिभाषा गरेर संस्कृत साहित्यमा महत्वपूर्ण योगदान गरेका छन् । पण्डितराज जगन्नाथ पछि संस्कृत साहित्यको त्यति प्रखर समीक्षा शास्त्री अन्य भेटिदैन । यी

मूख्य मूख्य काव्य चिन्तक भएता पनि रुद्रर क्षेमेन्द्र अप्पय दीक्षित, वाग्भट्ट कैयट हेमचन्द्र जस्ता अन्य समीक्षकहरू पनि संस्कृत काव्य परम्परामा उदाएका पाइन्छन् र ती विद्वान् समीक्षकहरूले संस्कृत समालोचना प्रणलीलाई समुन्नत र समृद्धिको उपल्लो स्तरमा उभ्याउन महत्वपूर्ण योगदान गरिएको देखिन्छ। निष्कर्षा भन्नुपर्दा रसबाद, अलंकारबाद, रितिवाद ध्वनिवाद, बक्रोक्तिवाद कै केन्द्रियतामा पूर्वीय समालोचना अगाडि बढेको देखिन्छ। जुन लक्षण शास्त्रीय जुन सिद्धान्तका थिए। त्यसैको केन्द्रीयतामा आफ्नो सिद्धान्त प्रस्तुत गरेकाले उनीहरूको चिन्तन सर्वमान्य र अधिकाारिक हुन सकेन। तथापि नेपाली समालोचनामा संस्कृत साहित्यका समालोचकहरूको पनि महत्वपूर्ण योगदान रहेको तथ्यलाई नकार्न सकिदैंन।

## २.५ पाश्चात्य समालोचनाका मूलभूत मान्यता

पाश्चात्य भन्नाले युरोप र युरोपीयन संस्कृतिले आच्छादित या प्रभावित भागलाई जनाउँदछ। पश्चिमा समालोचनाको आदिम भूमि ग्रीक हो। पश्चिमा कला-साहित्य तथा ज्ञानको विज्ञानको मूलप्रवाह ग्रीसबाट भएको हो। वैज्ञानिक दार्शनिक राजनीतिक कानुनी कलात्मक वा साहित्यिक पूर्ख्यौली खोज्दै जादा कुनैपनि जर्मन, फ्रान्सेली अमेरिकी वा अंग्रेजी प्राचीन ग्रीसमै पुग्दछन्। यसबाट स्पष्ट हुन्छ की ग्रीक सभ्यता पश्चिमा सभ्यताको श्रृंखलाको स्पन्दन हो। स्वभावतः पाश्चात्य साहित्यको वृहत परम्परा ग्रीसबाटै छङ्छङ्दाउँछ। त्यसैले अंग्रेजी प्रखर समालोचक र कवि टमस स्टर्न इलिपट परम्परा र व्यक्ति प्रतिभा नामक समालोचनात्मक निबन्धमा पश्चिमी साहित्यको परम्परासन्दर्भमा भन्दछन्। होमर देखिको सम्पूर्ण युरोपी साहित्य यसै भित्रपर्ने स्वदेशको साहित्यको पनि एकै साथ अस्तित्व र एकात्मक छ। पाश्चात्य साहित्यभित्र तमाम फरक भूगोल र आर्थिक सामाजिक जीवनस्तर भएका देशहरू पर्दछन्। सबैका आ-आफ्ना साहित्यिक मूल्य मान्यताहरू रहेको पाइन्छ। तथापि सबैलाई एकै ठाउँमा राखेर अध्ययन विश्लेषण गरिएको पाइन्छ  र गरिएको पनि छ। पाश्चात्य समालोचनाको आदिमबीज होमरका अमर महाकाव्य इलियट र ओडिसीमा सूत्रात्मक रूपमा पाइन्छ। जसम कव्य सृजनाका लागि विधाको अघिष्ठात्री देवीले दैवीक प्रेरणादिने गरेको तथ्य अवगत हुन आउँछ (त्रिपाठी,२०५८ : ५)।

होमरपछि अर्को चिन्तक महाकवि हेसियड हुन् । उनले पनि समालोचनाका सन्दर्भमा औपचारिक टिप्पणी प्रस्तुत गरेको भए पनि थियो गिति महाकाव्यका विचारमा कविले एक साथ मनोरञ्जन र शिक्षा दिनु पर्दछ । उनको चिन्तन औपदेशिक र पूर्वीय काव्य प्रयोजन सँग मेल खाने देखिन्छ ।

यसैगरी सोलोन जेनीफेनिस पिण्डार सियोनाइडेस, सिप्लए, जार्डियस युरीपाईडिस अरिष्टोफेनिस जस्ता साहित्यकारहरूले आफ्ना साहित्यिक कर्ममा केही समालोचनात्मक भन्न सकिने विचार सम्प्रेषण गरेको भेटिन्छ ।

पूर्वीय प्रथमकाव्य चिन्तक भरत भए जस्तै पश्चिमका अरस्तु दुवैले नाटकले विस्तृत विवेचना गरेका छन् । एरिष्टोट्ल ती योग्य दार्शनिक प्लेटो शिष्य रत्न थिए (ज्ञवाली,२०६३:१२) । सोक्रेट्स र प्लेटोका चिन्तन दार्शनिक किसिमका छन् । प्लेटोले साहित्यप्रति केही आरोप लागएका थिए । ती आरोपहरूप्रति अरस्तुको सहमति नभए पनि आफ्ना गुरुका कुरालाई सिधै र अध्ययन कालमै खण्डन गर्ने धृष्टता गरेनन् । प्लेटोको साहित्यिक प्रतिको दृष्टिकोण यस्तो रहेको थियो, काव्य भनेको अनुकरणको पनि अनुकरण हो यो सत्य भन्दा तीनगुणा टाढा हुन्छ (शर्मा / लुइटेल, २०६६ : १०९) । यसरी प्लेटोको आदर्श गण राज्यका लागि साहित्यकला हानीकारक रहेको तथ्यलाई आफ्ना कृतिहरू रिपब्लिका इयन र विधिमा उल्लेख गरेका थिए तर यसरी प्लेटोले आदर्श गणराज्यलाई हानी पुग्ने साहित्यसित विमति राखेको पाइन्छ । तर जीवनको अन्तिम खण्डमा सत साहित्य ग्राहय रहेको विचार यसरी अभिव्यक्त गरेका छन् । कविहरूका कृति राम्ररी छानविनगरी कमसल जति हटाएर असल कृतिहरू मात्र राख्नुपर्छ र यसरी छनोट गरिएका कृतिहरूमा आमा र धाइ आमाहरूबाट केटाकेटीलाई सिकाउनुपर्छ ( शर्मा लुइटेल, पूर्ववत् : ११४) ।

प्लेटोले साहित्य र कलाप्रतिको लगाएको अंकुश उनैका प्रतिभाशाली शिष्य अरस्तुलाई मन परेन र अरस्तुलेकाव्यशास्त्रमा दुखान्तक र सुखान्तक र महाकाव्य सम्बन्धी विचाहरू विश्लेषण साथ प्रस्तुत गरेका छन्. । उनका काव्यशास्त्रमा वर्णित विचारहरू आज पनि उत्तिकै मूल्यवान् रहेका छन् ।

अरस्तुको कलासाहित्य सम्बन्धी चिन्तनबाट समग्र पाश्चात्य कला र साहित्य धेरै समयसम्म प्रभावित रहेको पाइन्छ । र उनका अनुकरण सिद्धान्त र  विरेचन सिद्धान्तले समग्र कला साहित्य चिन्तनमा हलचल पैदा गरेको पाइन्छ । ग्रीकको त्यस कलाचिन्तन अरस्तुको अवसान पछि रोममा सऱ्यो र रोमनै कलाचिन्तनको केन्द्र भयो । रोममा पादरी र इसाई धर्म गुरुहरूको बाहुल्यले गर्दा धार्मिक कट्टरता मौलायो र जसबाट मुक्त हुन कठीन पर्न गयो । चर्चाका पादरीहरूको अन्याय अत्याचार विरुद्ध

नै वौद्धिक साथसाथै विभिन्न राजनीतिक सांस्कृतिक क्रान्ति यूरोपमा हुन थाले जसबाट काव्य शास्त्रीय विचारमा परिवर्तन आएको पाइन्छ र चौधौं शाताब्दीमा पाश्चात्य कला साहित्यमा पुन र्जागरण आएपछि यूरोपेली साहित्यको विकास र विस्तार हुन गएको पाइन्छ।  र त्यस युगमा मानवतावादको शुरुवात हुन गएको देखिन्छ (भट्टराई, २०६४ : ७०)। प्रारम्भमा यूरोपेली साहित्य नव परिष्कारबाद तर्फ प्रवेश गर्‍यो। तत्पश्चात नवीन सोचको विकास भएको पाइन्छ। युरोपीयन साहित्यमा नयाँ आयाम थप्ने काम वेलायती समालोचनामा कविदय सेमुयल  टेलर कलरिज र वड्सवर्थ गरे। उनैको सयुक्त **गीतिमय गाथा लिरिकल व्यालेट्स** १७९८ मा प्रकाशित भयो। यस कृतिमा स्वच्छन्दताबादको घोषणा सहित त्यसको प्रवर्तन भएको पाइन्छ। त्यसपछि कलरिजले कल्पना सिद्धान्तको स्थापना गरेका छन्। कलरिजको कल्पना सिद्धान्तमा व्यक्तिमा निहित संस्लेषणकारी शक्ति र त्यसद्वारा रचना हुने काव्य सिर्जना सम्बन्धी व्यक्त गर्ने सिद्धान्त हो (ज्ञवाली, २०६३ : ५८)।

अरस्तुको विरेचना सिद्धान्तमा साहित्यिक रचनाले पाठकमनमा कसरी प्रभाव पार्छ ? त्रास र करुणा कस्त मनोभाव हुन् र  तीनको उद्‌वोधका निम्ति दुःखान्तको भूमिकामै कारण कसरी पाठक र दर्शकको मनको विरेचना हुन्छ भन्ने कुराको उत्तर नै विरेचना सिद्धान्त हो (ज्ञवाली, पूर्ववत् : ६३)। कलारिजपछि का अर्का प्रतिभाशाली सौन्दर्यवादी चिन्तक वेनेडेट्टो क्रोचे देखापरे उनको समय १८६६ देखि १९५२ मानिन्छ  (ज्ञवाली, ८७)। उनको सौन्दर्य चिन्तन सम्बन्धी मूल्य ग्रन्थ **संस्थेटिक** हो। जसलाई सन् १९०१ मा प्रकाशित गरिएको थियो। उनले चिन्तन निरेपेक्ष आत्मवादी सौन्दर्य चिन्तन हो। क्रोचे पछिका चिन्तक टिएस्  इलियड हुन्।  उनी अमेरिकी थिए। उनको **परम्परा व्यक्ति प्रतिभा** नामक निबन्धमा उनका विचारहरू उल्लेखित छन्। उनीले परिस्कारवादी कविता र वस्तुवादी चिन्तनको वकलत गरेका छन्। अरस्तुलाई आफ्नो गुरु मानेका छन्.। उनका निवैयक्तिकताको सिद्धान्तमा कविका नीजि भाव हुन्छन्। तर ती यसरी व्यक्त हुन्नकी सर्वसाधारणको भाव बन्नुनै कवि व्यक्तित्वको पलायन र निवैयक्तिकता हो (मिश्र, १९९६ : १३५)।

पाश्चात्य जगतका अर्को समालोचक अइ. ए रिचर्डसको पनि महत्वपूर्ण योगदान छ। उनको मूल्य सिद्धान्त र सम्प्रेषण सिद्धान्तलाई छोड्न सकिदैन। उनले कवितामाथि विचार गर्ने सिलसिलामा कवितालाई विश्लेषण  तथा मूल्याङ्कन  गर्ने आधारमा चिन्तन गरेका छन्।  उनले समालोचन के हो ? समालोचकको धर्म के हो ? समालोचना गर्दा कुन कुरामा ध्यान दिनुपर्छ ? जस्ता प्रश्नमाथि विचार गर्दै

उनले आफ्ना मान्यता प्रस्तु गरेका छन् । र समालोचकको काम रचनालाई सुक्ष्म रूपमा  अध्ययन गर्न र सापेक्षित रूपमा विश्लेषण गरी मूल्याङ्कन गर्नु हो र कलाको मूल्य निर्धारण गर्नु हो ।

आइ.ए रिचर्डसको चिन्तन नै अहिलेको समयको समालोचक लाई मार्गनिर्देशक बनेको छ ।

## २.६ समालोचनाका प्रकार

समालोचना साहित्यको स्थान निर्धारक एवं न्यायधिशका रूपमा देखिएको पाइन्छ। तसर्थ समालोचनाको विकाससँगै यसका तरिका र रूपमा पनि व्यापकता आएको पाइन्छ। यसरी समालोचनालाई व्यापक हिसावले हेर्ने क्रममा यसका विविध प्रकार एवं पद्धतिहरूका समेत विकास भएको पाइन्छ । त्यसैले विद्वान्हरूले यसलाई विभिन्न प्रकारमा विभाजन गरेर अध्ययन गरेको पाइन्छ । यद्यपि प्रकार एवं पद्धतिमा पनि समानता नभएकैले यसो हुनु स्वभाविक देखिन आउँछ। तर पनि समालोचना सैद्धान्तिक र व्यवहारिक गरी दुइ रूपमा हेरिने गरिए पनि त्यसमा सबै सहमत भएका छैनन् । त्यसैले यसलाई विभिन्न विद्वान्ले विभिन्न ढङ्गले हेरेका छन् । डा.शान्ति क्षेत्रीको विचारमा समालोचनाको प्रकार यस प्रकारले देखाउनु भएको छ (क्षेत्री, १९९२ : १७८) ।

समालोचना

| सैद्धान्तिक समालोचना | प्रयोगिक समालोचना | |
|---|---|---|
| रसवादी | शास्त्रीयतावादी | निर्णयात्मक |
| अलङ्कारवादी | स्वच्छन्दतावादी | तुलनात्मक |
| रितिवादी | नीतिवादी | व्याख्यात्मक |
| ध्वनिवादी | कलारूपवादी | प्रभाव परक |
| बक्रोक्तिवादी | मनोविश्लेषणात्मक | मूल्यवादी |
| औचित्यवादी | समाजपरक | |

(क्षेत्री, १९९२ : १७८)

## २.७ सैद्धान्तिक समालोचना र प्रायोगिक समालोचना

सैद्धान्तिक समालोचना अन्तर्गत विषय वस्तुलाई शास्त्रीय चिन्तनको सोचमा ढालेर विश्लेषण गर्रिएको पाइन्छ, भने प्रयोगिक समालोचनामा विभिन्नवाद मान्यता प्रणालीका आधारमा विषय वस्तुको तुलनात्मक वा व्याख्यात्मक विश्लेषण गर्ने गरिएको पाइन्छ। पूर्वीय साहित्यमा प्रायः सैद्धान्तिक र पाश्चात्य साहित्यमा प्रयोगिक समालोचनाको विकास भएको पाइन्छ। प्रयोगिक समालचेनाको विश्लेषण विभिन्न वाद एवं मान्यताका आधारमा गरेका पाइन्छ। यस क्रममा समालोचक मोहन हिमाशु थापाका अनुसार

१. शास्त्रीय समालोचना
२. सैद्धान्तिक समालोचना
३. व्याख्यात्मक समालोचना
५. निर्णयात्मक समालोचना
६. ऐतिहासिक समालोचना
७. प्रभावपरक समालोचनाा
८. मनोविश्लेषणात्मक समालोचना
९. प्रगतिवादी समालोचना
१०. तुलनात्मक समालोचना (थापा : २१३)

कृष्णचन्द्रसिंह प्रधानले समालोचनालाई यसरी विभाजन गरेका छन् -

१. गुणदोषात्मक समालोचना
२. तुलानात्मक
३. निर्णयात्मक
४. भौतिकवादी
५. शास्त्रीय समालोचन अनुभावत्मक समालोचना
६. प्रभावात्मक समालोचना
७. मानोविश्लेषणत्मक समालोचना
८. मूल्यवादी समालोचना (प्रधान, २०५२ : १७) तसर्थ प्रधानको समालोचनाको वर्गीकरण वर्गीकरण पनि पूर्ववर्ती समालोचक भन्दा भिन्न र विस्तृत रूपमा देखिन्छ।

समालोचक घनश्याम कँडेलले समालोचनालाई २ खाले वर्गीकरण गरेका छन। उनले परम्परागत वर्गीकरण समालोचनालाई २ प्रकारमा विभाजन गरेका छन् -

१. सैद्धान्तिक समालोचना २. व्यवहारिक समालोचना

उनको सैद्धान्तिक समालोचनामा पूर्वीय रस, ध्वनिवादी एवं पाश्चात्य साहित्यका चाँहि अरस्तुको काव्यशास्त्रदेखि रिचर्डसको प्रिन्सिपल अफ लिटररेटी क्रिटिसिज्मसम्म पर्ने कुरा बताएका छन्। व्यावहारिक समालोचनामा चाहिँ प्रभाव परक र निर्णयात्मक गरी २ प्रकारमा बाडेका छन्। त्यसको पनि ५ वटा उपवर्ग रहेको छ।

१.५ प्राज्ञिक वा शास्त्रीय समालोचना

१.२ ऐतिहासिक समालोचना

१.३ तुलनात्मक समालोचना

१.४ व्याख्यात्मक समालोचना

१.५ जीवनीपरक समालोचना

समालोचनाको विभिन्न प्रकारमा प्रगतिवादी समालोचना, नीतिपरक आदीमतापरक समालोचना रूपपरक समालोचना बताएका छन्। (कँडेल, २०५५ : ड) यसरी समालोचनाका विभिन्न भेद देखा पर्दछन्। आधुनिक युगमा शोधपरक समालोचनाको पनि विकास भएको पाइन्छ। यस प्रकारका समालोचनामा शोध प्रविधि अनुसार तथ्यहरूको संकलन गरी तिनका आधारमा वस्तुगत किसिमले समालोचना गरिन्छ।

## २.८ समालोचनाको नयाा वर्गीकरण

नयाँ समालोचना पद्धतिको थालनी रूप परक र भाषा शैली परक आदि समालोचना पद्धतिको विकास भएको पाइन्छ। हाल समालोचनालाई नयाँ किसिमले वर्गीकरण गर्न थालिएको पाइन्छ। नयाँ पद्धति अनुसार समालोचनाको दुई पद्धतिहरू छन् -

(१) बाह्य

(२) आभ्यन्तरिक

२.८.१ बाहृय समालोचना पद्धति

वाह्य समालोचना पद्धति अनुसार कुनै कृतिको समालोचना गर्दा कृतिको स्थान, काल, परिवेश र कृतिकारका जीवनी पक्ष समेतलाई ध्यानमा राखेर समालोचना गरिन्छ। यस प्कारका समालोचनाका सामाजिक सांस्कृतिक मनोवैज्ञानिक आदि दृष्टिले कृतिलाई हेरिन्छ। कृतिको तत्कालीन समाजसिल के कस्तो सम्बन्ध छ कृतिमा तत्कालिन समाज कनु रूपमा प्रतिविम्ब भएको छ। र युग एवं समाजको परिवर्तनका दिशामा कृतिको कस्तो महत्व छ भन्ने कुरामा यस प्रकारमा समालोचनामा कृतिमूल्याङ्कनका कसीका रूपमा स्वीकार गरिन्छ।

संक्षेपमा भन्दा वाह्य समालोचना पद्धतिमा कृतिका पाठमा भन्दा कृतिबाहिरका कुरामा बढी ध्यान दिइन्छ। रीतिपरक समाजपरक, मनेविज्ञानपरक, आदि समालोचना पद्धतिहरू बाह्य समालोचना पद्धति हुन्। नेपाली साहित्यको परम्परागत समालोचना पद्धति पनि बाह्य समालोचना पद्धतिमा नै आधारित छ।

२.८.२ आभ्यन्तरिक समालोचना पद्धति

समालोचनाको यो पद्धति कृतिकेन्द्री समालोचना पद्धति हो। यसमा अन्य बाह्य कुराको भन्दा कृतिको नै महत्व हुन्छ। समालोचकको कृतिका पाठमा नै आफ्नो ध्यान केन्द्रित गर्छ। कृतिभित्रकै शब्दका ध्वनि वर्णका साथै प्रत्येक शब्द, प्रत्येक पङक्ति आदिको व्याख्या विश्लेषण गरिन्छ। प्रयोग गरिएका अलंकार विम्व प्रतिक आदिलाई स्पष्ट गर्ने प्रयास गरिन्छ र संरचनाका घटकहरूका बीच के कस्तो सम्बन्ध छ भन्ने कुरालाई समेत केलाउदै कृतिका पाठकलाई राम्ररी बुझ्ने र लेखकका मास्तिष्क सम्म पुग्ने कुरालाई विशेष महत्व दिइन्छ। यस प्रकारका समालोचनाले कृति बाहिरका अन्य विषय वा सन्दर्भसित सरोकार राख्दैन। यस प्रकारको समालोचनालाई सत्तावादी समालोचना पनि भनिन्छ। ( कँडेल पूर्ववत् : च) यस प्रकारको समालोचना पद्धति अनुसार कृतिलाई स्वतन्त्र, स्वायत्त र आफैमा पूर्व ठानेर विश्लेषण गरिन्छ। नयाँ समालोचना रूपपरक समालोचना, शैली वैज्ञानिक समालोचना आदि समालोचन पद्धतिहरू आन्तरिक समालोचना पद्धतिमा पर्दछ। पूर्वीय काव्यशास्त्रमा पनि समालोचनाको दुई श्रेणी देखा परेको छ। देहवादी र आत्मवादी अलङ्कार वक्रोक्ति आदि वाह्य तत्वलाई प्रधानमान्ने समालोचना देहवादी समालोचना हो। र रस ध्वानि आदि आन्तरिक तत्वलाई प्रधान मान्ने समालोचना आत्मवादी समालोचना हो। हाल समालोचनाका अधुनातन पद्धतिका रूपमा संरचनावादी विनिर्माणवादी

नारीवादी पाठक प्रतिक्रिया सिद्धान्त पद्धतिहरूको पनि विकास भएको पाइन्छ। जसलाई समष्टिमा भन्दा उत्तर आधुनिकतावादी भनिन्छ। ती पद्धतिमध्ये अधिकांश कृतिबाहिरका सन्दर्भसित भन्दा कृतिकै पाठसित बढी सम्बन्धीत भएकाले पनि आभ्यान्तरिक समालोचना भित्र नै पर्दछन्।

## २.९ समालोचनाको वर्गीकरण

समालोचनाको समान्य साहित्यका सैद्धान्तिक पक्षसित पनि सम्बन्धीत हुन सक्छ र साहित्यिक कृतिका व्यवहारिक पक्षसित पनि। यस दृष्टिले समालोचनाका मूलतः दुई रूप देखापर्दछन् सैद्धान्तिक र व्यवहारिक।

सैद्धान्तिक समालोचना कृतिका वस्तु रूप आदिलाई आधार बनाएर कृतिको व्यवहारिक समालोचना गर्नुको सट्टा समालोचनाको मानदण्डका रूपमा सामान्य सिद्धान्तहरूको निर्माण गरिन्छ र तिनका आधारमा कृतिका वस्तु रूप आदिलाई केलाउने एवं कृतिका विशेषताको निरूपण गर्ने प्रयास गरिन्छ। पूर्वीय र पाश्चात्य दुवै तर्फ प्राचीन कालदेखि नै सैद्धान्तिक समालोचनाले प्रमुख स्थान प्राप्त गर्दै आएको छ। पूर्वीय साहित्य शास्त्रका रस, ध्वनि अलंकार सम्प्रदायहरू मूलतः सैद्धान्तिक समालोचना हुन्। भरतमूनिको नाट्यशास्त्र देखि लिएर पण्डितराज जगन्नाथको रस गंगाधर सम्मका शास्त्रीय ग्रन्थहरू मूलतः सैद्धान्तिक समालोचना सित नै सम्बन्धीत छन्।त्यस्तै पशिचममा प्लेटो आरष्टोरल देखि लिएर आइ.ए रिचर्डस र अझ उनीपछिका पनि प्रमुख समालोचनाहरूको योगदान मूलतः सैद्धान्तिक समालोचनासित सम्बन्धीत छन्। अरिस्टोटलको **'पोइटिक्स'** आइ.ए रिचर्डस्को **प्रिन्सिपल्स अफ, लिटरेरी क्रिटिसिजम** सैद्धान्तिक समालोचना ग्रन्थहरू हुन्।

व्यावहारिक समालोचनामा सौन्दर्य शास्त्रीय आधारलाई स्थापित सैद्धान्तिक मापदण्डलाई ध्यानमा राख्दै कृतिका रूप, वस्तु आदि कुनै वा सबै पक्षलाई केलाउने र त्यसको आधारमा कृतिको मूल्याङ्कन गर्ने गरिन्छ। व्यवहारिक समालोचनाका मूलतः दुई भेद देखा पर्दछन् - प्रभावपरक र निणयात्मक।

### २.९.१ प्रभावपरक समालोचना

यस समालोचनामा बृहत शास्त्रीय वधनमा नबाँधिएर स्वतन्त्र रूपमा समालोचना गर्ने गर्दछ। कृतिबारे व्यक्त उसका विचार शास्त्रीय मापदण्डसित मिल्छन् वा मिल्दैनन् भन्ने तर्फ उसको ध्यान त्यति हुँदैन। कुनै कृति पढ्दा उसलाई जस्तो प्रभाव पर्छ र उसले जे जस्तो अनुभव गर्छ त्यसैलाई ऊ इमान्दारी साथ व्यक्त गर्न मन पराउँछ। यस प्रकारका समालोचनामा भावनाको बढी महत्व हुन्छ।


बुद्धित्तत्वको कम । कहिले काहीँ प्रभावपरक समालोचना समालोचना जस्तो नभएर स्वतन्त्र कृति जस्तो पनि देखापर्छ । अंग्रेजी साहित्यका प्रसिद्ध समालोचन वाल्टर पेटर प्रभावपरक समालोचक हुन् । (कँडेल, २०५५ : घ) त्यसै गरी फ्रान्सेली समालोचक आनातो पनि यसै भित्र पर्दछ ।

### २.९.२ निर्णयात्मक समालोचना

यस समालोचनाले केही निश्चित र नैतिक साहित्यिक सिद्धान्तलाई ध्यानमा राखेर आफ्नो निर्णय दिने गर्छ । यसमा प्रभावपरक समालोचनाका जस्तो सैद्धान्तिक मापदण्ड उपेक्षा हुदैन । यस प्रकारका समालोचनामा समलोचक न्यायधिश जस्तै देखापर्छ ।

## २.१० नेपाली समालोचनाको पृष्ठभूमि र विकास प्रकृया

नेपाली भाषा साहित्यको इतिहास धेरै लामो छैन यसको प्राप्त साहित्य समीक्षाको इतिहास २५० वर्षको मात्र रहेको छ । अझ साहित्य र समालोचनाको इतिहास र झनै छोटो अवधिको रहेको छ । नेपाली साहित्यको प्राथमिक र माध्यमिक कला अवधिमा समालोचनाका आधारभूत तत्वहरू अन्तनिहित भएका कृतिहरू त्यति धेरै उपलब्ध छैनन् । तर समालोचनाका चेष्ठा भएका कृतिहरू पाइन्छन् । नेपाली समालोचनाको आदिमरूप हीन व्याकरणी विद्यापतिको **सात राग** (१९८८) हो । श्रृंगारीक भावनाले भरिपूर्ण यसमा सातवटा श्लोकका माध्यमबाट सातरागको वर्णन भएको पाइन्छ । (कोइराला, २०६९ : ३५) तर नेपाली समालोचनाको सैद्धान्तिक स्वरूपको विवेचना पूर्व यसको ऐतिहासिक कालक्रम उल्लेख गर्नु पर्ने हुन्छ । र नेपाली समालोचनाको आदिम बीज यही हो भन्ने तथ्य आज सम्म फेलापर्न सकिएको छैन र सवैको एकै खाले विचार पनि पाइदैन नेपाली साहित्य अन्वेषकहरूले विचारका आधारमा यहा समालचोनाका विकासप्रक्रिया तल उल्लेख गरिय बमोजिम रहेको छ ।



(सुवेदी, २०६१ : ७३)

'नेपाली समालोचनाको विकास साहित्य' सिर्जनाको विकास पछि मात्र विकास हुने गरेको विश्वव्यापी तथ्य नेपाली समालोचनामा पनि लागु हुन्छ । समालोचना सिर्जनात्मक साहित्यको अनुवर्ती भएकाले नेपाली विधा रचनाको केही कालाबिधि पछि मात्र समालोचनाको शुरुवात भएको पाइन्छ । समग्र नेपाली साहित्यको काल विभाजनमा समीक्षकहरूबीचमा एक रूपका पाइदैन सुदीर्घ इतिहास भएको साहित्यको समेत काल विभाजन विचार युक्त रहेको पाइदैन भने समालोचनाको काल विभाजनमा पनि एकरूपता पाइएको छैन । यहाँ घनश्याम कँड्लको अनुसार काल विभाजनको संक्षिप्त व्याख्या विश्लेषण गरिएको छ ।

## २.११ नेपाली समालोचनाको पृष्ठमभूमि काल

समालोचना सृजनात्मक साहित्यको विकासको दुवै चरणमा प्रवेश गरेपछि मात्र त्यसको कसिका रूपमा समालोचना लेखिन थाल्छ भन्ने कुरा स्पष्ट भैसकेको छ नेपाली समालोचनाको परम्परा धेरै पुरानो छैन जति सृजनात्मक साहित्यको छ नेपाली साहित्यको प्रथमिक र माध्यमिक कालमा समालोचनाका आधारभूत तत्वहरू भएका कृतिहरू त्यति धेरै उपलब्ध भएका छैनन् । तथापि समालोचनाका चेष्टा भएका केही कृतिहरू पाइन्छन् । नेपाली समालोचनाको आदिमरूप विद्यापतिको सातराग (१८८८) हो । (कोइराला, २०६९ : ३४) यसमा श्रङ्गारिक भावनाले भरिपूर्ण यसमा सातरागको वर्णन भएको पाइन्छ । अहिलेसम्मको प्रथामिक कालको नेपाली समालोचना आदि बीज स्वरूप हो ।

नेपाली साहित्यमा सृजनात्मक साहित्यको जति समालोचना साहित्यको पृष्ठभूमि स्पष्ट देखिएको छैन आदिम कालमा सृजनात्मक साहित्यको र माध्यमिक कालमा आएपछि मात्र यसको आधारभूमि भेट्न सकिन्छ । मोतीराम भट्ट द्वारा कवि भानुभक्त आचार्यको जीवनचरित्र (१९४८) का रूपमा नेपाली समालोचन सम्बन्धी ग्रन्थ प्रकाशित भएपछि नै नेपाली समालोचनाको विकास क्रमलाई निम्न लिखित चार चरणमा बाड्ने गरिएको पाइन्छ (कँडेल, पूर्णवत् : छ) ।

## २.१२ नेपाली समालोचनाको काल विभाजन

क) प्रथम चरण - १९४८ - १९९८

ख) द्वितीय चरण : १९९९ - २००६

ग) तृतीय चरण : २००६ - २०२४

घ) चतुर्थ चरण : २०२५ - हालसम्म

### २.१२.१ प्रथम चरण

कवि एवं समालोचक मोतिराम भट्टद्वारा १९४८ सालका प्रकाशित कवि भानुभक्त आचार्यको जीवन चरित्र नामक कृतिले नेपाली साहित्यका फाँटमा समालोचना विधाको सुरुवात गरेको पाइन्छ। खासगरी यो कृतिले कुनै रचना विशेषको समालोचना नगरी आदिकवि भानुभक्तको जीवनी व्यक्तित्व र कृतित्वको समग्र पक्षको चर्चा गरिएको छ। यसमा भानुभक्त आचार्यको जीवनी, कविव्यक्ति र कविता बारे जानकारी दिनुका साथै प्रारम्भिक रूपमा नै भए पनि आफ्ना श्रद्धेय कविका कवि व्यक्तित्वको केही विवेचना मूल्याङ्कन गर्ने प्रयास गरे । उनी नेपालीका पहिला समालोचना ग्रन्थमा भानुभक्तका कविव्यक्तित्वको विवेचना र मूल्याङ्कन ज्यादै छिपछिपे छ। उनको समालोचना मूलतः प्रभावपरक जीवनपरक र प्रशंसापरक छ। भानुभक्तका श्रद्धाको अभिव्यक्तिको फलस्वरूप यसमा दोषपक्षको कुनै छनक भेटिँदैन त्यसकारणले उनी सीमा बद्ध छन्। उनीभन्दा पहिले कुनै समालोचना ग्रन्थ नभेटिएकाले उसले अनुसरणबाट लेखेको नभई आफै अन्तः प्रेरणाले लेखेका हुन। यसको कसैको उद्देश्य भानुभक्तबारे प्रकाश पार्नु नै यस ग्रन्थको अभीष्ट हो। यस चरणका अन्य समालोचकहरूमा राममणि आदी (१९६८ - २०१८) र सूर्यविक्रम ज्ञवाली (१९४४ - २०४२) विशेष उल्लेख हुन्। राममणि आदीको **कविता रीति** नामक शीर्षक लेख माधती पत्रिकामा १९६५ मा छापिएको पाइन्छ। त्यस समालोचनामा छन्द भाषा अर्थ र विषयको विवेचना र तिनका आधारमा कवितालाई चिताउने प्रयास गरिएको छ। साहित्य सिद्धान्तलाई विश्लेषण गरिएको कविता रीति शास्त्रीय सिद्धान्तको रूपमा देखिन्छ । यस चरणका अर्को समालोचक सूर्यविक्रम ज्ञवाली द्वारा धरणीधर कोइरालाका नैवेध कावितासङ्ग्रह माथि नैवेध समालोचना (१९७९) लेखेर उनले नेपाली समालोचनालाई नयाँ बाटोमा

डोऱ्याएका छन् । (कँडेल २०५५ : पृ.ज) ज्ञवालीको यो समालोचनात्मक लेख आधुनिक समालोचना तर्फको प्रस्थान विन्दुका रूपमा देखापरेको छ । उनले समलोचनामा नयाँ मान्यता र पद्धति अंगालेर कृति केन्द्रि समालोचन गरेका हुन् । उनका अन्य समालोचनामा **भानुभक्तको जीवन चरित्र** (१९८४) भानुभक्तीय रामायणको भूमिका (१९९०) **नेपाली साहित्यकारमा दुई नयाँ तारा र शारदा** १९९३ **लक्ष्मी पूजाको समीक्षा** (१९९४) **कथाकुसुमको सम्पादकीय भूमिका** (१९९४) र विश्वेप्रसाद कोइरालाको कथा सङ्ग्रहका **दोषीचश्मा** (२००६) को भूमिका हुन् उनले कृतिको दोष पक्षलाई भन्दा गणपक्षलाई बढी महत्व दिने सूर्यविक्रम ज्ञवालीका समालोचना प्रभावपरकता नीति सचेतता एवं आदर्शेन्मुख प्राकृतिहरू पाइन्छन् । यसै समयका सैद्धान्तिक समालोचनका रूपमा कुलचन्द्र गौतमको **अलङ्कार चन्द्रोदय** ( १९७८) देखापर्दछ । यसमा पूर्वीय लक्षण शास्त्रअुनसार अलङ्कार विश्लेषण गरिएको पाइन्छ । यसै गरी यस चरणका अन्य समालोचकहरूमा रामप्रसाद ढुङ्यालको **कविताको फल** (१९७६) ब्रह्मसमशेर जवराको **कवि भानुभक्त** नरेन्द्रमणि दीक्षितको **यूरोपीय साहित्यको नमूना** र नरदेव पाण्डेको **कविवर मोतीराम भट्टको जीवनी** (१९९५) उल्लेख छन् ।

प्रथम चरणमा समालोचना सम्बन्धी कृतिहरू फुटकर र पुस्तकाकार दुवै रूपमा प्रकाशित पाइन्छन् । गोर्खापत्र, नेपाली साहित्य सम्मेलन पत्रिका, शारदा जस्ता पत्रिकाले समालोचनात्मक लेख रचनाहरू प्रकाशित गरेर नेपाली समालोचनाको विकासमा विशेष योगदान पुऱ्याएको पाइन्छ । यस चरणमा सैद्धान्तिक प्रकृतिका समालोचना नै बढी लेखिएका छन् । साथै यस चरणमा समालोचना प्रभावपरक जीवनी परक, प्रशंसापरक र अचारणमूलक भएपनि सन्तुलन, विवेचन र निर्णय र मूल्याङ्कन गर्ने परिपाटी यस चरणमा विकास भएको पाइँदैन ।

२.१२.२ द्वितीय चरण : (१९९६-२००६)

नेपाली समालोचनको द्वितीय चरणका समालोचकहरूमा रामकृष्ण शर्मा (१९७८ -२०४३) र यदुनाथ खनाल (१९७० - २०६६१) विशेष उल्लेखनीय व्यक्तित्व हुन् । आधुनिक नेपाली समालोचन तर्फ उन्मुख गराउन यी दुईको ठूलो योगदान देखिन्छ ।

रामकृष्ण शर्माले नेपाली समालोचनालाई पाश्चात्य प्रभाव भित्र्याई नेपाली समालोचनालाई आधुनिकता तर्फ बढाएका छन् । उनी केही मात्रामा प्रभाववादी भएपनि आफ्ना भनाई तार्किक र बौद्धिक रूपमा प्रस्तुत गर्ने साहित्यिक कृति र कृतिकारका गुण दोषलाई विशेष गरेर दोषलाई देखाउने र

निर्भीक भएर निर्णय दिने स्पष्टवक्ता समालोचक हुन् (कँडेल, २०५५ : झ) । उनीका नीतिपरक दृष्टिले होइन सौन्दर्यपरक दृष्टिले कृतिलाई केलाउन मन पराउने समालोचक हुन। त्यसको उदाहरण सूक्तिसिन्धु सम्बन्धी उनका धारणबाट स्पष्ट छ। त्यसै गरी आधुनिक नेपाली समालोचनाका अर्को प्रमुख समालोचकमा यदुनाथ खनाल पूर्वीय एवं पश्चात्य साहित्यशास्त्रका विद्वान् भएकाले उनका समालोचना पनि ती साहित्य सिद्धान्तबाट प्रभावित भएको देखिन्छ। पूर्वीय एवं पाश्चात्य साहित्य शास्त्रीय मान्यताबाट नेपाली सैद्धान्तिक समालोचनाको गहकिला पुस्तक लेख्ने प्रथम व्यक्तित्व यदुनाथ खनाल नै हुन्  (कँडेल पूर्वत : म) उनले समालोचनामा व्यख्यात्मक विश्लेषणात्मक विधिका साथै तुलनात्मक एवं निर्णयात्मक विधिको प्रयोग गरेका छन्  । साहित्यिक कृति र कविका बारे उनले गरेको मूल्याङ्कन एवं निर्णय दोष दर्शन  प्रधान नभई सोच र संयमित देखाएका छन्। उनको समाजमा साहित्यको प्रभाव सकारात्मक र समाजको पद प्रदर्शन गर्नुपर्ने धारणा राख्दै समाजको उन्नत स्तरमा उकाल्न सक्नु पर्ने अभिव्यक्ति दिने समालोचक खनालको पनि सूक्तिसिन्धु सम्बन्धी उनका दृष्ट्रिकोणबाट स्पष्ट छ। (कँडेल, ञ) यस चरणका अन्य समालोचकहरूमा बाबुराम आचार्य (१९४४ - २०२९) पनि विशेष उल्लेख हुन्। उनी इतिहासकार  भएपनि नेपाली समालोचनामा उनको योगदान अविस्मरणीय छ। उनले **तुलनात्मक सुन्दरकाण्ड** (२००२) द्वारा नेपालीमा पहिलोपल्ट पुस्तकाकारमै तुलनात्मक समालोचनाको गहकिलो नमूना प्रस्तुत गरेका छन् भने **पुराना कवि र कविता** (२००६) द्वारा भानुभक्त आचार्य र रघुनाथ भट्टसम्म मात्र सिमित नेपाली कविताको इतिहासलाई निकै परसम्म पुऱ्याएका छन्। साथै नेपाली साहित्यको काल विभाजन गर्ने काम पनि गरेका छन्। बाबुराम आचार्यले विधागत समालोचनाको थालनी गरी ऐतिहासिक सचेतताका साथ नेपाली कवि एवं कविताको अन्वेषण एवं विश्लेषण गर्ने समालोचकका रूपमा अर्को विशेष योगदान छ।

यसै चरणको अन्य समालोचकहरूमा हृदयचन्द्र सिंह प्रधान (१९७२ - २०१६) र रत्नध्वज जोशी ( १९७३ - २०४६) को उल्लेख योगदान छ , हृदयचन्द्र सिंह प्रधानको नेपाली समालोचनाको परम्परामा प्रगतिवादी दृष्टिको प्रयास गर्ने पहिला समालोचक हुन्। प्रधानका समालोचनामा बौद्धिक एवं विश्लेषणात्मक भन्दा वर्णनात्मक र व्याख्यात्मक रहेका छन्। र उनका कतिपय समालोचनात्मक लेख कालक्रमिक र तुलनात्मक ढाँचाका पनि छन्। प्रधानका समालोचनामा गहन अध्ययना एवं चिन्तनमा आधारित तथा यर्थाथपरक भन्दा बढी प्रभाव परक छन र उनीमूलतः प्रभाववादी समालोचन नै हुन। त्यसै गरी रत्नध्यज जोशी छिद्रान्वेषक उपनामले **साहित्यको पक्षमा** (१९९९) शीर्षक लेख मार्फत

समालोचनाका क्षेत्रमा पहिलोपल्ट देखा परेका हुन । **मानसालंकार** शीर्षकमा पूर्वीय साहित्य सिद्धान्तमा आधारित अलंकार सम्बन्धी उनको पुस्तक २००२ सालमा नै प्रकाशित भएको थियो। यिनका समालोचना व्यख्यात्मक, विवेचनात्मक र निर्णयात्मक पनि पाइन्छन् (कँडेल, २०५५ : ञ)

यिनी विशेषत: नितिवादी र आदर्शवादी र प्रभावादी समालोचक हुन् र यस चरणका समालोचक जगदीश शम्शेर राणाले **मुनामदन भ्रमण** (२००३) लेखेका छन् ।

दोस्रो चरणमा पनि नेपाली समालोचना फुटकर एवं पुस्तकाकार दुवै रूपमा लेखिएका पाइन्छन् यस चरणका समालोचनाले प्रथम चरणका अतिशय प्रभावपरक, जीवनीलाई प्रशंसापरक र अस्वादन मूलक अवस्थाबाट फट्को मारेको छ र त्यसमा व्याख्यात्मकता वर्णनात्मकता साथै  बौद्धिक र विश्लेषणात्मक रूपले कृतिका गुणदोषको विवेचना र मूल्याङ्कन गर्ने परिपाटीको पनि विकास र्भएको छ । यसचरणमा सैद्धान्तिक समालोचना सम्बन्धी पनि गहकिलो पुस्तक लेखिएको पाइन्छ। व्यवहारिक समालोचना तर्फ विधापरक तुलनात्मक एवं निर्णयात्मक किसिमका समालोचना लेखिएका छन् ।

२.१२.३ तेस्रो चरण : (२००७ - २०२४)

यस चरणमा विभिन्न समालोचकहरू देखापरेका छन् । ती मध्ये पनि ईश्वर बराल (१९८० - २०५४) हृदय चन्द्र सिंह प्रधान (१९८२) र तारानाथ शर्मा (१९९१) विशेष प्रख्यात छन् ।

इश्वर वराल यस चरणका समालोचनात्मक लेख **कथाको परिभाषा** (२०००) सालमा र त्यसपछि पनि उनले समालोचनात्मक लेखहरू लेख्दै गएका र २००६ सालमा विस्तृत  एवं गहकिलो समालोचनात्मक भूमिकासहित उनका सङ्कलन एवं सम्पादनमा **झ्यालबाट** कथा सङ्ग्रह प्रकाशित भएको हो  र यसले गर्दा बरालको उल्लेख दोस्रो चरणकै समालोचकका रूपमा हुनुपर्ने भएतापनि उनका समालोचनात्मक प्रवृत्ति र विशेषताको स्पष्ट पहिचान तेस्रो चरणमा भएकाले उनलाई तेस्रो चराणका समालोचकमा गणना गरिएको पाइन्छ । वास्तवमा **झ्यालबाट** को प्रकाशन समयलाई आधार मानेर त्यसै समयदेखि नयाँ चरणको आरम्भमा भन्ने गरिएको पाइन्छ । (कँडेल : ठ) ईश्वर बराल पूर्वीय एवं पाश्चात्य समालोचना शास्त्रका प्रसिद्ध विद्वान् हुन उनले सैद्धान्तिक व्यवहारिक दुवै प्रकृतिका समालोचना लेखेका छन् । उनका समालोचना पुरानो र नविन दुवै पुस्ताका साहित्यकारसित सम्बन्धीत हुन । बरालका समालोचनामा पार्यप्त मात्रामा नै बौद्धिकता, तार्किकता र विश्लेषणात्मकता पाइन्छ ।

यस चरणका अर्को प्रसिद्ध समालोचक कृष्ण सिंह प्रधान हुन् सैद्धान्तिक  सचेतता का साथ प्रगतिवादी समालोचनाको सुरुवात गर्ने समालोचनाका रूपमा प्रधानलाई लिइन्छ। उनका समालोचनामा बौद्धिकता र विश्लेषणात्कताका दृष्टिबाट मूल्यवान रहेका छन्। कालक्रम र विधागत सन्तुलन मिलाएर तथा स्थापित समालोचकहरूका समालोचनाको संकलन एवं सम्पादन गरी तयार पारीएको साझा समालोचना (२०२५) नेपाली समालोचनाको कोस ढुङ्गो सावित भएको छ। यस चरणका अन्य समालोचकहरूमा तारानाथ शर्मा बहुचर्चित छन्। प्रारम्भिक चरणमा मार्क्सवादी साहित्य सिद्धान्तबाट प्रभावित शर्मा निर्भिक र स्पष्टवादी समालोचकका रूपमा प्रख्यात छन्। उनको समालोचनामा पाश्चात्य साहित्य अध्ययनको स्पष्ट छाप देखिन्छ। उनी कृतिको व्यख्या विश्लेषणका साथै निर्मिक भएर मूल्याङ्कन गर्ने र निर्णय दिने गर्दछन्। उनको भाषिक अभिव्यक्ति सरस र प्रभावकारी छ। उनी तेस्रो र चौथो दुवै चरणमा प्रसिद्ध पाउने समालोचक हुन्। त्यसैगरी यस चरणमा सोमनाथ सिग्द्याङ्गल (१९४१ - २०२९) बालचन्द्र शर्मा (१९७६ - २०३२) चुडानाथ भट्टराई (१९७८ - २०५४) डिल्ली राम तिमल्सिना (१९८०) माधवलाल कर्मचार्य (१९८३) डि.पी. अधिकारी (१९८३), श्याम प्रसाद शर्मा (१९८६) कमल दीक्षित (१९८६) आनन्द देव भट्ट (१९९३) आदि उल्लेख छन्।

यी समालोचकहरूमध्ये सिग्द्याल संस्कृत वाडमयका प्रसिद्ध विद्वान् हुन् उनको **साहित्य प्रदीप** शीषर्कको लक्षण ग्रन्थ (२०१६) प्रकाशित भएको छ।  उक्त ग्रन्थमा पूर्वीय साहित्यका कविता सम्बन्धी सिद्धान्तको विद्वत्तापूर्ण चर्चा गरिएको पाइन्छ। वालचन्द्र शर्मा ऐतिहासिक सचेतताका साथ समालोचना गर्ने समालोचक हुन्। उनका समालोचना साहित्येतिहासपरक र अन्वेषण प्रधान छन्। शर्माका दुई समालोचना ग्रन्थ **भानुभक्त** (२०१४) र **नेपाली साहित्यको इतिहास** (२०१९) पुस्तककारका रूपमा छापिएका हुन्। चुडानाथ भट्टराइ पूर्वीयदर्शनका विद्वानका साथै पूर्वीय साहित्यसास्त्रका पनि विद्वान् हुन उनका समालोचना मुलत : पूर्वीय साहित्यशास्त्रमा नै आधारित छ। उनले सैद्धान्तिक तथा व्यवहारिक दुवै कृतिका समालोचना लेखका छन्। उनका दुई समालोचना **तरुण तपसी** (२०१९) प्रकाशित छन्। डिल्लीराम तिमल्सिनाको **हाम्रो साहित्य र साहित्यकारहरू** (२०१८) साहित्य ऐतिहास सम्बन्धी पहिलो कृति हो्। माधवलाल कर्माचार्यको **सौगात** (२००८) **तीन कविका केही कविता** (२०१९) र **आलोचना र साहित्य** (२०२२) व्याख्यात्मक विधि अंगालेर प्रभावकारी किसिमले कृति एवं कृतिकारका विशेषताको चर्चा गरिएको पाइन्छ छ। डि.पी. अधिकारी प्रगतिवादी समालोचकका रूपमा परिचित छन्। उनले प्रगतिवादी समालोचनाका विकासमा ठूलो सघाउ पुऱ्याएका छन्. । श्याम प्रसाद शर्मा पनि प्रगतिवादी

समालोचकका रूपमा सुपरिचित छन् उनको **लेखक कसरी बन्ने** ? (१९५३ ई) **साहित्य सम्बन्धी दुइ चार कुरा** (२०२२) **साहित्यका पात्रपात्रीहरू** (२०३९) आदि शिर्षकमा पुस्तिकका आकारमा सङ्कलित लेखहरू प्रगतिवादी दृष्टिले महत्वपूर्ण छन्। कमल दीक्षितका ऐतिहासिक प्रकृतिका अनुसन्धानमा आधारित छन्। यस्तो पनि (२०१४) **कालो अक्षर** (२०१७) **पर्खदो विल्लाको** (२०२६) र **बुकी सुन** ( २०३७) जस्ता सङ्ग्रह समालोचनाका दृष्टिले उल्लेख छन्। दीक्षितको मूल्याङ्कन पद्धतिसमेत अंगालेर पुराना ग्रन्थको खोजी र व्याख्या एवं विश्लेषण गरेका छन्। आनन्द देव भट्ट पनि प्रगतिशील समालोचकका रूपमा परिचित छन्।

उनका समालोचनामा **बाटोतिर** (२०१९) **हाम्रा प्रतिभाहरू** (२०१९) **व्यवहारिक समालोचना** र **जनताको साहित्य** (२०४८) जस्ता समालोचनाका प्रस्तुत प्रकाशित भएका पाइन्छन्। भट्ट साहित्य र साहित्यकारलाई प्रागतिवादी दृष्टिले हेर्ने र त्यस कृतिको व्याख्या विवेचना गर्ने समालोचक हुन्।

उपर्युक्त समालोचक र समालोचनाका अतिरिक्त यस चरणमा राजनारायण प्रधानका **पन्ध्र प्रसिद्ध पुरुषहरू** (२०१५) **केही कृति केही स्मृति** (२०३०) प्रकाशित छन्। नित्यराज पाण्डेको **महाकवि देवकोटा** (२०१७) जनकलाल शर्माका **जोससमनी सन्तपरम्परा र साहित्य** (२०२०) **महाकवि देवकोटा एक व्यक्तित्व र दुई रचना** (२०३२) प्रकाशित छन्। र कृष्णप्रसाद पराजुलीको **पन्ध्रतारा र नेपाली साहित्य** (२०२४) पनि यसै चरणमा प्रकाशित भएको छ।

तेस्रो चरणमा नेपाली समालोचना पूर्ववर्ती चरण भन्दा अझ विकसित र आधुनिक भएको पाइन्छ। यस चरणमा सैद्धान्तिक समालोचना सम्बन्धी पनि गहकीला रचना प्रकाशित भएका पाइन्छन्। यतिखेर पूर्वीय साहित्य सिद्धान्तका साथै पाश्चात्य साहित्यको गहन अध्ययन गरेर तिनका प्रभावमा सिद्धान्त समालोचना गर्ने प्रवृत्तिको पनि विकास हुन पुगेको छ। केही प्रभाव परक भएपनि मूलतः गुण दोषको विवेचनात्मक र मूल्याङ्कन परक विश्लेषणात्मक समालोचनात्मक बढी देखा परेका छन्।

२.१२.४ चौथो चरण (२०२५ देखि हालसम्म)

नेपाली समालोचनाको चरणका समालोचनामा व्यापक रूपमा सिद्धहस्त समालोचकहरूको आगमन भएको छ। इन्द्र बहादुर राई (१९८४) केशव प्रसाद उपाध्याय (१९९०) गोविन्द भट्ट (१९९४) ठाकुर पराजुली (१९९७) मोहनराज शर्मा (१९९७) बासुदेव त्रिपाठी (१९९९) र दयाराम श्रेष्ठ (२०००) यस चरणका प्रमुख समालोचनकहरू हुन्। यस बहेक नेपाली समालोचनाको तेस्रो चरणमा पनि

भूमिका खेल्ने इश्वर वराल, कृष्णचन्द्र सिंह प्रधान तारानाथ शर्मा जस्ता समालोचकहरूको पनि महत्वपूर्ण योगदान रहेको पाइन्छ ।

इन्द्र बहादुर राईको महत्वपूर्ण समालोचनात्मक लेखहरूमा वैचारिक सैद्धान्तिक र स्तरीयताका दृष्टिले तेस्रो चरण भन्दा उत्कृष्ट रहेका छन् । केशव प्रसाद उपाध्ययले सैद्धान्तिक र व्यवहारिक दुवै प्रकारका समालोचना लेखेर पूर्वीय एवं पाश्चात्य साहित्यासस्त्रका ज्ञान दिएका छन् । यिनका समालोचना मूलतः व्याख्यात्मक विश्लेषणात्मक र स्तरिय छन् । (कँडेल : ण)

गोविन्द भट्टले प्रगतिवादी समलोचना लेखेर प्रगतिवादी सौन्दर्य शास्त्रको परिधिमा रही शिष्ट एवं सन्तुलित रूपा साहित्यिक कृति एवं कृतिहरूको समालोचना गरेका छन् ।

ठाकुर पराजुली पूर्वीय एवं पाश्चात्य दुवै साहित्य सिद्धान्तको प्रवृत्तिसित परिचित गराई दुवै तर्फका साहित्य सिद्धन्तलाई समालोचनाको सैद्धान्तिक आधारका रूपमा स्वीकार गर्दै बौद्धिक एवं विश्लेषणात्मक रूपमा कृतिको व्याख्या विवेचना र मूल्याङ्कन गरेका छन् ।

मोहनराज शर्माले शैलीवैज्ञानिक समालोचनालाई अगाडि बढाई सैद्धान्तिक र व्यवहारिक समालोचना लेखेका छन् । वासुदेव त्रिपाठी यस चरणका सर्वाधिक चर्चित समालोचकका रूपमा परिचित रहेका समालोचक हुन् अर्को सैद्धान्तिक एवं व्यवहारिक दुवै प्रकृतिक समालोचना भए पनि उनी व्यवहारिक समालोचक हुन् । उनका समालोचना गम्भीर प्रकृतिका हुन्छन् । आफ्ना समालोचनमा पूर्वपश्चिमका विभिन्न सिद्धान्तहरूको र पद्धतिहरूको प्रयोग गर्ने गरेकाले उनको समालोचनालाई बहुलवादी समालोचना पनि भन्ने गरिन्छ ।

दयाराम श्रेष्ठको समालोचनामा कृतिले छोडेको छापलाई वस्तुवादी एवं वौद्धिक किसिमले प्रस्तुत गरेको पाइन्छ । उनका समालोचना बाह्य सन्दर्भ सितभन्दा कृतिकै वस्तु तथा कृतिकै पाठसित बढी सम्बन्धीत पाइन्छन् । यस चरणका अन्याय समालोचकहरूमा शरद चन्द्र शर्मा भट्टराई (१९८७), मोहन हिमाशु थापा (१९९३), भानुभक्त पोखेल (१९९३), चूडामणि बन्धु (१९९५), चन्द्रेश्वर दुबे (१९९५), गोपी कृष्ण शर्मा (१९९७), बासु रिमाल यात्री (१९९७), कुमार बहादुर जोशी (१९९८), रामलाल अधिकारी (१९९८), मुरारी प्रसाद रेग्मी (१९९८), अभि सुवेदी (२०००), घटराज भट्टराई (२००२), घनश्याम कँडेल (२००२), राजेन्द्र सुवेदी (२००२), नरेन्द्र चापागाई (२००३), हीरामणि शर्मा (२००३), कृष्ण गौतम (२००५), रविलाल अधिकारी (२००७), ऋषिराज बराल २००९ आीद प्रमुख समालोचकहरू हुन् ।

यसमा खण्डमा प्राचीन र माध्यमिक कालिन नेपाली साहित्यसित सम्बन्धीत सत्य तथ्यको खोजी गरी सरल भाषामा वर्णनात्मक किसिमले तिनको प्रस्तुति समालोचक शरद चन्द्र भट्टराईले गरेका छन् भने मोहन हिमांशु थापाको **साहित्य परिचय** (२०३७) नामक ग्रन्थमा सैद्धान्तिक समालोचनाको व्याख्या प्रदान र वर्णन प्रधान छ र जसमा **साहित्यिक अनुशीलन** (२०३५) र **कवि माधव घिमिरे र उनको काव्यचिन्तन** (२०६९) शीर्षकका दुई पुस्तक प्रकाशित भएका पाइन्छन्। चूडामणि बन्धु प्रसिद्ध भाषाशास्त्री भए पनि उनले **महाकवि लक्ष्मी प्रसाद देवकोटा** (२०९८) नामक पुस्तिका र **देवकोटा** (२०३६) शीर्षकको खोजपरक, वस्तुतथ्यले युक्त र विवेचनात्मक ग्रन्थ लेखेर समालोचना साहित्यमा योगदान पुऱ्याएका छन्। त्यसका साथै **साझा कविता** (२०२४) र **साझा एकाङ्की** (२०२५) का सम्पादकीय भूमिकाले पनि यिनलाई समालोचक व्यक्तिको परिचय दिएको छ। चन्द्रेश्वर दुवे अनेपाली भए पनि नेपाली साहित्यमा कलम चलाउने व्यक्तित्व हुन् उनका **नेपाली साहित्य एक सर्वेक्षण तेस्रो आयामको शव परीक्षा** (२०३८) र **उर्वशी महाभारतको पृष्ठभूमिमा** (२०३८) शीर्षक पुस्तिकाहरूमा सङ्कलित छन्। गोपीकृष्ण शर्मा पूर्वीय एवं पाश्चात्य साहित्य शास्त्रका मर्मज्ञ हुन्। उनले साहित्यका सवैजस्ता विधाका कृतिहरूबारे समालोचना लेखेका छन्। उनका समालोचनात्मक लेखहरू फुटकर र पुस्तककार दुवै रूपमा प्रकाशित भएका छन्। **नेपाली विविध परिचय** (२०४०) **अवलोकन र विवेचन** (२०४४) र **संस्कृत साहित्यको रूपरेखा** (२०५३) समालोचना सम्बन्धी उनका प्रमुख पुस्तक हुन्। उनी कृतिको विवेचना र विश्लेषण गर्न सिपालु छन्। बासु रिमाल यात्रीको **केही साहित्यिक चिन्तन** (२०३२) शीर्षकको विवरण प्रधान समालोचनाको पुस्तक प्रकाशित भएको पाइन्छ। यसका अतिरिक्त फुटकर रूपमा पनि उनका केही समालोचनात्मक लेख रचनाहरू प्रकाशित भएका छन्। कुमार बहादुर जोशीको नेपाली समालोचनामा राम्रो योगदान छ। उनका **पाश्चात्य साहित्यका केहीबाद** (२०३८) नामक पाश्चात्य साहित्य शास्त्र सम्बन्धी सैद्धान्तिक समालोचनाको पुस्तकका साथै **चार अमर कविका पाँच काव्यकृति** (२०२५) **महाकवि देवकोटा र उनका महाकाव्य** (२०३९) **विकीर्ण चिन्तन** (२०३३) **कविता चर्चा** (२०४०) **देवकोटाको कविता यात्राको विश्लेषण र मूल्याङ्कन विधावारिधि शोधप्रवन्ध** (२०४७) र **देवकोटाका कविताको कालक्रमिक विवेचना** (२०४९) शीर्षक हरूमा व्यवहारिक समालोचना सित सम्बन्धीत पुस्तकहरू पनि प्रकाशित भएका छन् (कँडेल : द)।

रामलाल अधिकारीका **नेपाली विविधयात्रा** (२०६२) र **नेपाली एकाङ्की यात्रा** (२०३४) नामक दुई पुस्तक समालोचना सम्बन्धी प्रकाशित छन्। मुरारिप्रसाद रेग्मीको मनोविश्लेषणात्मक अनुसन्धानात्मक

समालोचना (कथा खण्ड २०६८) **मनोविश्लेषणात्मक समालोचना** (उपन्यास खण्ड, २०४०) **मनोविश्लेषणात्मक समालोचना** (२०५३) प्रकाशित छ। अभिसुवेदीले पाश्चात्य साहित्य र साहित्यशास्त्रको गहन अध्ययनलाई विकसित आफ्नो समालोचनात्मक दृष्टिलाई नेपाली साहित्यको विवेचना विश्लेषण गरी नेपाली समालोचनामा उल्लेखीय योगदान गरेका छन्। उनका **पाश्चात्य काव्य सिद्धान्त** (२०३०) र **सिर्जना र मूल्याङ्कन** (२०३८) शीर्षकका समालोचनात्मक लेखहरूको सङ्कलन पनि प्रकाशित छ। घटराज भट्टराईका समालोचनात्मक लेखहरूको संङ्कलनका रूपमा पुस्तक पुस्तिकाहरू प्रकाशित भएका छन्। उनका समालोचना मूलतः जीवनीपरक र अन्वेषक छन्। भट्टराईका समालोचनामा कवि लेखकका जीवनी र कृतित्व बारे परिचय दिने नेपाली साहित्य सम्बन्धी दुर्लभ कार्यको खोजी गरेको भेटिन्छ। घनश्याम कँडेल पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्तका मूलभूत प्रवृत्तिहरू सित राम्ररी परिचित समालोचक हुन्। उनका सैद्धान्तिक र व्यवहारिक प्रकृतिका समालोचना प्रकाशित छन्। कँडेलका समालोचनामा वस्तुवादी यथार्थवादी दृष्टिकोण पाइन्छ। उनका **केही अन्वेषण केही विश्लेषण** (२०४०) र **पाश्चात्य यथार्थवादी नाटक** (२०४६) शीर्षकहरूमा समालोचनाका दुई पुस्तकहरू प्रकाशित भएका छन्। साथै फुटकर समालोचनाहरू पनि प्रकाशित भएका छन्। राजेन्द्र सुवदीले **विषय गहन र सतही चिन्तन** (२०३८) **स्रष्टा सृष्टि द्रष्टा दृष्टि** (२०४२) **केही समीक्षण केही विश्लेषण** (२०४९) **सृजना विधाका परिधिमा पारिजात** (२०५३) **सृजना विद्याका परिधि भित्र ध्रवचन्द्र गौतम** (२०५३) र **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) प्रकाशित गरेका छन्। उनी ज्यादै परिश्रमी र छिटो कलम चलाउन सक्ने समालोचक हुन्। नरेन्द्र चापागाईका **उपन्यास शिल्प** (२०३३) **केही कृति : केही प्रतिकृति** (२०३८) जस्ता समालोचनाका पुस्तकहरू प्रकाशित भएका छन्। हीरामणी शर्मा पौडेल प्रगतिवादी दृष्टि भएका समालोचक हुन्। उनका समालोचनात्मक लेखहरू **समालोचनाको बाटोमा** (२०४१) **परिक्रमा** (२०४४) र **रचना विवेचना** (२०४६) जस्ता पुस्तकमा सङ्लित पाइन्छन्। कृष्ण गौतम पूर्वीय साहित्यशास्त्रका साथै पाश्चात्य साहित्यशास्त्रका मर्मज्ञ विद्वान देखापरेका छन्। उनका देवकोटाका **प्रबन्धकाव्य** (२०३८) र आधुनिक आलेचना **अनेक रूप अनेक पठन** (२०५०) शीर्षक समालोचनाका पुस्तकहरू प्रकाशित छन्। रविलाल अधिकारी स्पष्ट प्रगतिवादी दृष्टि भएका समालोचक हुन्। उनका समालोचनात्मक लेखहरू **नेपाली प्रगतिवादी कविता** (२०४४) **अनुभव र आँखाहरू** (२०४६) **प्रगतिवादी दृष्टिमा यौन सम्बन्ध र सांस्कृतिक चिन्तन** (२०४७) र **नेपाली समालोचनाको रूपरेखा** (२०५१) शीर्षक पुस्कहरूमा सङ्कलित छन्। ऋषिराज बराल उदीयमान

प्रगतिवादी समालोचक हुन । उनी मार्क्सवादी सैद्धान्तिक मान्यतालाई ज्यादै मान्यता दिने र त्यसलाई जस्ताको तस्तै अनुकरण गर्ने समालोचक हुन् । उनका **प्रगतिबाद र नेपाली उपन्यास** (२०४०) **प्रगतिवाद** (२०४९) र **मार्क्सवाद र उत्तरआधुनिकतावाद** (२०४३) शीर्षक समालोचना पुस्तकहरू प्रकाशित छन् ।

उपर्युक्त समालोचकहरूका अतिरिक्त पनि पुराना तथा नवोदित प्रभावशाली समालोचकहरूका समालोचनाले यस चरणमा आधुनिक नेपाली समलोचनाका विकासमा उल्लेखनीय सहयोग गर्दै आएका छन् । त्यस्ता समालोचकहरूमा चूडामणि रेग्मी, गणेश भण्डारी, मोदनाथ प्रश्रित, रघु घिमिरे मोहन सिटौला, रामदयाल राकेश, माधव पोखेल, महादेव अवस्थी, देवी गौतम लगायत रहेका छन् ।

यस चरणमा नेपाली समालोचना पहिलेको भन्दा अझ विकसित र विविधरूपमा झाङ्गिएको पाइन्छ । प्रगतिवादी समालोचनाको विकास यसै चरणमा भएको पाइन्छ । मनोविज्ञानपरक समालोचनाको विकास पनि यस चरणमा भएको पाइन्छ । साथै पर्याप्त मात्रामा सोधपरक समालोचना पद्धति पनि यसै चरणमा भएको पाइन्छ । यस समयमा बहुलवादी समालोचना पद्धति पनि चर्चामा आएको छ । फल स्वरूप परम्परागत प्रभाववादी समालोचना पद्धति गौण बनेको र विश्लेषण एवं मूल्याङ्कनपरक पद्धतिले बढी महत्व पाएको देखिन्छ । यस समयमा कृति प्रतिको भावुक र प्रतिक्रिया नभइ इमान्दारीपूर्वक गरिने बौद्धिक क्रियाकलाप हो भन्ने मान्यता पनि स्वीकार गरिएको छ । यसै चरणमा समालोचना क्षेत्रमा उदाएका समालोचक हुन् कुल प्रसाद कोइराला, उनका समालोचनात्मक ग्रन्थहरूमा माधवी माथिको अन्तर्दृष्टि (२०६३ असोज) काव्यिक परिभ्रमण (२०६२), सृष्टिमाथिको दृष्टि (२०६२), धरणीधर परिक्रमा (२०६३ भाद्र), माधवीमाथिको अन्तर्दृष्टि (२०६३), नेपाली भाषा साहित्यमा सिन्धुली जिल्लाको योगदान (२०६३ चैत्र ३०), नेपाली र साहित्य र गोर्खाली स्रष्टाहरू (२०६६ भदौ), गरी ६ वटा पुस्तकार समालोचना सङ्ग्रहहरू प्रकाशित भएका छन् ।

यस चरणको समालोचना दुई कालखण्डमा विभाजित गरेर हेर्न सकिन्छ । २०२५ सालदेखि २०४६ सालसम्मको अवधिसम्म पूर्व कालखण्ड र २०४६ साल देखिको हालसम्मको अवधिलाई उत्तरकाल खण्ड यसरी नेपाली समालोचनाको विकासक्रमलाई चतुर्थ चरणमा दुई कालखण्डमा विभाजन गरी समालोचनाको अध्ययन गर्नु पर्ने आवश्यकता पनि टड्कारो रूपमा देखिन्छ । किनकी यस चरणको समयावधि लामो भएकोले यसमा अध्ययन गर्दा विभिन्न समयमा विभिन्न वैचारिक समालोचनाका विभिन्न आयामहरू देखापरेकाले यस चरणमा काल विभाजन गरी अध्ययन गर्दा समालोचना साहित्यको अध्ययनमा स्पष्टता आउने देखिन्छ ।

*अध्याय : तीन*

# कुलप्रसाद कोइरालाको समालोचनात्मक कृतिहरूको अध्ययन

## ३.१ सङ्क्षिप्त परिचय

समालोचक कुल प्रसाद कोइरालाको जन्म वि.सं. २०१२ जेठ २० गते सगरमाथा अञ्चलको ओलढुङ्गा जिल्ला पर्ने रातमाटे पुरानो गाउँमा पिता प. फणीन्द्रनाथ कोइराला र माता नन्द कुमारी कोइरालाका प्रथम पुत्रको रूपमा भएको हो । कोइरालाका ६ जना दाजुभाइ र दुई वटी दिदी बहिनीहरू छन् ।

कुल प्रसाद कोइरालाको परिवार शिक्षित परिवार भित्र पर्दछ र उनको परिवार बसाइँसराई गरी उदयपुर जिल्लामा पुगको पाइन्छ र त्यहाँबाट जनकपुर धाम स्थित ज्ञानकुपमा औपचारिक शिक्षा प्रारम्भ गरेको देखिन्छ । उहाँले प्रवेशिका परीक्षा वि.सं. २०३० मा उत्तीर्ण गरेपछि याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ महोत्तरीबाट प्रविणता प्रमाण पत्र तह वि.सं. २०३२ मा उत्तीर्ण गरे र स्नातक तह पनि त्यसै विद्यापीठबाट उत्तीर्ण वि.सं २०३४ मा उत्तीर्ण गरेर थप अध्ययनको लागि काठमाण्डौ आई वाल्मीकि विद्यापीठमा आचार्य तहमा र त्रिभुवन विश्वविद्यालयबाट एम.ए. तहमा अध्ययन प्रारम्भ गरेको देखिन्छ । अध्ययन गर्ने क्रममा उनको वाल्मीकि विद्यार्थीमा अध्ययन आचार्य तहको अध्ययन पुरा हुन सकेन तर पनि नेपाली विषय लिइ एम.ए. तह भने २०३७ सालमा पुरा गरेको देखिन्छ ।

कोइरालाले २०३८ सालबाट शिक्षण कार्य प्रारम्भ गरे । त्यसपछि अनावरत शिक्षण कार्यमा लागि परेका कोइरालाले रा.रा.ब. क्याम्पस  जनकपुरमा १० वर्ष प्राध्यापन गर्नु भई केहीसमय गोर्खा जिल्लाको गोरखा क्याम्पसमा गई क्याम्पस प्रमुखको जिम्मेवारी समेत वहन गर्नु भएको देखिन्छ । तत्पश्चात हाल रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौंमा प्राध्यापक पदमा बहाल रही प्राध्यपन गर्दै आएका छन् । उनले यस क्याम्पसमा सेवारत रहेकै अवस्थामा नेपाली र मैथिली भाषामा प्रचलित उखानहरूको तुलनात्मक अध्ययन शीर्षकमा विद्यावारिधि समेत गरी सकेका छन् (पराजुली, २०६८ : ४२) ।

कुलप्रसाद कोइरालाले साहित्य सृजना तर्फ प्रारम्भ गर्दा शुरुमा लुक प्रसादको नामबाट साहित्यिक क्रियाकलाप गरेको देखिन्छ किनकी जुन बेलामा निरंकुश पञ्चायती व्यवस्थाको कारणले गर्दा आफ्नो नाम लुकाई छद्म नामकबाट साहित्यिक लेखन गर्नु भएको हो । (कोइरालासँगको अन्तर्वार्ता)

कोइरालाको साहित्य सृजन गर्ने चाहना हुँदा हुँदै प्राध्यापन पेशामा आवृद्ध हुनाले गर्दा विभिन्न साहित्यिक ग्रन्थको अध्ययन पछि उहाँमा स्रष्टा व्यक्तित्व भन्दा द्रष्टा व्यक्तित्व हावी भएको उनी बताउँछन् । कुनै पनि विषयमा अभिव्यक्ति दिनु पर्दा त्यसको सम्पूर्णता देखि नै वोल्न सक्ने खुबीका धनी कोइरालाले विभिन्न ग्रन्थहरू पनि सम्पादन गरेका छन् । त्यसका साथसाथै राजनीतिक रूपमा पनि क्रियाशील छन् । उहाँ त्रिभुवन विश्वविद्यालय अन्तर्गतका प्रजातन्त्रवादी प्राध्यपकहरूको केन्द्रिय सभापति भएको देखिन्छ । हाल उनी काठमाडौं स्थित पुरानोबानेश्वर गुराँसटोलमा श्रीमती रमा कोइराला र छोराहरूका साथमा  निवासमा रहनु भएको देखिन्छ । निरन्तर साहित्यका विभिन्न विधा उपविधाहरूमा कलम चलाई बस्ने कोइराला कुनै पनि ग्रन्थको समालोचना गर्दा बारम्बार अध्ययपछि मात्र त्यसको बोध गरी अलोचना गर्नु पर्ने बताउनु हुन्छ (शोधनायकसँग अन्तर्वार्ता) ।

कोइरालाका विचारमा समालोचक विद्वान् र अध्ययन शिल हुनुपर्छ र अध्ययनबाट आएको निष्कर्ष निर्धक्क राख्नुपर्दछ भन्ने विचारमा दृढ हुनुहुन्छ । उहाको विचारमा पूर्वीय र पश्चिमी साहित्यिक मानदण्डलाई अध्ययन गरी त्यसैका आधारमा कृतिको मूल्याङ्कन गरिनुपर्दछ भन्ने आशय उहाँको देखिन्छ ।

## ३.२ कुलप्रसाद कोइरालाको नेपाली समालोचनामा आगमन

कुलप्रसाद कोइरालाको समालोचना लेखनको प्रारम्भ समालोचक कुलप्रसाद कोइराला वर्तमान समयका उल्लेखनीय समालोचक  हुन् । उनको समालोचना एकपछि अर्को गर्दै निरन्तर समालोचना सम्बन्धी कृतिहरू प्रकाशित भएको पाइन्छ । उनको समालोचना यात्राबारे दृष्टि दिनु पर्दा उनको समालोचना लेखनको प्रस्थान बिन्दु (२०३७) लाई आधार मानेर वर्तमान समयसम्मको चर्चा गर्नुपर्ने हुन्छ । र वर्तमान समयमा उनी सशक्त ढंगले समालोचना लेखनमा प्रस्तुत भएका छन् र उनको समालोचना यात्राले तीन दशकको समय पार गरिसकेको छ । यस अवधिमा उनले कहिले कहिले के कस्ता विषयमा समालोचनाहरूको सृजना गरे भन्ने कुरालाई हेर्दा उनको समालोचना यात्रालाई तीन चरणमा छुट्याएर हेर्नुपर्ने देखिन्छ ।

### ३.२.१ प्रथम चरण

कुलप्रसाद कोइरालाले २०३७ सालमा रैबारेमा प्रकाशित नेपाली उखान एक पर्यवेक्षक शीर्षकमा समालोचना उनको समालोचना लेखनको प्रस्थान विन्दु हो (पराजुली, २०६६ : ४४) । त्यसपछि उनले २०४० मा **हाम्रो पुरुषार्थ** वार्षिक मुखपत्रमा विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक शिल्पक विधि नामक समालोचना प्रकाशित भएको देखिन्छ। प्रथम चरणमा उनका यिनै दुइवटा समालोचका प्रकाशित देखिन्छन्। यी समालोचनामा उनको अभ्यास झुल्किएको पाइन्छ भने उनको पहिलो समालोचनाले आत्मपरकता र प्रभावप्रकताले बढी प्रभुत्व जमाएका छन्। उनको पहिलो समालोचनामा उखानलाई अभिधेयार्थमा नभई लक्ष्यार्थमा हेर्नुपर्ने बताउँदै केही नेपाली उखानको रुची प्रस्तुत गरी तिनको लक्ष्यार्थ बताउने काम गरेका छन् र पछिल्लो रचनामा तीन घुम्ती, नरेन्द्र दाई र सुम्निमा उपन्यासका आधारमा विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासकलाको विषयमा लेखेका छन् । उनले त्यस लेखमा मुख्यतः यौन मनोविश्लेषणसँग सम्बद्ध कुरालाई पात्रीय चरित्रसँग जोड्न खोजिएको छ। उनका रचनाहरूमा आत्मपरक निबन्धको ढाँचा तर्फ बढी उन्मुख भएकाले कोइरालाको यस चरणलाई अभयासिक चरणमा मानेर हेर्दा अत्युक्ति नहोला। यति भएर पनि प्रभावपरकताभित्र पनि निर्णयात्मकताको गन्ध देखिनु र भाषिक प्रवाह उत्पन्न गर्ने शब्द र शब्दावलीहरूको चयन हुनु यस अभ्यासिक चरणको कोइरालको विशिष्टता हो ।

यस चरणमा कोइरालाका समालोचना दुईवटा मात्र देखिएकाले यस चरणका समालोचनामा सङ्ख्यात्मक न्यूनता देखिन्छ भने त्यसपछिका डेढ दशकको अवधिमा उनका समालोचनात्मक लेखहरू लेखिएका देखिँदैनन्  यसको तात्पर्य उनको लेखनमा  शिथिलता आएको नभई यस अवधिमा उनको लेख विचार प्रवाह गर्ने दिशातर्फ अभिमुख भएको देखिन्छ भने यस समयमा उनका दर्जन जति समसामयिक चिन्तन मूलक लेखहरू प्रकाशित भएका पाइन्छन्। त्यसो हुनाले उनको लेखनीले कृति विश्लेषणको कित्तालाई थाती राखेर समसामयिक विचार विश्लेषणको कित्तामा आफूलाई उभ्याउन पुगेको मान्नुपर्ने हुन्छ। वि.सं. २०५५ देखि फेरि उनले समालोचना साहित्य तीर हिडेको देखिन्छ ।

३.२.२ द्वितीय चरण

कुलप्रसाद कोइरालाको समालोचना यात्राको द्वितीय चरण २०५५ देखि शुरु हुन्छ। पन्ध्र वर्ष पछि उनी फेरि यस क्षेत्रमा जागृत हुन पुगेको देखिन्छ। त्यस बीचको पन्ध्र वर्षमा उनले २०५५ सम्मको अवधि भित्रमा आफ्नो विद्यावारिधि शोधकार्यमा बिताएकाले पनि त्यो अवधिमा नदेखिएको पाइन्छ भने त्यसपछि २०५५ देखि समर्पित भई यसै क्षेत्रमा सक्रियताका साथ लागेको पाइन्छ। उनको यस चरणमा २०५५ - २०६१ सम्म जम्मा सात वर्षको अवधिमा उनले तीन पुरस्तकाकार कृतिको सम्पादनका साथै आधा दर्जन भन्दा बढी फुटकर समालोचनाहरू प्रकाशित गरेका छन्। यस चरणका सम्पादित पुस्तकहरू यस प्रकार छन् -

- प्राध्यापक वासुदेव चन्द्र मल्ल स्मृति ग्रन्ध (२०५५)
- भीमसेन थापा (महाकाव्य - (२०५९)
- विक्रम (पद्य नाटक - (२०६०)

उपर्युक्त यी तीन कृतिमध्ये पहिलो साहित्येत्तर क्षेत्रका प्रतिभाको समग्र जीवनीमा आधारित कृति हो भने पछिल्ला दुई कृतिहरू साहित्यको कविता र नाटक विद्यासँग सम्बन्धीत छन्। वासुदेवचन्द्र मल्ल स्मृति ग्रन्थ लेख्दा साहित्यिक विद्याभन्दा बाहिरको कृति भएपनि यसको सम्पादनमा कोइरालाले सम्पादनका आधारभूत कुराहरूको पालना गरेका छन्। उक्त ग्रन्थको सम्पादनमा मल्लको जीवनी व्यक्तित्व र योगदानको चर्चाका साथै सङ्कलित सामग्रीहरूको तह क्षेत्र समेत निर्धारण गरेर ती सामग्रीहरूका बारेमा संक्षिप्त दृष्टिकोण अघि सारेका छन्। पछिल्ला दुई सम्पादित कृतिहरूमध्ये पहिलो भिमसेन थापा कृतिको सम्पादन गर्दा कविताको विधागत सिद्धान्तबारे चर्चा गर्दै त्यसमा महाकाव्यको स्थान औंल्याएर त्यसका सापेक्ष्यमा सम्पादित कृतिको विश्लेषण गरिएको छ। त्यसैगरी उनको विक्रम पद्यनाटकको सम्पादन गर्दा त्यसलाई नाट्य सिद्धान्तको जगमा राखेर नियाल्ने काम भएको छ। यसबाट के स्पष्ट हुन्छ भने यसचरणका कोइरालाका विधा सिद्धान्तप्रति सचेत रहेर त्यसका आधारभूत मूल्य र मान्यताका कसिमा कृति विश्लेषण गर्ने पद्धतिले प्रवेश पाएको देखिन्छ।

दोश्रो चरणका कोइरालाले उपर्युक्त सम्पादित कृतिहरूको अतिरिक्त करिव दर्जन जतिका हाराहारीमा विभिन्न व्यक्ति विषय र क्षेत्रसँग सम्बन्धीत फुटकर समालोचनाहरू प्रस्तुत गरेका छन्। ती रचनाहरू यस प्रकार रहेका छन् -

- नेपाली उखान टुक्काको वर्णानुक्रमसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादिको कोष १९९८ एक अध्ययन (२०५८)
- राम्रो 'म' का तरङ्गमा तरङ्गिंदै (उन्मेष २०५८)
- दम्पती खण्डकाव्यः एक अध्ययन (गोविन्द शर्मा विमल, विशेषाङ्क (२०५९)
- नागदहको स्थिति भित्रको नैबन्धिक स्थितिः एक अवलोकन (उन्नेषः २०६०)
- सीतायन महाकाव्यमाथि केही प्रश्न (र.रा. क्या. जर्नल २०६०)
- लाटो साथीको जलानलाई नियाल्दा (डा. विष्णुराज आत्रेयः स्रष्टा र सिर्जनाका विविध आयाम २०६१)
- गोठाले र कोइरालाको औपन्यासिक कला (तन्नेरी २०६१)
- खण्डकाव्य सिद्धान्तका आधारमा सृजामाता  खण्डकाव्यको संक्षिप्त परिचय (उन्वेष २०६१)
- प्रयोगै प्रयोगको महाख्यान :सेतो ख्याकको आख्यान (र.रा. क्य जर्नल २०६१)
- महान् साधक तुलसी मेहरका गीत गजल कविताको सर्वेक्षण (तुलसीमेहर स्मृतिग्रन्थ २०६१) ( पराजुली, पूर्ववत् : ४५)

उपयुक्त सम्पादित कृति र फुटकर समालोचना भित्रका  कोइरालाका समालोचना कला राम्ररी खारिएको देखिन्छ भने यस चरणमा उनका समालोचनाहरू बौद्धिक र अर्कातिर समालोचनाको सैद्धान्तिक र व्यवहारिक दुवै पाटालाई सँगसँगै हिँडाउने प्रयत्न गरेका छन् । आख्यान र गैरे आख्यान दुवै तर्फका रचनाहरूको विश्लेषण गर्दा उनले तत् तत् सिद्धान्तका कसीमा घोटेर रस निचोर्ने प्रयास गरेका छन् । साथ साथै कृतिको सान्दर्भिकताआई पहिचान गर्ने खुबी देखाएका छन् ।

कुल प्रसाद कोइरालाको दोश्रो चरणका समालोचनाहरू विषय एवं विधागत विविधता बोकेर प्रकट भएका छन् । उपन्यास कविता निबन्ध जस्ता विद्यागत मूल्य बोकेका कृतिहरूका अतिरिक्त उखान टुक्का जस्ता भाषा शास्त्रीय एवं कोश वैज्ञानिक आखाले मात्र साहित्यिको अधययन गर्न सकिने विषयलाई पनि उनले आफ्ना अध्ययनको सामग्री बनाएका छन् । अर्को तर्फ यस चरणमा उनी प्रभाव परक नभई वस्तुवादी ढङ्गबाट समालोचना गर्ने व्यक्तिका रूपमा प्रकट भएका छन् । भाषिक दृष्टिले पनि यस चरणमा प्रथम चरणको भन्दा अझैं परिष्कार र विद्वतापूर्ण देखिन्छ ।

### ३.२.३ तेस्रो चरण

कुलप्रसाद कोइरालाका २०६२ साल पछिका समालोचनामा नवीनता देखिन्छ, त्यस चरणमा आएपछि मूल्यगत प्रस्तुतिकरणका हिसाबबाट हेर्दा तात्विक फरक नदेखिएतापनि एक पछि अर्को गर्दै कृति प्रकाशित गरिनु र दोश्रो चरणका रचनामा गरिएका प्रवृत्तिहरूलाई फराकिलो बनाउनु यस चरणको नवीनताको सूत्रपात भएको देखिन्छ। यस चरणका अहिले सम्मका प्रकाशित उनका कृतिहरू निम्न छन् ।

- काव्यिक परिभ्रमण (२०६२ माघ)
- सृष्टिमाथिको दृष्टि (२०६२ माघ)
- धरणीधर परिक्रमा (२०६३ भाद्र)
- माधवी माथिको अन्तर्दृष्टि (२०६३ असोज)
- नेपाली भाषा साहित्यमा सिन्धुली जिल्लाको योगदान (२०६३ चैत)
- नेपाली साहित्य र गोर्खाली स्रष्टाहरू (२०६३ भदौ) उल्लेखित कृतिमध्ये शुरुका दुई कृतिहरू विभिन्न समयमा लेखिएका समालोचनाहरूको सङ्गालोहरू मध्ये काव्यिक परिभ्रमणमा दोश्रो चरणमा आएका चारवटा समालोचनाहरूलाई पनि समावेश गरिएको र सृष्टिमाथिको अन्तर्दृष्टिमा सोही चरणका पाँचवटा समालोचनाहरू समेत सम्बद्ध रहेका छन्। यसै गरी काव्यिक परिभ्रमणभित्र १२ वटा समालोचना सङ्कलित छन् । र त्यसमा काव्य, कविता, विषयक रचनाहरू मात्र रहेका छन् । सृष्टिमाथिको अन्तदृष्टिमा भने १५ वटा समालोचनाहरू समेटिएका छन् । ती समालोचनाहरू मध्ये अधिकांश आख्यानलाई कृतिकेन्द्री (उपन्यास) सम्बद्ध रहेका छन् । त्यसैगरी धरणीधर परिक्रमा एउटै व्यक्तिको जीवनी व्यक्तित्व र कृतित्वको पक्षसँग केन्द्रित छ । त्यसैले यो व्यक्तिपरक वा जीवनपरक रचना हो । माधवी माथिको अन्तर्दृष्टि चाहिँ कृतिपरक विश्लेषण गरिएको रचना हो । यसमा मदनमणि दीक्षितको माधवी नामक विशालकाय उपन्यास माथि विश्लेषण गरिएको छ । र अर्को दुई समालोचनात्मक नेपाली भाषा साहित्यमा सिन्धुली जिल्लाको योगदान नामक कृति कार्यपत्रका रूपमा प्रस्तुत गरिएको छ र सिन्धुली जिल्लाका साहित्यकारहरूको ऐतिहासिक विवरण दिने हिसाबले प्रस्तुत भएको छ भने अर्को नेपाली साहित्य र गोर्खाली स्रष्टाहरूमा गोर्खाली साहित्यकारहरूको जीवनी व्यक्तित्व र कृतित्वको सर्वेक्षण गरेका छन् ।

## ३.३ कुलप्रसाद कोइरालाका समालोचनाको वर्गीकरण

कुलप्रसाद कोइरालाको समालोचना यात्रा तिन दशक पूरा गरिसकेको छ। कोइरालाले विभिन्न फुटकर समालोचनाहरूका साथै फुटकर समालोचनाहरूको सङ्ग्रहका रूपमा आएका दुइवटा, व्यक्ति जीवनीमा एउटा कृतिपरक एउटा तथा ऐतिहासिक सर्वेक्षणमा आधारित दुईवटा गरी जम्मा ६ वटा पुस्तकका कृति नेपाली समालोचना जगत्लाई प्रदान गरी सकेका छन्। अर्थात् नेपाली समालोचना भण्डारमा वृद्धि गरेका छन्। उनका समालोचनाहरू एउटै विषय र एउटै विद्या एउटै क्षेत्रसँग सम्बद्ध नभई विविधता पनि पाइन्छ र कतिपय समालोचनाहरू एउटै स्वरूपका जस्ता देखिए पनि तिनमा कुनै न कुनै भिन्नता पाउन सकिन्छ। यस आधारमा हेर्दा उनका समालोचनालाई निम्न किसिमले वर्गीकरण गर्न सकिन्छ -

<table>
<tr><td rowspan="3">काव्य विषयक</td><td>फुटकर कविता</td><td>१. केही कवि केही कविताभित्र रुमलिँदा<br>२. नयाँ युगका कविताका कविहरूको अध्ययन</td></tr>
<tr><td>खण्डकाव्य</td><td>१. ऋतुविचारका विम्बको अध्ययन<br>२. खण्डकाव्य सिद्धान्तका आधारमा सृजनामा<br>३. पापीनी आमाका सम्बन्धमा तीन कुरा<br>४. दम्पति खण्डकाव्य एक अध्ययन खण्डकाव्यको संक्षिप्त परिचय<br>५. आत्मघातिनी एक विहङ्गावलोकन</td></tr>
<tr><td>महाकाव्य</td><td>१. नैनी महाकाव्यः विहङ्गावलोकन<br>२. अन्त्यारम्भ सम्बन्धी केही कुरा<br>३. सीता यन महाकाव्य माथि केही प्रश्न</td></tr>
</table>

| | | |
|---|---|---|
| आख्यान विषय | उपन्यास | १. प्रयोगै प्रयोगको महाख्यान, सेतोख्याकको आख्यान |
| | | २. उपन्यासकार दौलत विक्रम विष्ट र बिग्रिएको बाटो |
| | | ३. संसारै समेट्दा पनि रित्तो उपन्यासः ज्योती ज्योति महाज्योति |
| | | ४. विश्वेश्वर प्रसाद कोइरालाको औपन्याद्धि शिल्प र प्रविधिक |
| | | ५. नियतिको अन्तद्वर्न्द्वमा बाबुआमा र छोरा |
| | | ६. गोठालो र कोइरालाको औपन्यासिक कला |
| | | ७. उपजीव्य भित्रको उपजीव्य कृतिः योजनागन्धा |
| | | ८. माधवी माथिको अन्तर्दृष्टि |
| | कथा | ९. नानीबाबु बालयौन मनोवैज्ञानिकको प्रस्तुति |
| | निबन्ध | १. लाटो साथीको ‘जलान’ लाई नियाल्दा |
| | | २. नागदहको स्थितिभित्रको नैवन्धिक रीति |
| | | ३. राम्रो म का तरङ्गमा तरङ्गीदै |
| | विविध | १. महान् साधक तुलसी मेहका गीत गजल र कविताको सर्वेक्षण |
| | | २. गीत सिर्जनाभित्रको वस्तुजगत्: एक अवलोकन |
| | | ३. उखानको आन्तरिक संरचना |
| | | ४. नेपाली र मैथिलीका उखानमा प्रतिविम्बित सामाजिक चित्र |
| | | ५. उखानको उद्भव |
| | | ६. विश्वेश्वर प्रसाद कोइरालाको योगदान स्थानाङ्कन र मूल्यांकन |
| | | ७. धरणीधर परिक्रमा |
| | | ८. नेपाली भाषा साहित्यमा सिन्धुली जील्लाको योगदान |
| | | ९. नेपाली साहित्य र गोर्खाली स्रष्टाहरू |
| | | १०. नेपाली उखान टुक्का र वर्णानुक्रममानुसारी |

## ३.४ कोइरालाका समालोचनात्मक कृतिको अध्ययन

### ३.४.१ काव्यिक परिभ्रमण

कुलप्रसाद कोइरालाले प्रथम पटक प्रकाशित समालोचनात्मक कृतिको नाम काव्यिक परिभ्रमण ( २०६२) हो, यस कृतिको २०६२ माघको श्रीपञ्चमीका अवसरमा प्रकाशित भएको पाइन्छ (कोइराला, २०६२ : २) कोइरालाले यसको भूमिकामा भनेका छन् । यस सङ्ग्रहमा सङ्कलित समीक्षाहरू पूर्व र पश्चिम दुवैतिरका काव्यस्वादका पद्धतिको आ - आफ्नै चासो परम्परा रहि आएको छ । यस सङ्ग्रहमा सङ्कलित समीक्षाहरू तिनै स्थापित पद्धतिकै अनुसरण र स्वीकृतिमा रहेका छन् (कोइराला, भूमिका) यसरी नेपाली समालोचनालाई पूर्वीय एवं पाश्चातय दुवैको अनुसरण गर्ने रामकृष्ण शर्मा यदुनाथ खनाल र वासुदेव त्रिपाठी र केशव प्रसाद उपाध्याय लगायतले बनाएको गोरेटोमा नै नेपाली समालोचना हिडेको भन्दै आफूले त्यसै अनुरूपको मार्गलाई पहिल्याएको भन्ने उद्घोष गरेका छन् यस समालोचना सङ्ग्रहभित्र १२ वटा समालोचनाहरू सङ्कलित छन् । जसमा केही विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका र केही यसै सङ्ग्रहमा प्रथम पटक प्रकाशित भएका छन् । जसलाई कुलचन्द्र कोइराला स्मृति प्रकाशनले प्रकाशन गरेको छ ।

काव्यिक परिभ्रमणमा विशेषरूपमा महाकाव्य, खण्डकाव्य, फुटकर कविताहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन गरेका छन् ।

### ३.४.२ नैनी महाकाव्य विहङ्गावलोकनको विश्लेषण

कुलप्रसाद कोइरालाले समालोचना गरेको काव्यिक परिभ्रमण समालोचना सङ्ग्रहको पहिलो शीर्षकमा नैनी महाकाव्यको समालोचना गरेको छ, प्रस्तुत नैनी महाकाव्यका रचनाकार नेपाली कथा उपन्यास र पत्रकारिताका क्षेत्रमा रहेका तारिणी प्रसाद कोइराला हुन् । यस महाकाव्यलाई पूर्वीय महाकाव्य सिद्धान्तमा राखेर तुलना गरिएको छ । यस भित्रका कथावस्तु पनि जहाँनिया राणाशासनको समयका कथावस्तु यसमा उनिएको पाइन्छ र त्यसैगरि संस्कृतका कालिदासको शाकुन्तलाको झैं प्रेम प्रवर्द्धन प्रसङ्ग र नायिकाको सौन्दर्यवर्णनमा समानान्तर किसिमले तारिणीप्रसाद कोइराला नजिक रहेको जिकीर गरेर कालिदासको महाकाव्यसँग तुलना गरेका छन् र समाज चित्रणमा देवकोटाको शाकुन्तल महाकाव्यसँग तुलना गरेका छन् । शाकुन्तल र रघुवंशको गहिरो प्रभावमा परेको आभास मिल्ने धेरै

श्लोक भेट्न सकिन्छ (कोइराला : ५) ।

नेपाली महाकाव्य परम्परामा देखापरेका महाकाव्यहरूमध्ये देवकोटाको शाकुन्तल पौराणिक उपजीव्याश्रित र प्रकृति चित्रणको दृष्टिले अप्रतिस्पर्धि रहेको छ, भने समाज चित्रणका दृष्टिले नैनी आजसम्मका नेपाली महाकाव्य परम्परामा निकै सबल छ । (कोइराला : ६) यसरी तारिणी प्रसादको पूर्वीय महाकाव्य परम्पराको नैनीमा मंगलाचरण, पुरुषार्थ चतुष्टय आदिका पालना भने गरेका छैनन् तर कथावस्तु र प्रकृति चित्रण र प्रेम प्रणय र छन्द आदिमा भने पूर्वीय काव्य सिद्धान्तको छनक दिएको उल्लेख गरेका छन् ।

### ३.४.३ ‘अत्यारम्भ सम्बन्धी केही कुरा’ को समालोचनाको विश्लेषण

अन्त्यारम्भ कृष्ण प्रसाद भट्टराईद्वारा रचित महाकाव्यको नाम हो, यस महाकाव्यको विषयवस्तुलाई ऋग्वेदको नासदीय सुक्त र पूर्वीय एवं पाश्चात्य दर्शनशास्त्र, नृवंशशास्त्र विकासवादी सिद्धान्त र पाश्चात्य पौणाणिक मिथकीय चूर्णक समेतको सम्मिश्रणमा तयार पारिएको वस्तुले कथा बनाएको छ, पूर्वीय एवं पाश्चात्य सिद्धान्तमा जगतको उत्पत्तिको कारण र विनासको विषयमा जे जति तथ्य फेला परेको छ त्यसैलाई एउटा काव्यिक रङ दिइएको पाइन्छ, यस महाकाव्यमा भनेर कोइरालाले आफ्नो भनाई राख्नु भएको पाइन्छ । कोइरालाले यस महाकाव्यमा भन्दा बढी अन्य धर्म दर्शनको तथ्य फेला पारेर त्यसमाथि तुलना गर्दै प्रचलित धर्महरू हिन्दु, इसाई र मुस्लिम धर्म दर्शनले भनेका विचारहरू पनि राखेर यसमाथि तुलना गरेका छन् । ती धर्ममा सृष्टी ईश्वरले गरेको वर्णन छ भने यस महाकाव्यमा भने सृष्टी परमाणुबाट भएको हो, इलेक्ट्रोनको सङ्ख्या बढ्दै जाँदा भिन्नभिन्न पदार्थहरू बन्दछन् भन्ने वैज्ञानिक धारणा प्रकृतिमा आएको विकारले पुरुषको प्रतिविम्बमा धारण गरेको आकार नै विविधतामा सृष्टि हो भन्ने सङ्ख्यादर्शन, स्फटिक स्वरूप ब्रह्म परिभ्रान्ति विम्ब र मायाको क्रीडा नै विविधतामय सर्जनयज्ञको वास्तविक स्वरूप हो भन्ने बेदान्तवादी दर्शन र मूल विजका रूपमा रहेको हिरन्यगर्भकै स्वच्छिक इच्छाको अभिव्यञ्जना परिणाम यो ब्रह्माण्ड हो भन्ने वैदिकमतका बीचमा खासै असमानता रहेको देखिँदैन (कोइराला : २६) ।

कोइरालाले यस समालोचनामा पूर्वीय सृष्टि चिन्तनको गहिरो अध्ययन गरी अत्यारम्भ माथि टिप्पणी गर्न पुगेका छन् ।

३.४.४ सीतायन महाकाव्यमाथि समालोचनाको विश्लेषण

महाकवि रमेशचन्द्र अधिकारीद्वारा रचित सीतायन एउटा वृहत् महाकाव्य हुन पुगेको छ, यसको प्रथम खण्डदेखि पाँचौखण्ड सम्मको प्रकाशन भैसकेकोले गर्दा यसको १२ खण्ड पनि लेख्न लागेकोले यसमाथि समालोचक कोइरालाले सीतायनको महाकाव्यत्वमाथि केही प्रश्न राखि समालोचना गर्नुभएको छ ।

प्रस्तुत समालोचनामा महाकाव्य सिद्धान्तलाई आधार मानेर महाकाव्य पूर्वीय काव्य सिद्धान्तको विभिन्न भनाईसँग परिचित गराई त्यसमाथि नै टिप्पणी पाइन्छ । भरत भामहदेखि विश्वनाथ सम्मका महाकाव्य लक्षणलाई आधार मानेर सीतायनको महाकाव्यमाथि तुलना गर्दै महाकाव्यमाथि यसप्रकारले टिप्पणी गरेका छन् ।

महाकाव्यको शारीरिक वनावटमा विशेष ध्यान दिएर आन्तरिक पक्षमा त्यति वास्ता गरिएको पाइँदैन । आठभन्दा अधिक संख्या सर्गमा हुनुपर्ने, पहाड नदि रात्री, प्रर्दोष सूर्योदय चन्द्रोदय, पुत्रप्राप्ति विदेश वा बाह्य यात्राका लागि प्रयाण मन्त्र दूतादी प्रेषण जस्ता अनेक कानेक वर्णनको तपसिल खडा गरेर महाकाव्यलाई ठिंगुराउने प्रयत्न पनि नभएको होइन परन्तु कथावस्तु, विन्यासकला भावनाको उत्ताल तरङ्ग र त्यसलाई रसावस्थामा परिणत गराउने चातुर्य अनि युगीन अभीप्सा, राष्ट्रिय र सामाजिक समेट्ने दृष्टिकोण र महान भाषिक सामर्थ्य बिना महाकाव्य लेख्न खोज्नु उत्तर कुमारले कौरब सैन्यबाट गाईको रक्षागरी उत्तराका निमित्त कौरव महारथीका लासका रङ्गीचङ्गी कपडा लगाइदिने वृथा वकवासमात्र हो (कोइराला : ३९) ।

यसरी पश्चिमका काव्य चिन्तक अरस्तुको परिभाषालाई पनि राखेर महाकाव्यको छन्द सम्बन्धी विचलनको बारेमा भनेका छन् । प्रस्तुत पङ्क्तिका रेखाङ्कित पदहरू छन्दका आग्रहमा दीर्घलाई ह्रस्व र ह्रस्वलाई दीर्घ बनाएर पनि काम नचलेपछि कयौंलाई कयौं बनाएर चितुवाले बाखाको घिच्रो निमोठ्दै छन्दका नियमलाई निमोठेका छन् । छन्द सम्बन्धी ख्याल गरिएको छैन (कोइराला : ३९) । यसप्रकारले यस महाकाव्यमा कथावस्तु शृङ्खलाहिन भाषाको उदाहरण दिई ह्रस्वदीर्घ आदिको नियमलाई ख्याल नगरिएको र त्यसको विवरणपनि दिएका छन् । निष्कर्षमा यस महाकाव्यको तिनवटा खण्डलाई आधार बनाई विश्लेषण गरेर यस कृतिले महाकाव्यको संज्ञा प्राप्त गरेपनि महाकाव्यात्मक गुण गरिमाका दृष्टिले निर्बल छ भनेर ठोकुवा गरेका छन् ।

### ३.४.५ ऋतुविचारका विम्बको अध्ययनको विश्लेषण

कवि शिरोमणि लेखनाथ पौड्याल (१९४१) द्वारा रचित ऋतु विचार खण्डकाव्य (१९७६) बाट नेपाली कविताको आधुनिककाल शुरु भएको मानिन्छ । यस खण्डकाव्यमाथि समालोचक कोइरालाले उक्त खण्डकाव्य माथि विम्बको अध्ययन गर्नुभएको छ ।

विम्ब भनेको ऐनामा देखिने रूप, पानीमा पर्ने प्रतिरूप हो । काव्यमा विम्बले विशिष्ट परिवेश खडा गर्दछ, उपमा र दृष्टान्त जस्ता अलङ्कारमा विम्बको राम्रो झलक पाइन्छ । ऋतु विचार खण्ड काव्य माथि समालोचना गर्दा कोइरालाले विम्बमाथि विभिन्न उदाहरण पेश गरेको पाइन्छ । पौराणिक विम्ब, ऐतिहासिक विम्ब, सामाजिक विम्ब ज्ञानविज्ञान सम्बन्धी विम्ब, भाषा साहित्य सम्बन्धी बिम्ब र स्वास्थ्य सम्बन्धी गरी ६ प्रकारका विम्बको अध्ययन गरेका छन् ।

पालुवा पुष्पझैं राम्रा हलुका कपडा कन
पहिरी दुनियाँ लागे बसन्तको सुखा हुन् ।

(पौड्याल, २०३३ : २४) ।

वसन्तका वृक्ष, वनस्पति नवपल्लवले झपक्क बनेका छन् भने यता लोक समाजमा पनि नरनारी पनि रंगीविरंगी पालता मलमले कपडा लगाएर वसन्तसँग रूपसमानताको प्रतिस्पर्धामा लागेका देखिन्छन् । कोइराला : ५४) । यसरी कोइरालाले ऋतु विचारमा सर्वत्र विम्ब देख्न पुगेको पाइन्छ ।

### ३.४.६ खण्डकाव्य सिद्धान्तका आधारमा सृजामाना खण्डकाव्यको विश्लेषण

कोइरालाले महाकविका रूपमा प्रसिद्धि पाएका लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य सृजामातालाई सैद्धान्तिक अध्ययन यस समालोचनामा गरेका छन् । जीवनको कुनै काल, परिवेश र कुनै पात्र विशेषको एउटा समयको खण्डमा आधारित भएर काव्यको मालामा आख्यानलाई उनेर खण्डकाव्य रचिन्छ । कोइरालाले पूर्वीय खण्डकाव्यको ऐतिहासिक र सैद्धान्तिक अध्ययन पछिमात्र स्रजामाता खण्डकाव्यमाथि टिप्पणी गर्नुभएको पाइन्छ । पूर्वका भरत, यामह रुद्रट, आनन्दवर्धन हुँदै खण्डकाव्यको विवेचना गर्ने विम्बनाथको चिन्तनलाई आधार मान्नु भएको छ । र विश्वनाथको भनाइलाई उघृत गर्नु भएको छ,

खण्डकाव्य  महाकाव्य एकदेश/एकांश वा एक कुनै खण्डविशेष जस्तो हुन्छ भनेर चिनाएका छन् ( कोइराला, ६१) ।

देवकोटाको यो खण्डकाव्य विषयलाई ग्रीक पौराणिक कथावस्तुसँग मेल गराएका उदाहरण पनि पाइन्छ। ग्रीक पुराणमा स्रजाकी छोरी प्रोजर्पिना हराउनु र प्लेटोले लैजानु रामका सीताहरणको अवस्थासँग सृजालाई वनमा गरेका छन्। यसबाट कोइरालाले गीक पुराणवर्णित घटनालाई लिएर देवकोटाले यसलाई खण्डकाव्यको रङ दिएका हुन् भनेर औंल्याएको छ। देवकोटाको सृजामाता खण्डकाव्य जीवनको एकांशलाई आधार लिएर प्रवृत्ति चक्रको केही परिवर्तनका साथ नित्य निरन्तर गतिमा स्थिर वृत्तिका रूपमा रहेको गाथा हो (कोइराला, ६४१) । देवकोटाको सृजामाता खण्डकाव्य जीवनको एकांशलाई लिएर प्रकृति चक्रको केही परिवर्तनका साथ रूपान्तर केही ली परिवर्तन चक्रमोपस्थित छ। समयचक्र नक्षत्र गति प्रबन्धी फिर्दछ। नित्य निरन्तर गतिमान स्थिर वृत्तिका रूपमा रहेका गाथा हो भन्ने निष्कर्षमा पुगेका छन्।

### ३.४.७ पापिनी आमाका सम्बन्धमा तीन कुराको विश्लेषण

पापिनी आमा माधव घिमिरेद्वारा रचित खण्डकाव्य हा। यसको रचनाकाल २०१३ मानिएको छ (कोइराला : ६६) । यस खण्डकाव्यलाई पनि समालोचक कोइरालाले आचार्य विश्वनाथकै खण्डकाव्य परिभाषालाई आधार मानेर अध्ययन गर्ने जमर्को गरेका पाइन्छ।

जीवनको खण्डांश प्रस्तुत गर्ने काव्यलाई खण्डकाव्य भनिन्छ (विश्वनाथ, १८६७ : ४२६) । प्रस्तुत खण्डकाव्यको कथावस्तु पनि जीवनको एकांश भित्र नै छ, तर त्यसभित्रको कथा मर्माहित छ र नारी जातिले सामाजिक नीति नियमको कर, डर र लोक लज्जाको कारणबाट गर्नुपरेका कुकर्मको कथालाई काव्यको रूप दिइएका छन्। अन्त्यमा विद्रोही बनेर भएपनि बाँच्ने उद्घोष गर्ने नारी जातिको त्यो अदम्य साहसलाई लियएको त्यस काव्यमाथिको समालोचनामा कोइराला माधवी उपन्यासकी माधवीसँग तुलना गर्न पुगेका छन्। पापीनी आमा खण्डकाव्यकी नायिका र माधवी तुल्य छ। उपकृत गालबबाट आफू बञ्चित भएको आभास पाएपछि उसमा तत्कालीन समाज र प्रचलन र आफ्नोपन अनुकूलको विद्रोहभाव उज्जारण भएको छ (कोइराला, ६८) । यसरी पापीनी आमाको भनाइमा र माधवीको मनोदशालाई लिएर तुलना गर्दै नारी जातिको विद्रोह अति उत्पीडनको ज्वारभाटा हो भन्ने भनाई कोइरालाको रहेको छ। पापीनी आमाको तुलनामा अन्य आख्यान पात्रहरू पनि दर्शाएका छन्। जस्तैः

माइति घरकी सानी र मुलुक बाहिरकी म्याउची झैं एउटी स्त्री जातिको प्रतिनिधि बनेर रहेकी छ। पापीनी आमाका नायिका यसरी अन्याय नारी पात्रहरूसँग पनि तुलना गरेपनि नारी विद्रोहको झिल्को यस खण्डकाव्यले दिएको कोइराला सहझैं स्विकार्छन्।

ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल
सिर्जना शक्ति संसारमा कैल्यै हुँदैन विफल (घिमिरे, २०१३ : ५३)।

यसै उक्तिलाई आधार बनाइ गरिएको यस समालोचनामा कोइरालाले भनेका छन् की सृजनाशक्तिका सम्बन्धमा यतिदह्रो गरी बोल्न सक्ने कवि संस्कार बोधले थिचिएका छन्। (कोइराला : ६९) घिमिरेको पापीनी आमा देवकोटाको मुनामदनको झ्याउरे लोकलयमा लेखिएको कृति भन्दा छन्द विधानका दृष्टिमा शास्त्रीय शैली अवलम्बन गरेको भने स्वीकारेका छन्।

### ३.४.८ दम्पति खण्डकाव्य एक अध्ययनको विश्लेषण

गोविन्द शर्मा 'विमल' को **दम्पत्ति** नामक खण्डकाव्य, माथि गरिएको समालोचना, हो, यो खण्डकाव्यका कविलाई समाजमा परिचित गराउने उद्देश्यले समालोचना गरेको देखिन्छ। समाजमा लुकेका प्रतिभाको खोजी गरि उसको योगदानलाई मूल्यांकन गर्नुपर्दछ भन्ने आसयका साथमा यो दम्पति खण्डकाव्यको रचनाकारलाई समालोचक कोइरालाले आफ्नो समालोचनामा स्थान दिएका छन्।

गोविन्द शर्मा विमल नेपाली साहित्य साधकहरूमध्येको त्यस्तो नाम हो, जो मनोयोग पूर्वक सृजना गर्छ र कम चिनिन्छ, प्रतिभा भएर पनि जेहेन देखाएर पनि समाजले जसलाई चिन्न अनकनाएको हुन्छ (कोइराला : ५३) कोइरालाको उक्तकथनीले समालोचकको धर्म कुनै प्रभावशाली बनेका धन, मान र ऐश्वर्यको घमण्डीहरूको मात्र होइन, निर्मल र स्वच्छ, भावनाका गोविन्द शर्मा विमल जस्ता सर्जकहरूको लुकेको परिचय उजागर गर्नुपर्दछ त्यसर्थ कोइरालाले यस दम्पति नामक खण्डकाव्यमाथि समालोचना गर्दा पूर्वीय काव्यपरम्पराको सिद्धान्तलाई तुलना गरेर त्यसको अध्ययन गरेका छन्।

### ३.४.९ आत्मा घातिनी: विहङ्गावलोकनको विश्लेषण

रोहिणी खतिवडाद्वारा रचित खण्डकाव्य माथि गरिएको समालोचना हो, कोइरालाले यस समालेचनामा रोहिणी खतिवडाको व्यक्तित्वको जानकारी गराएका छन्।

रोहिणी खतिवडा तिन दशक भन्दा अधिक समयदेखि माध्यमिक तहको नेपाली विषय शिक्षणमा संलग्न जिज्ञासु अनुसन्धत्सु प्रवृत्तिका व्यक्तित्व हुन् । संस्कृत बाङमयका गहन ज्ञान र साधना भएका नेपाली भाषा सेवीका रूपमा पनि ख्यातानामा रहि आएका छन् (कोइराला : ७९) ।

समालोचक कोइरालाले खतिवडाको उक्त व्यक्तित्वको खुलेर प्रशंसा गर्दै आत्मा घातिनी खण्डकाव्यको कथावस्तु शैली छन्द, अलंकारका विषयलाई उजागर गरेका छन् र त्यस विषयमा औल्याएको पाइन्छ ।

३.४.१० केही कविका कविता भित्र रुमलिादाको विश्लेषण

कोइरालाले यस समालोचनामा दश जना कविका अठ्चालिसवटा कविताको अध्ययन गरेर समालोचना गरेका छन् । जसमा कलानिधि दाहालका तुमुल ध्वनि, नवजात, कविताकोइली, जस्ता कविता शीर्षकमा गोविन्द प्रसाद भट्टराईका जिउँदै तार्ने, फुल, युगप्रश्न, तीर्थराज अधिकारीका 'विजेताहरू' कुकुरदेखि होसियार, बेदखली, जीवनपथ, कवि पुरुषोत्तम दाहालका मेरा आस्था जब जंगबहादुर हुन पुग्छ, तिमी मेरी हुन चाहन्छ्यौ भने, एकता र नियति भित्रको मौन साक्षी, कविताहरू र कवि कृष्ण प्रसाद दाहालका 'के हुन लागि रहेछ' युद्ध मानवका निमित्त दुई शब्द, आफ्नी प्रेयसी प्रतिको शहिदको सन्देश तिमीलाई प्रेम पत्र लेखी पठाउँदैछ । आदि कविताहरूको विश्लेषण गरिएको छ ।

कवि नारदमणि पौड्यालका असारे रोपाई, वास्तबमा प्रारब्ध भन्नु प्रतिक्षा नै थियो, आईमाई, सहिद इतिहासको मानचित्र बन्छ । लगायतका कवितासङ्ग्रहका कविताहरू र कवि शम्भुमुकुट खरेलका पाँचवटा कविता सङ्ग्रह भित्रका गुञ्जी रहेछन्, शान्ति, प्रतिक्षा, क्षमता, लगायतका कविताहरूकोअध्ययन गरिएको छ ।

कवि मोहन बहादुर बस्नेतका सूर्य उदाउनेछ, मेरो रहर बुढो देश, बालक, सुनधुली र म भित्रको मेरो ऊ गरी पाँचवटा कविता, कवि हरिप्रसाद पोखेलका केही टुक्रा कविता मानिस आफ्नै घेरामा विधवाको अन्तरद्वन्द, र स्रष्टा । तिमी सुन्दर बत्ती बालेर उभिनु गरी चारवटा कविता सङ्ग्रह रहेका छन् । यी उल्लेखित कविताहरूका कविताका सारंश लिँदै कोइरालाले भनेका छन् स्तरीय र स्तरहीन सबै छाप्न सक्ने स्थितिको सीर्जन भएका बेलाबेलामा पत्रपत्रिकामा पढ्न पाइने कवि कलानिधि दाहाल तीर्थराज अधिकारी र हरिप्रसाद पोखेल हुन् बाँकी कविहरू उस्तै - उस्तै मेला पर्व जात्रा - यात्रामा एक एक लहर कोर्ने कवि र एक चरण गाउनेलाई गीदाङ्गे भन्न मिल्दैन, (कोइराला : ८९) । कोइरालाले यस

कविताको समलोचना गर्दा आफ्नो मस्तिष्कमा जुन प्रभाव पर्छ त्यसैलाई लिएर केही कवि र कविताभित्र शीर्षकमा प्रभाव परक समालोचना गरेका छन् ।

३.४.११ महान् साधक तुलसीमेहरका गीत, गजल र कविताको विश्लेषण

कुलप्रसाद कोइरालाले नेपालका गान्धी भनेर चिनिने तुलसीमेहर श्रेष्ठ (१९५३ - २०३५) ले नेपाली साहित्यमा दिएको योगदानको सर्वेक्षण गरेका छन् । तुलसीमेहर श्रेष्ठका गीतहरूमा बाल्मीकीय रामायण, रामचरित्रमानस, श्रीमद्भागवत गीता र स्कन्धपुराणका सेवा भावलाई उपजीव्य बनाइएको गीत गजल र भजनहरूमा सर्वत्र समाज उत्थानका भाव अभिव्यक्त भएको छ, त्यसैले तुलसी मेहर श्रेष्ठ महात्मा गान्धीका अनुयायी थिए, उनका सङ्गतमा रहेर श्रेष्ठले समाजको सेवाको भावनालाई अघि बढाएका थिए, उनले कामधेनु चर्खा उद्योग, नेपाली हस्तकलाबाट लुगा बनाउने उद्योगका लागि गीत कविता  रचना गरेका छन् र (कोइराला, २०६२ : ९७) ।

तुलसीमेहर श्रेष्ठ आध्यात्मिक समाज सुधारक र राष्ट्रिय स्वाभिमानका पक्ष पोषक भएकाले उनले आफ्ना कर्म र सिर्जना नेपालीहरूको सेवामा समर्पित हुने भावका साथ सावरमति आश्रमबाट नेपालमा पदार्पण गरेका उल्लेख गरेका छन् ।

३.४.१२ गीत सिर्जना भित्रको वस्तु जगत् एक अवलोकनको विश्लेषण

कोइरालाका यो समालोचना यूरोपतिरको साहित्यहरूको चर्चा गर्दै संस्कृत भाषाको गीतको उत्पत्ति गत अर्थ देखाएका छन् । गीत एउटा साहित्यिक विधा हो । उनले वैदिक र लौकिक साहित्यमा गीत शब्दको व्युत्पत्तिगत अर्थ दिएका छन् । वैदिक संहिता कालमा नै सामवेद जस्तो सम्पूर्ण संगीतमय ग्रन्थ आएको छ (कोइराला, २०६२ : १०५) । कोइरालाले यस समालोचनामा कविता तत्व र गीतका तत्व बीच मेल भएकाले मानवीय मनका अक्षय भण्डारलाई जागाउने माध्यम गीत भएको र गीत र कविताका विचमा भाव, गेयात्मकता समान पाइने र गीत साहित्यिक विधामध्ये जेठो विधा भएको मानेका छन् । कोइरालाले यस समालोचनामा सङ्गीतको  विविध ढङ्गले वर्गिकरण पनि देखाएका छन् ।

३.४.१३ नयाा युगका कविता (भाग -३) का कविताहरूको अध्ययनको विश्लेषण

कोइरालाले यस समालोचनामा हरिमञ्जुश्रीले सम्पादन गरेको कविता सङ्ग्रह **नयाँ युगका कविता (भाग - ३)** को अध्ययन एवं विश्लेषण गरेका छन् । यस कविता सङ्ग्रहभित्र गिरिराज जोशीका **तस्विरमा देखिने सुन्दर देश**, कवि कलानिधि दाहालका **काठमाडौंभित्रको कविता**, कवि केदारनाथ तिवारीका **संयोग वियोग** र कवयित्री सुमित्रा बाँस्कोटाका, **खाडी युद्ध र विश्वशान्ति** कवि सीताराम अधिकारीको **माटोको माया र राष्ट्र सेवक** कवि नवराज कट्टेलको **मान्छेः परिभाषा** कवि गुणराज दाहालको **रूप र रुपियाँ**, कविरत्न निधि रेग्मीको **सहिद मर्दैन रे !** कवि मन विद्रोहीको **मेरो सल्लेरी रुने गर्छन्** कवि, खगेन्द्र खराबको **म त्रिशुली हुँ** , कवि जीवन चन्द्र कोइरालाको **प्रसवकाल र स्वर्गझैं तुल्याऊ** जस्ता कविताहरू रहेका छन् । कोइरालाले यस सङ्ग्रहका कविताहरूको अध्ययन गर्दै भन्छन्, समग्रमा **नयाँ युगमा कविता** नयाँ पुराना बान्की युक्त, कविता गुच्छक कवितामा सजिने प्रयत्न गर्दा गर्दै सफलता यसलाई प्राप्त भएको छैन । एकाध कविता छोडेर धेरै जसो कविताहरू कोमल कविता हुन सकेका छैनन् । सुकोमल भाव विन्धुका विभिन्न रुकुमा पदावली मिलाउनु पर्छ (कोइराला, १२७) ।

३.५ सृष्टि माथिको दृष्टिको विश्लेषण

कोइरालाका दोस्रो समालोचनात्मक कृति सृष्टि माथिको अन्तर्दृष्टि हो । यसको प्रकाशन २०६२ माघ २१ गते श्रीपञ्चमीको अवसरमा भएको हो । यस समालोचना सङ्ग्रहभित्र १५ वटा समालोचनाहरू सङ्कलित छन् । यसमा भएका समालोचनाहरू कतिपय विभिन्न पत्रिकामा प्रकाशित भएका छन् र भने केही चाहिँ पहिलो पटक यसै सङ्ग्रहमा प्रकाशित छन् । आख्यान र आख्यानेत्तर गद्यका पुरोधा समीक्षक डा. ईश्वर बराल प्रा.डा दयाराम श्रेष्ठ सम्भव, र प्रा. मोहन राजशर्मा, द्वारा विस्तारित गोरेटो नै आजसम्मको नेपाली आख्यान एवं आख्यानेत्तर गद्य समालोचनाको मार्ग हो, यस मार्गका अनगन्ती अनुकर्ता लाम लागेर आउन थालेका छन् । यस सङ्ग्रहका टिप्पणीहरू यसै पद्धतिमा आबद्ध छन् (कोइराला, २०६२ : भूमिका) ।

कोइरालाले यस समालोचना माथि समालोचकहरूकै पद्धतिलाई अनुसरण गरेको भन्ने बुझिएको छ ।

### ३.५.१ प्रयोग प्रयोगको महाख्यान सेतो ब्याकको आख्यानको विश्लेषण

कुलप्रसाद कोइरालाले सृष्टिमाथिको अन्तरदृष्टि समालोचना सङ्ग्रहमा प्रथम शीर्षक राखी जगदिश समशेर राणाको सेतो ब्याकको आख्यान नामक समालोचना गरेका छन् ।

उपन्यास शब्दले कुनै पनि वस्तुलाई नजिकमा राख्नु मान्छेका बाह्य आन्तरिक अमूर्त र कल्पित कुरालाई पूर्वाधार मिलाएर राख्नु, वैयक्तिक र सामुहिक झलक आउने गरी मान्छेले कथेका मान्छेका विभिन्न आह्लादलाई आह्लादकारी शैलीमा प्रस्तुत गर्नु नै उपन्यास रहेछ भनेर चिन्न बुझ्न वा ग्रहण गर्न सकिन्छ भनेर  परिभाषा नै दिने प्रयास गरेका छन् (कोइराला, २०६२ : ८) ।

जगदीश समशेर राणाको उपन्यासमाथि समालोचना गर्दा आख्यान भन्दा बढी अङ्कुरण मात्र भएको सङ्केत गरेका छन्, पाश्चात्य र पूर्वीय आख्यान परम्परा अनुसारको नभई आख्यान प्रयोग मात्र गरिएको छ। सेतो ब्याकको आख्यानका कतिपय कुरालाई दृष्टिगत गर्दा प्रयोगशील उपन्यासका अभिलक्षण पाइन्छन् (कोइराला, १०) । सेतो ब्याकको आख्यान पूर्वीय चिन्तन परम्पराका साथै पश्चिमबाट पूर्वाभिमुख बनेर भित्रिएका यावत् सृजन प्रविधिले नवीन बान्कीका प्रयोग हुने अवसर पाएका छन् । कन्तिपुर भादगाउँ र पाटनको वर्णनका कुरालाई जेम्स ज्वायसको यूलिसिस् उपन्यासमा चित्रित शहरको वर्णन प्रस्तुत गरिएको छ (पराजुली, २०६८ : ५१) । कोइरालाले स्पष्ट रूपमा यस उपन्यासको दोषदर्शन गराएको पाइन्छ ।

### ३.५.२ आख्यानकार दौलतविक्रम विष्ट र उनको विग्रिएको बाटोको विश्लेषण

कुलप्रसाद कोइरालाले दौलत विक्रम विष्ट (१९८३ - २०५९) को उपन्यास **बिग्रिएको बाटो** को समालोचना हो । यसमा दौलत विक्रमका विभिन्न उपन्यासहरूको नाम दिएर बिग्रिएको बाटो सम्बन्धी कुराहरू राखेका छन् ।

बिग्रिएको बाटो २०३३ मा प्रकाशित भएको आत्मा आत्मप्रख्यापनात्मक शैलीको उपन्यास हो, यसभित्रका कथावस्तु र परिवेश नेपालको पञ्चायती शासनको समयलाई लिएर  लेखिएको कृति भएकाले त्यस समयका रीति स्थिति अभाव गरिबी र त्यसले पारेका प्रभावबारे यस उपन्यासले कथावस्तु बनाएको र त्यसै परिवेशको पात्र घटना र चरित्रलाई कथानक बनाएको जनाइएको छ ।

कुलप्रसाद कोइरालाले यस उपन्यास भित्रका विषयवस्तु भित्रको पक्षहरू, कथानक श्रृङ्खलाहरू र कथाका पात्रहरूको चरित्रको उजागर गर्ने प्रयास गरेका छन् र ती पात्रहरूको मनोदशालाई अन्य साहित्यकारहरूको औपन्यासिक पात्रका मनोदशासँग तुलना गरेका छन् ।

कोइरालाले यस समालोचनामा पञ्चायती व्यवस्थामा उब्जिएको सामाजिक बिसङ्गतीको सूचना दिएका छन् । तत्कालीन विकार, विकृति र सङ्किर्ण राजनीतिक व्यवस्थाको ठाउँमा उदार, मर्यादित र विश्वबन्धुत्वको प्रजातान्त्रिक पद्धतिका निमित्त प्रच्छन्न सङ्केत दौलतले दिएका छन् भनेका छन् ( कोइराला, ३३) । आधुनिक उपन्यासको सैद्धान्तिक र व्यवहारिक पक्षमाथिको विषयलाई लिएर नै कोइरालाको समालोचना अगाडि बढेको यस दौलत विक्रम विष्टको बिग्रिएको बाटो नामक उपन्यासको कोइरालाले कृतिपरक समालोचना गरेका छन् ।

### ३.५.३ ज्योति ज्योति महाज्योति उपन्यासको समालोचनाको विश्लेषण

समालोचक कुलप्रसाद कोइरालाले दौलत विक्रम विष्टको **ज्योति ज्योति महाज्योति** नामक उपन्यासको समालोचना गरेका छन्। यसमा समालोचक कोइरालाले दौलत विक्रम विष्टका औपन्यासिकतामा नवीनता छ भनेर देखाउन खोजेका छन् ।

उपन्यासकार विष्ट नयाँ शैली, शिल्पको प्रयोग गर्दै शुरुदेखि अन्त्यसम्म एकै शिल्प प्रविधिमा आधारित रहेर समाज र जीवनका विविध पक्षको उद्घाटन गर्न पुगेका छन् भनेका छन् (कोइराला, ३७)

कोइरालाले उपन्यासको समालोचना गर्दा विष्टका उपन्यासलाई तीन श्रेणीमा विभाजन गरेर देखाएका छन् ।

१. सामाजिक परिवर्तनको संकेत गर्ने उपन्यास **मञ्जरी** (२०१६) र **एक पालुवा अनेकौं याम** (२०२६)
२. सभ्यता र संस्कृतिका मूल्यमान्यतामा आधारित उपन्यास **चपाइएका अनुहार** (२०३०) **थाकेको आकास** (२०३४) **ज्योतिज्योति महाज्योति** (२०४५) **हिमाल र मान्छे** (२०४५)
३. सामाजिक र राजनीतिक विसङ्गतीबाट उब्जिएको उपन्यास **भोक र भित्ताहरू** (२०३२) **बिग्रिएको बाटो** (२०३३) (कोइराला, ३८)

कोइरालाको यस समालोचनामा उपन्यासको कथावस्तु पात्रविधान, चरित्रचित्रण परिवेशका पक्षहरूमा केन्द्रित रहेका छन् ।

३.५.४ 'नानी बाबु' कथाको समालोचनाको विश्लेषण

कुलप्रसाद कोइरालाले साहित्यकार हरि मञ्जुश्रीको **नानी बाबु** नामक कथाको संक्षेपमा समालोचना गरेका छन् । यस कथाको समालोचना गर्दा कोइरालाले एउटै कथालाई पुस्तकको स्वरूप दिएर एउटा कथामात्रैको पुस्तक निकालेको यो पहिलो पटक हो भन्दै नानी बाबु बालमनोविज्ञानमा आधारित कथामा वि.पी कोइरालाको नरेन्द्र दाइ उपन्यासकी पात्र मुनरियाको नाम यहाँ पनि भएकाले नरेन्द्र दाईको सम्झना गराउँछ (कोइराला, ५०) । हरि मञ्जुश्रीको गद्य र पद्य दुवै साहित्यिक रचनाको पनि चर्चा गरेर उनले मञ्जुश्रीको गद्य कृतिहरू बढी सशक्त भएको देखाएका छन् ।

३.५.५ विश्वेश्वरप्रसाद कोइरालाको योगदान स्थानाङ्कन र मूल्याङ्कनको विश्लेषण

कुलप्रसाद कोइरालाले प्रसिद्ध साहित्यकार तथा राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक छविलाई उजागर पार्ने उद्देश्यले गरिएको समालोचना हो । यो समालोचनामा विश्वेश्वर प्रसाद कोइरालाले साहित्यमा पाइला चाल्ने बेलाको विषयदेखि उनको साहित्यिक प्रवृत्तिको चर्चा गरेका छन् । नेपाली उपन्यास विधाको विभिन्न धारहरूमा विश्वेश्वर प्रसाद कोइरालाको धार मनोविज्ञानवादी धार हो । यस समालोचनामा कोइरालाका मनोविज्ञान सशक्त छ, भन्ने उद्घोषण गरिएको पाइन्छ ।

मनोवैज्ञानिक उपन्यासका निमित्त प्रत्यावलोकन वा चेतना प्रवाहात्मक शैली विशुद्ध हुन सक्छ, तर कोइराला, उत्तर मनोवैज्ञानिक उपन्यासकारले यसको सफलता र सहनताका साथ प्रयोग गर्न सकेनन् जसले गर्दा उपन्यासमा सिद्धान्त प्रतिको संलग्नताले कलात्मकतालाई व्याघात पुऱ्याएको पाइन्छ ( कोइराला, ५३) ।

नेपाली मनोविश्लेषणात्मक आख्यान लेखनमा विश्वेश्वर प्रसाद कोइरालाको योगदान अविष्मरणीय र विशिष्ट रहेको उल्लेख गर्दै उनको कृतिको मूल्याङ्कन गर्ने प्रयास गरिएको यो समालोचना प्रभाव परक समालोचना हो भन्न सकिने उदाहरण प्रस्तुत गरेका छन् ।

३.५.६ विश्वेश्वरप्रसाद कोइरालाको औपचारिक सीप र प्रविधिको विश्लेषण

यो विश्वेश्वरप्रसाद कोइराला (१९७१) को औपन्यासिक कलाको बारेमा लेखिएको समालोचना हो, विश्वेश्वरप्रसाद कोइरालालाई मूलतः प्रथम र द्वितीय विश्व युद्धको प्रभावपछि देखा परेका साहित्यकारमा गणना गरेका छन् ।

प्रथम र द्वितीय युद्ध पछि विश्वका चिन्तकहरू फ्रायड सार्त्र र कामुका विचारहरूले प्रभावित विश्वेश्वर प्रसाद कोइरालाले पनि त्यसै जीव जगत्का कुरालाई आधार बनाएर उपन्यास सिर्जना गरेका छन् भनिएको छ ।

कोइरालाले विश्वेश्वरप्रसाद कोइरालाका **सुम्निमा, नरेन्द्रदाई, बाबु, आमा र छोरा हिटलर र याहुदी, मोदीआइन** जस्ता उपन्यासका मनोविश्लेषणको अध्ययन गरी समकालीन नेपाली साहित्यकारहरू गोविन्द बहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** र पारिजातको **शिरिषको फुल** र विजय मल्लको **अनुराधा** उपन्यासका कथानक र पात्रसँग तुलना गर्न पुगेका छन् ।

गोठालेको पल्लोघरको झ्यालमा प्रकृतवादको गन्ध आउँछ । विजय बहादुर मल्लको अनुराधामा फ्रायडीय मने संरचनाको असामान्य काँचो गन्ध आउँछ । पारिजातका शिरिषको फुलमा विसङ्गति बोधले अस्तव्यस्त भएकी सकम्बरीको जीन्दगी देखाएर कोइरालाले आफ्नो उपन्यासका पात्रहरू पुलोमा सुम्नीमा र सोमदत्तको उपस्थितिमा जीवन उत्तरोत्तर लहराएको हुन्छ र मनोग्रन्थीको परिशमन देखाएर कोइराला जीवनवादी बनेका छन् भनेका छन् (कोइराला, ५९)

"कलामा सम्राट पनि नाङ्गो हुन्छ भन्ने मान्यताका धनी कोइरालाले परम्परागत मानवीय मर्यादा र प्रचलनलाई नियतीको दारुण स्थितिमा उभ्याएर सृजन परम्पराको नयाँ आयामको उद्घाटन गरिदिएका छन् (कोइराला, २०६२ : ६६) । यसरी विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक शिल्प र प्रविधि बेजोड रहेको देखाएको पाइन्छ ।

३.५.७ बाबु, आमा र छोराको समालोचनाको विश्लेषण

कुलप्रसादले विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास बाबु, आमा र छोरा बारे लेखिएको समलोचनामा उनका ६ वटा उपन्यासको अध्ययन गर्दै यसमा पृथक् पाटो समातेका छन् । बाबु आमा र छोरा उपन्यास नियतीवादमा आधारित उपन्यास हो । यस उपन्यासमा एउटी नारीको प्रेम छोरामा भएर पछि त्यही छोराको बाबुसँग विवाह हुँदाको नियतिलाई प्रस्ट्याइको छ ।

सर्वम् क्षणिकम्को चेतना उपन्यासको मुख्य पात्र बुढो बस्नेतमा जागृत भएको छ, पैंतालिस वर्षको लामो अनुभवपछि प्रेमको अपर्याप्तता र खोक्रोपनले आक्रान्त बस्नेतमा विसङ्गतिका स्फुलिङ्गहरू पनि नभेटिने होइनन्, प्रकृतिमूलक, नियतिवादको आलोकमा बाबु, आमा र छोरा उपन्यासलाई नियाल्नु पर्ने यस लेखको अभिष्ठ हो भन्ने उनको भनाई छ (कोइराला, ६५) ।

प्रस्तुत बाबु आमा र छोरा उपन्यास सार्त्र कामु र फ्रायडको दर्शनलाई आफ्ना कृतिमा प्रयोग गरेर देखाएका छन् । यो समालोचना पनि तुलनात्मक रूपमा लेखिएको समालोचना हो ।

३.५.८ गोठाले र कोइरालाको औपन्यासिक कलाको विश्लेषण

कुलप्रसाद कोइरालाले यस समालोचनामा कुलचन्द्र कोइराला र गोविन्द बहादुर मल्ल गोठालेका कृतिहरूको विवरण प्रस्तुत गरेका छन् । जसमध्ये कुलचन्द्र कोइरालाका २९ वटा कृतिहरू छन् भने गोठालेका ११ वटा कृतिहरू दिएका छन् र कुलचन्द्रका **बासना र प्रेम** नामक उपन्यास र गोठालेका **पल्लो घरको झ्याल** उपन्यासका विषयमा तुलनामा गरेका छन् ।

कोइरालाको **बासना र प्रेम** उपन्यासमा मान्छे प्रेम गर्छ घृणा गर्छ आकर्षित बन्छ विकसित पनि हुन्छ । आकर्षण, विकर्षण, प्रेम र घृणा जय विजय मनका क्रियाकलाप हुन् । प्रेम फैलिँदै जाँदा तटस्थ बिशुद्ध निरीह बनेर मानवदेबलसम्म पुग्दछ । प्रेम खुम्चेर जाँदा वासनामा परिणत हुँदा उसका कार्यले व्यक्ति, समाज र स्वयंलाई विशृंखल अवस्थामा पुऱ्याई दिन्छ, उपन्यासकार कोइरालाले यसै तर्कलाई वासना र प्रेम मा उपन्यस्त गरेका छन् । (कोइराला : ७१)

गोविन्द बहादुर मल्ल गोठालेको पल्लो घरको झ्याल पनि त्यस्तै मनोदशामा अल्झीएको देखिन्छ । गोठालेको उपन्यासमा मानासिक उहापोहलाई समाज संस्कार तथा रीति धर्मका अन्तरालमा राखेर यस्तो भयो भने यस्तो परिणाम निस्कन्छ भन्ने निर्णय गरीदिने मान्छे र मान्छेका मनोजगत् बाट वस्तु ग्रहण गरिएको छ भनेका छन् (कोइराला, ७२) ।

कोइरालाको उपन्यासका पात्र र गोठालोका उपन्यासको घटनाहरूमा समानता देखाएका छन् । तर भाषिक रूपमा गोठालेको भन्दा कोइरालाको उपन्यासमा रसिलो छ भने तर्क पेश गरेका छन् ।

गोठालेको तुलनामा कुलचन्द्र कोइरालाको भाषिक विन्यास बढो रागात्मक आकर्षक र काव्य गुणले सम्पन्न रहेको पाइन्छ । तृतीय पुरुष समाख्यान पद्धतिमा आवद्ध पल्लो घरको झ्याल भन्दा प्रथम

पुरुष समाख्यानमा आवद्ध प्रस्तुत  वासना र प्रेम बढी औपन्यासिक लचकयुक्त बनेको छ तर दुवै उपन्यास मनोवैज्ञानिक हुन् । तर दुवैको नारी यौन समस्या देखापरेका छन् (कोइराला,: पूर्ववत् : ५१) ।

कुल प्रसाद कोइरालाको यो उपन्यास सम्बन्धी समालोचनामा दुई उपन्यासकारहरूको उपन्यासको चरित्र चित्रण भाषिक शील्प र परिवेशको समेत तुलना गरी यसमा कोइरालाको औपन्यासिक कलालाई उजागर गर्ने प्रयास भएको छ ।

३.५.९लाटो साथीको जलानलाई नियाल्दाः समालोचनाको विश्लेषण

यो कोइरालाले प्रा.डा. विष्णुराज आत्रेय अर्ज्यालका (लाटो साथी) का निबन्धहरूको विषयमा गरिएको समालोचना हो । प्रारम्भमा निबन्धको उत्पत्ति देखाएर विभिन्न कोषहरूको निबन्धको अर्थ देखाइएको यस समालोचनामा विष्णुराज आत्रेय हास्य व्यङ्ग्य क्षेत्रका प्रतिभा हुन् भनेका छन् । देवकोटा, शंकर लामीछाने र कृष्ण चन्द्रसिद्ध प्रधानले नेपाली निबन्ध क्षेत्रलाई निकै उचाले पछि  केशवराज पिण्डाली र  भैरव अर्यालले निबन्धको हास्यव्यङ्ग्य फाँटलाई पनि हराभरा बनाएर छाडेको निकै समयपछि विष्णुराज आत्रेय नेपाली निबन्धको हास्य व्यङ्ग्य क्षेत्रमा देखा परेका प्रतिभा हुन् (कोइराला : ८५) ।

लाटो साथीका कथाको जलान जिज्ञासा (२०५९) मा ३१ वटा निबन्धहरू सङ्कलित छन् । यस निबधका विषय शैली र विचार यी तिन तत्वका अतिरिक्त प्राकृतिक कमजोरी सुधार वा परिमार्जन गरी मनो व्यापारको समेत सामन्जस्य हुने भएकाले हास्यव्यङ्ग्यलाई चटपटेका रूपमा औंल्याउने गरिन्छ र कोइरालाले यस निबन्धमा भएका विषयहरूको हास्य परिचय दिँदै त्यसमा भएका कमी कमजोरी औंल्याएका छन् र साथै उनका प्रशंसा पनि गरेका  छन् । विषय शैली र उद्देश्य वा विचारको सन्तुलनात्मक सम्पुटनका दृष्टिले विवेच्यमान निबन्ध सङ्ग्रहका सबै निबन्ध एकनासका नभए पनि बाह्य र आन्तरिक दुवै तहमा धेरै पृथक पनि छैनन् । अवलम्बीत विषयलाई स्पष्ट पार्नका लागि प्रसङ्गका परिखा खडा गरेर लक्ष्य भेदन गर्ने कलामा निबन्धकार आत्रेय  निकै खप्पिस छन् (कोइराला : ९०) । कोइरालाले आत्रेयको यस निबन्धलाई सन्तुलनमा राखेर टिप्पणी गरेको पाइन्छ ।

३.५.१० राम्रो म का तरङ्गमा तरङ्गिकदै समालोचनाको विश्लेषण

कोइरालाले रघु घिमिरे (१९४८) ले रचना गरेको **राम्रो म** नामक निबन्ध सङ्ग्रहमाथि समालोचना गरेका छन्, जुन कृतिमा  कोइरालाले रघु घिमिरेको उपन्यास कौशल माथि प्रकाश पारेका छन् ।

समालोचक कोइरालाले यस निबन्ध सङ्ग्रहका लेखक रघु घिमिरे वस्तुता र आत्म प्रकाशनको साधना गर्ने निबन्धकार हुन् भनेका छन् । देवकोटा, लामिछाने र अर्यालझैं आत्म प्रकाशनको उत्ताल तरङ्गका लहर पैदा गर्न सक्तैनन् । समका झैं वस्तुको सर्वाङ्ग सुरुचिपूर्ण गुम्फन र त्यसको  समस्त तात्विक पहिचानतिर उनको प्रवेश हुन सकेको छैन (कोइराला, ९२)

निबन्धकार रघु घिमिरेको भाषिक कला निबन्धमा भएका सामान्य बोलीचालीका भाषाबाट निबन्ध लेखन सक्ने खुवी भएको पनि देखाइएको छ । कोइरालाले निन्धकार घिमिरेको निबन्धहरू यी औंलाहरू कुकुरपुच्छे छन्, विर्सनुको आनन्द बिर्सनुको पीर जस्ता निबन्धहरूमा म हौ त नि लौ कस्ता सामान्य कुराशब्द राखेर लेखिएको निबन्धलाई सामान्य भाषा प्रयोग गरी लेखिएको भाषाले पाठकको मन जितेको हुन्छ । समालोचना गर्दा प्रभावपरक समालोचना गर्नुभएको देखिन्छ । रघु घिमिरेका निबन्धहरूको वर्गीकरण गरी राम्रा कुरा देखाउनु र नराम्रो कुराको आलोचनाको गर्नु यस समालोचनाको उद्देश्य स्थापित भएको छ ।

३.५.११ योजना गन्धा उपन्यासको समालोचनाको विश्लेषण

समालोचक कोइरालाले विनोद प्रसाद धितालको उपन्यास **योजना गन्धा** को विषयमा गरिएको समालोचनामा उपजीन्य भित्रको उपनीव्यकृति **योजनागन्धा** शीर्षक राखेर समालोचना गरेका छन् ।

कोइरालाले यस समालोचनामा विनोद प्रसाद धितालको आख्यानको बुनोट महाभारतको पात्र महर्षि व्यासकी माता मत्स्यगन्धाको नामबाट बनाएका हुन् भनिएको छ, अर्थात् यो उपन्यास महाभारतको आख्यानमा आधारित छ ।

विश्वमानव सभ्यता संस्कृति, ज्ञान विज्ञान कला कोशल समर महासमर मात्रै अभिसिञ्चित नगरेर मानव मनका अन्तरकुन्तरमा उद्‌भव भएर प्रज्वलित हुने क्रोध र अहंको ज्वालाको दन्दनाहट अनि त्यसबाट उत्तप्त भएर पग्लि बग्ने स्वेद धारालाई समेत स्पष्ट रूपमा अन्तर लिन गरेको देखिन्छ ( कोइराला : ९६) ।

कोइरालाले योजना गन्धा उपन्यासको समालोचनामा यस उपन्यासको उपजीव्य ग्रन्थ महाभारतको पनि राम्ररी अध्ययन र मनन गरेर त्यसको भाव बुझेर नै यसको समालोचना गरेको देखिन्छ ।

समालोचक कोइरालामा संस्कृतको विद्वता रहेकोले उनको यस समालोचनामा योजना गन्धाको उपजीव्य ग्रन्थ महाभारत नै रहेको ठम्याई पाइन्छ, भने उपन्यासको पात्र र चरित्र सबै महाभारतकै पात्रहरूलाई लिएर लेखिएको पाइन्छ। महाभारतका पात्र सत्यवती र भीष्म, दासराजहरू यस उपन्यासमा जस्ताको तस्तै राखिएको र घटनापनि त्यस्तै राखिएको पाइन्छ । त्यसैले कोइरालाले आफ्नो समालोचनात्मक सीपबाट यो उपन्यास वर्तमान समयमा पनि घट्ने पक्षहरूसँग एकाकार गराएका छन्। भीष्म जस्तो अटल पात्रले गर्दा यो उपन्यासको प्रभावकारिता देखाएको छ। विशेषहरूमा सत्यवतीको व्यक्तित्व र भीष्मको वीरता र साहसको वीचमा भएको मनोदशाको पनि राम्ररी चित्रण गरिएको बताएका छन् ।

कोइराला महाभारतको प्रसङ्गबाट आधारित भएर लेखिएको यस उपन्यासलाई पुराणको लक्षण अनुसार पनि हेर्न चाहन्छन्। योजनागन्धामा पौराणिक वंशवर्णन छ र वर्णानु चरित्र पूरा छैन त्यसो भएतापनि यसलाई पौराणिक मूल्य दिन सकिन्छ भन्छन् ।

सर्ग र प्रतिसर्गको आग्रहलाई संशोधन गरेर हेर्दा एक जीन्दगीसँग हो भने प्रलय संहार र मृत्यु प्रतिसर्ग भनिन्छ। उपपत्तिकृत अर्थका कोणबाट पनि यो उपन्यासले धेरै प्राचीन वस्तुलाई आधुनिक बान्की दिएको छ (कोइराला : ११०) । कोइरालाले पौराणिक आख्यानमा आधारित उपन्यासहरू मध्ये दुईवटा उपन्यासका विचमा तुलना गरेका छन् । प्राचीन इतिहासलाई आधार बनाएर लेखिएको उपन्यास माधवी र योजना गन्धा उपन्यास समान छन्। दुवैको उपजीव्य ग्रन्थ महाभारत नै हो र दुवै वैद्धिक कालिन उपन्यास हुन् (कोइराला : ११०) ।

कोइरालाको योजनगन्धामाथिको समालोचनामा भाषिक अभिव्यक्ति स्पष्ट र तत्सम् बहुल शब्दको प्रचुर प्रयोग गरेका छन्। योजना गन्धको समालोचनामा भाषा क्लिष्ट र संस्कृत तत्सम शब्द बहुल प्रयोग गर्नाले सामान्य भाषिक क्षमताका पाठकको लागि बुझ्न असजिलो हुने देखिन्छ। उनको यो योजना गन्धा उपन्यास सम्पूर्ण कृतिमा नै आधारित समालोचना भएकोले यो समालोचना कृतिपरक समालोचना हो ।

३.५.१२ नागदहको स्थिति निबन्धको समालोचनाको विश्लेषण

कुलप्रसाद कोइरालाले निबन्धकार माधव पोखेलद्वारा लिखित निबन्ध नागदहको स्थिति (०५९) नामक निबन्धको समालोचना गरेका छन् ।

नागदहको स्थिति निबन्धको समालोचनामा भित्र प्रवेश गर्दा निबन्धको सिद्धान्तलाई नै आधार बनाई त्यसको उद्भव विकासको विषयमा आफ्ना कुरा भनेका छन् । उनले निबन्धको वर्गीकरण शैली, विचार र वस्तुका आधारमा वर्गीकरण गर्न सकिने बताएका छन् ।

निबन्धको वर्गिकरण शैलीका आधारमा गर्न सकिन्छ । शैलीका आधारमा निबन्ध निजात्मक र परात्मक र विचारका आधारमा निबन्धको प्रकारको तपशिल दर्शनीय हुनसक्छ । वस्तुका आधारमा पनि निबन्धहरू अनगन्ती देखापर्न सक्छ भनेका छन् (कोइराला : ११५) ।

कोइरालाले यस निबन्धको समालोचनामा यिनै तीन प्रकारले निबन्धको वर्गीकरण गरी त्यसको गुणदोष देखाउने प्रयास गरेको भेटिन्छ । शैलीपरकता निबन्ध भनेको निजी अनुभवलाई क्रमबद्ध अभिव्यक्ति प्रदान गर्नु नै यस शैलीको पहिचान हो (कोइराला : ११५) । भैरव अर्यालको **नेता नं. एक सय एक र महापुरुषको संगत** अनि देवकोटाको **भलाद्मी र मान्छे जादु**सँग निबन्धकार पोखेलको **वागमती भैंसीको आहालमा** र **महाप्रलय हुने सपना**सँग तुलना गरेका छन् ।

विचारपरकता निबन्ध भनेको निबन्धका माध्यमले लेखकले आफ्ना पाठकका माध्यमबाट समाजलाई कुनै सन्देश दिन चाहेको हुन्छ भन्ने हेरिनुपर्ने हुन्छ ।

विचार दिने अर्थले लेखिने निबन्धहरूलाई नागदहको आधारमा चार प्रकारका तहमा वर्गीकरण गरेर हेरेका छन् ।

१. राष्ट्रिय समस्या प्रधान

२. राष्ट्रिय अन्तर्राष्ट्रिय समस्या मिश्रित

३. मानवीय रुची अरुचीसँग सम्बन्ध

४. ज्ञान विज्ञानसँग सम्बद्ध

कोइरालाले पोखेलका निबन्धको अध्ययनबाट लेनीन इन पोल्याण्ड, अनुसाशनको निबन्ध, ठुलदाई, सुनको मृग लाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विचार दिने निबन्ध भनेका छन् । यी निबन्ध देशका हीनता, अरुची र अप्रचलित रीतिरिवाज तथा चालचलनसँग विदेशका राम्रा कुराको तुलना गरेर वा हाम्रा

चाहना रुचि र संस्कार अनुरूप उनीहरूका व्यवहार नपाउँदा लेखकका विचारहरू प्रकट भएका छन् ( कोइराला : ११७) ।

विषयपरकता निबन्धमा वैयक्तिक अनुभूति वा चिन्तन प्रस्तुत भई तिनलाई अभिव्यञ्जित गर्ने मुख्य आधारभूमि भनेको विषय बस्तु हो । जुन कोइरालाले पोखेलका निबन्धलाई आठवटामा विभाजन गरिदिएका छन् ।

१. संस्कृति सम्बन्धी, अन्तर्राष्ट्रिय सन्दर्भका, व्यापार सम्बन्धी, अस्तित्ववादी सम्बन्धी भाषा सम्बन्धी राजनीति सम्बद्ध, प्रशासन सम्बन्धी, अर्ती उपदेशात्मक, व्यक्ति प्रभाव विषयक (कोइराला : १२४) ।

समालोचक कोइरालाको यो **नागदहको थिति** भित्रको निबन्धहरूको समालोचना गर्दा कृतिलाई मुख्य विषय बनाएका छन् ।

३.५.१३ नेपाली र मैथिली उखानमा प्रतिविम्बित सामाजिक पक्षको विश्लेषण

कुलप्रसाद कोइरालाको यो समालोचनामा उखानलाई केन्द्रविन्दु बनाएका छन् । यो कुनै कृति विशेषको समालोचना नभई चलनचल्तीका सामाजिक व्यवहारहरूमा प्रयोग गरिने उखानहरूमा केन्द्रित गरी लेख तयार पारिएको छ । उखान लोक साहित्यको अंग हो (कोइराला, पूर्ववत् : १२८) ।

उखान लोक जीवनका हर्ष, उल्लास हाँसो विस्मातको निश्छल प्रकट हो भन्दै कोइरालाले उखानका सामाजिक विकृतिको व्यङ्ग, लोक विश्वास सम्बन्धी र नीति उपदेशान्तक आलोचनात्मक प्रकृतिका उखानहरू हुने देखाएका छन् । नेपाली र मैथिली भाषा दुवै आर्य समुदायमा बोलिने भाषा भएकाले र नजिकको भूगोल भएकाले पनि उखानहरूमा समानता देखाएका छन् । नेपाली भाषामा प्रचलित उखान भदौमा आखाँ फुटेको गोरुले सधैं हरियो देख्छ ।

मैथिली - साओनक आन्हरेके समठाम हरियारी देखि पडैछ (कोइराला, पूर्ववत् : १३५) । यी दुवै उखानका आसय एउटै हो । र केबल भदौ महिना र साउन महिना मात्रै फरक भेटिन्छ ।

लोक विश्वास सम्बन्धी उखानमा पनि समानता देखिएका छन् ।

हुने हार दैव नटारः नेपाली

करम घटए न फाटए वेमाए - मैथिली - (कोइराला, पूर्ववत् : १३९) यहाँ पनि नेपाली उखान र मैथिली उखानको समानता उस्तै देखाएका छन् ।

उखानले नीति र उपदेश पनि दिन्छ, नेपाली भाषामा प्रयुक्त नीति आफू भलो त जगतै भलो ।

मैथिली भाषामाः आफ्नो नीक त आनो नीक, (कोइरालाः पूर्ववत्: १४१)

उखानले मानविय बोलीवचन आचार व्यवहार र शक्ति सामर्थ्यका सम्बन्धमा विभिन्न प्रकारका टिका टिप्पणी गर्दछ। जसलाई आलोचनात्मक उखान भनिन्छ। नेपाली मैथिली भाषामा यस्ता उखानको पनि समानता भेटिन्छ । कहाँ, राजा भोज, कहाँ गने भण्डारी : नेपाली

कनए राजा भोज, कनए भोजवा तेली (कोइराला : १०४) ।

कोइरालाले नेपाली र मैथिली उखानभित्र यस्ता सामाजिक संस्कृतिक र ऐतिहासिक सवैपक्ष बीच समान्ता र त्यसैगरी उखानमा पनि समानता देखिन्छ भनेर यस समालोचनामा दर्शाएका छन् ।

३.५.१४ उखानको उद्भवको विश्लेषण

सृष्टि माथिको दृष्टिमा समालोचक कोइरालाको उखानको उद्भव नामक लेख छापिएको छ। जुन लेखमा उखानलाई नेपालीमा किसा, संस्कृतमा, लोकक्ति मैथिलीमा कहावत् कहवी र उर्दमा जर्बुल, र मिस्ल, भोजपुरीमा कहानी, कहावत् अंग्रेजीमा, प्रोभर्व आदिनामले परिचय प्रदान गर्दछ । उखानको उत्पत्तिका सम्बन्धमा कोइराला यसो भन्नुहुन्छ। उखानको उत्पत्तिका सम्बन्धमा अनेकौं मतमतान्तर भएपनि यो मौखिक परम्पराद्वारा प्रस्तुत रूपमा सञ्चालित भएको खास सामाजिक जीवनका महत्वपूर्ण प्रसंग घटना र भावनाबाट उखानको उद्भव भएको हो (कोइराला : १४७) कोइरालाले यस लेख मार्फत उखानको चार तत्व मानेका छन् । (क) कथ्य (ख) उद्देश्य (ग) शैली  (घ) भाव, गरी उखानका यी चार तत्वलाई विभिन्न भाषाको उखानसँग तुलना गरेका छन् ।

एउटाले विरायो शाखा पिरायो - (नेपाली)

बुढ जोलहिनी सासुर गेली, सम जोलहाके डाडी भेली (मैथिली)

(कोइराला : १४९)

माथिको उखान नेपाली भाषाको र मैथिली भाषाको उखानको भाव एउटै हो भनेका छन् ।

कोइरालाको यो लेख उखानको परिचय दिँदै उखानले समाजमा पारेको भाषिक प्रभावलाई लिएर लेखिएको देखिन्छ ।

### ३.५.१५ उखानको आन्तरिक संरचना : समालोचनाको विश्लेषण

कुलप्रसाद कोइरालाले उखानको आन्तरिक संरचनामा उखानलाई संरचनागत रूपले तीन एकाइ खण्डका रूपमा हेरेका छन् ।

१) सम्पूर्णता

२) परिवर्तन वा रूपान्तरण धारणा

३) एकाइ सम्बन्धी धारणा

१) सम्पूर्णता

उखान प्रत्येक कथन एकाइहरूका माध्यमबाट एउटा सिङ्गो आयामको निर्माण भई बनेको हुन्छ । उखानमा पनि विभिन्न शब्दहरूको संगठनले एउटा सिङ्गो आयामको निर्माण भई बनेको हुन्छ । उखानमा पनि विभिन्न शब्दहरूको संगठनले एउटा मूर्त रूपको सम्पूर्णता बन्दछ, र त्यस वाक्यले सौर्य मूलक अर्थको बोध गर्दछ । जसलाई सम्पूर्णता भनिन्छ ।

२) परिवर्तन वा रूपान्तरण धारणा

उखानले वैचारिक एकाइबाट उखानको समग्रता प्रकट हुने भएकाले ती वैचारिक एकाइहरू पनि दुई विपरित परिस्थितिको चापबाट प्रकट हुने भएकाले विचारका ती स साना एकाइहरूका बीचाम परिवर्तन भइरहन्छ भन्ने उदाहरण दिँदै आयो दशै ढोल बजाई, गयो दशैं ऋण बोकाई (कोइराला : १५४)

कोइरालाले दुई विरोधी एकाइहरू सामाजिक परिस्थितिको चापबाट उत्पन्न भएको देखाएर परिवर्तन भएको हुन्छ, भनेर भनेका छन् ।

३) एकाइ सम्बन्धी धारणा

कुल प्रसाद कोइरालाले उखानको तेश्रो एकाईलाई एक वा एकभन्दा बढि विचारहरू एकत्रित बनेका कथनहरू संगठीत बनेर कथन र उपकथन उकाईहरूको निर्माण हुन्छ भनेका छन् । जस्तैः हगे हग् मुते काटुँला । (कोइरालाः पूर्ववत्ः १५२)

यस उखानमा मल त्यागको अनुमति लिएर मूत्रत्यागमा प्रतिबन्ध लगाइएको छ । एकसाथ उत्पन्न हुने अन्योन्याश्रित कार्यमध्ये एउटा सहन सम्बन्धी मानिने र अर्को सम्पादन हुँदा जीवन्त गरिने स्थिति समाजमा घटेको घटना संकेतका निमित्त हो ।

कोइरालाले यसलेख मार्फत उखानहरूको वर्गीकरण गरी विभिन्न उखान युक्तिहरूको उदाहरण प्रस्तुत गरेका छन् ।

## ३.६ धरणीधर परिक्रमा कृतिको समालोचनाको विश्लेषण

कुलप्रसाद कोइरालाद्वारा वि.सं. २०६३ भदौ महिनामा धरणीधर कोइरालाको जीवनी व्यक्तित्व र कृतित्व सहितको **धरणीधर परिक्रमा** नामक कृति श्रीरत्न पुस्तकालय बानेश्वरले प्रकाशन गरेको छ । धरणीधर परिक्रमाका विषयवस्तुहरू निम्न छन् ।

१. धरणीधर कोइरालाको जीवनी

२. समाजसेवी धरणीधर

३. कविधरणीधर कोइराला

४. धरणीधर विषयक कृतिहरू

यी चार वटा शीर्षक भित्र विभिन्न उपशीर्षक राखी यस कृतिको भित्र धरणीधरका जीवनका विभिन्न पाटोलाई प्रष्ट्याउने काम यस कृतिको रहेको पाइन्छ ।

### ३.६.१ धरणीधर कोइरालाको जीवनी

कोइरालाको यस कृतिभित्र धरणीधर कोइरालाको जीवनी बारेमा यथेष्ट जानकारी सामग्री राखिएको छ । धरणीधर परिक्रमा नामक कृति कवि धरणीधरको शीर्षकमा उनका जीवनी राखिएको छ । धरणीधरको जीवनी भित्र उनका वंशको परिचय, कवि धरणीधरको जन्म, पारिवारिक स्थिति, बाल्यकालीन अवस्था, वैवाहिक स्थिति स्थान, शिक्षा दीक्षाका बारेमा प्रष्ट पारिएको छ । उनको जन्म रामेछाप बेतालीमा वि.सं. १९४९ मा भएको र ९ वर्षको उमेरमा व्रतबन्ध भई शिक्षा दीक्षा शुरु भएको र विवाह गर्न परेको बताएका छन् ।

### ३.६.२ समाजसेवी धरणीधर कोइराला

धरणीधरले गरेका छात्रवस्थाका गतिविधिहरू धरणीधर नै दार्जिलिङ्गमा पारसमणि प्रधान र सूर्यविक्रम ज्ञवाली सँग मिलेर नेपाली भषााको माध्यमबाट पठन पाठन गराउन संघर्ष गरेको वृतान्त राखिएको छ । साथै उनका नीजि आन्तरिक व्यक्तित्वको बारेमा प्रकाश पारिएको छ ।

नीजि व्यक्तित्वको बारेमा भनिएको छ, “अठासी वर्षको दीर्घ र सार्थक जीवनमा भएका चेष्ठा प्रचेष्ठाले उनको साहित्यिक र साहित्येत्तर व्यक्तित्वको निर्माण गरेका छन् । धरणीधर अग्लो कदका दोहोरो अङ्गिक संरचना भएका ठूलो लामो नाक, सलक्क परेको लाम्चो मुखकृति, धेरै मोटा न धेरै पातला धरणीलाई गोरो वर्णको व्यक्तित्वका रूपमा लिने गरिन्थ्यो” (कोइरालाः २०६३ः २६) धरणीधरको अर्को व्यक्तित्व आन्तरिक व्यक्तित्व हो जसको मूलतः तीन पाटा रहेका छन् । स्रष्टा र कवि व्यक्तित्व अनुवादका व्यक्तित्व र समाज सुधारक व्यक्तित्व । कोइरालाले कविव्यक्तित्वको परिचय, दिने **नैवद्य** (१९७७), **स्पन्दन** (२००४), **पञ्चामृत** (२०१२) जस्ता कविताहरूलाई उनको आन्तरिक व्यक्तित्व र साहित्यिक व्यक्तित्वको रूपमा लिन सकिन्छ । (कोइराला : २७)

धरणीधरका आन्तरिक व्यक्तित्व भित्र सम्पादक व्यक्तित्व अनुवादक व्यक्तित्व पनि देखाइएको पाइन्छ । जसमा चन्द्रिका, गोर्खाली र नेपाली साहित्य सम्मेलन जस्ता पत्रिकाको सम्पादन र केही महापुरुषहरूको जीवनीलाई नेपाली भाषाको भण्डार गर्नको लागि श्रीमद्भागवत गीताको सरल नेपाली भाषामा उनले अनुवाद गरेका छन् । (कोइराला : २९)

### ३.६.३ कवि धरणीधर कोइराला

कोइरालाले धरणीधर परिक्रमा कृतिको तेश्रो शीर्षकमा कवि धरणीधराद्वारा रचित विभिन्न साहित्यिक कृतिहरूको विषयमा लेखिएको छ । धरणीधरद्वारा रचित नैवेध कविता सङ्ग्रहको भित्रका कविताहरू जसमा, साहित्य सुधा, जय नेपाल, भानुभक्त श्रद्धाञ्जली आशा, कवि भानुभक्त प्रति, कोदानुतनय, नयपाली ठिटो हरिमाञ्जली, विनय, उर्दी जातीय गीत, जागजाग, गुहार गुहार, नवजागृतिः प्रकारा, अर्ति, मनप्रवोध, विनयानुरोध, जयहोस्, स्वतन्त्रता, सत्यसाधना, आदिकविताहरू रहेका छन् । नैवेद्य कविता सङ्ग्रह वि.सं. १९७७ मा वनारसबाट धरणीधर आफैंले प्रकाशन गरेका थिए भने दोश्रो संस्करण नेपाली साहित्य सम्मेलन दार्जिलिङ्गले प्रकाशन गऱ्यो, नैवद्यमा सम्भवतः साना कविताहरू भएतापनि सबैभन्दा धेरै नेपाली पाठक सामु पुग्न सफल कृति हो भनेर भनेका छन् (कोइराला : ४१) ।

३.६.४ धरणीधर विषयक कृतिहरू

कोइरालाले धरणीधरका नैवेध सङ्ग्रह भित्रको ३६ वटा कविताहरूको अध्ययन गर्दा पाँचवटा कवितामा आध्यात्मिक स्वर भएको कविता भनेका छन् भने बााकी कविता जातीय जागृतिको स्वर भएका कविता भनेका छन् (कोइराला : ५७) ।

धरणीधरको दोश्रो कविता संगालो **स्पन्दन** (२००४) हो । यसमा पनि विभिन्न छन्दका आठवटा कविताहरूको लघु कविताहरूको समालोचना गरिएको छ । यस सङ्ग्रहको कविताहरूमा नेपाल आदर्श जीवन, चित्तवृत्ति, कविते, सदाचार, प्रशन्नता, खेति प्रेम बलको गरीहेर कविताहरू रहेका छन् ।

धरणीधरणको अर्को लघुकविता सङ्ग्रह **नेपालमञ्जरी** को विषयमा कोइराला भन्छन् । कविले छन्दका दृष्टिले वार्णिक र वर्णमात्रिक गरी दुईवटा भिन्न श्रेणीका छन्दको प्रयोग गरेर आफ्नो छन्द सामर्थ्यको परिचय दिएका छन् । भाव र विचार तथा विषय वस्तुका दृष्टिले चाहि पूर्ववता कविता सङ्ग्रह भन्दा खासै नव्यपथमा पाद विक्षेप गर्न सकेको देखिँदैन (कोइराला : ६३) ।

धरणीधरको चौथो कविता सङ्ग्रह **पञ्चामृत** हो, यस कविताको बारेमा, कोइराला भन्नुहुन्छ, पाँचवटा लघु कविता भएको पञ्चामृतको गोदुग्ध, गोदधि, गोधृत, मधु, शखर मिश्रित पेय पदार्थलाई **पञ्चामृत** भनेर संज्ञा दिइएको देखिन्छ (कोइराला : ६४) ।

धरणीधरणका पाँचवटा कवितामा शहीद श्रद्धाञ्जली, कर्मठ वीर मनछन्, लौतव, होस् गरौं, जस्ता कविताको, विषय वस्तुमा चर्चा गरिएको छ । यसैगरी धरणीधरले भानुभक्त श्रद्धाञ्जली, लोकको राज, शक्ति सङ्ग्रह, जागजाग, जस्ता साना साना कृतिहरूको पनि रचना गरेको उल्लेख गरिएको छ ।

धरणीधर कोइरालाको श्रीमद्भागवत गीता दोश्रो अध्ययान, ीमद्भागवत् गीताको अठार अध्याय पनि शब्दार्थ अनुवाद गरेका छन् उल्लेखित छ र र त्यस्ता अनगीन्ती साना साना प्रस्तिकाहरूको पनि चर्चा परिचर्चा गरिएको पाइन्छ ।

धरणीधरका कवितामा जागरणको स्वर उल्लेख गरेर उनका कवितामा जागरण दिने श्लोकहरूको व्याख्या एवं विश्लेषण गरिएको छ, र धरणीका काव्ययात्राको चरणहरू प्रस्तुत गरिएको छ । धरणीपरको काव्य यात्रा १९७२ बाट शुरु भई २०३६ सम्म आठ वटा चरणमा विभाजन गरिएको छ । उनका काव्य प्रकृति एवं योगदानको मूल्यांकन गरिएको छ । धरणीधर लेखनाथ पौड्यालका समकक्षी मानेर लेखनाथ भन्दा आठ वर्ष मात्रैले कान्छा धरणीधर नेपाली कवितामा पस्किारवादी धारा सम्बद्ध कवि हुन्, परिस्कारवादी धारा भनेको शास्त्रीय र क्लासिकल धारा पनि हो । धरणीधर यसै धाराका सशक्त कवि

हुन् भनेर चर्चा गरिएको छ। नेपाली कविताको माध्यमिक कालीन श्रृंगरिकतालाई तोड्दै लेखनाथको कविता **कल्पद्रुम** कविता सङ्ग्रह पछि आएको शिष्ट श्रृंगारिक भावका कविता देखि नेपाली काव्यमा यो परिष्कारवादी छारा सल्वलाउन थालेको पाइन्छ (कोइराला, पूर्ववत् : १०६) ।

कुलप्रसाद कोइरालाले धरणीधर परिक्रमा नामक कृति धरणीधर कोइरालाको जीवनीमा आधारित समालोचनात्मक कृति हो, कवि धरणीधरका जीवनका सम्पूर्ण पाटाहरूको, परिक्रमा गर्नुभएको छ, त्यसैले यो कोइरालाको जीवनीपरक समालोचना हो ।

## ३.७ माधवीमाथि अन्तर्दृष्टि कृतिको समालोचना

कुलप्रसाद कोइरालाले उपन्यासकार मदनमणि दीक्षितद्वारा रचित माधवी नामक उपन्यासमाथि समालोचनात्मक कृति रचना गरेका छन्, उक्त कृतिको नाम माधवीमाथि अन्तदृष्टि रहेको छ। वि.सं. २० सालमा साझा प्रकाशन ललितपुरबाट छापीएको उक्त कृति त्रिभूवन् विश्व विद्यालयको नेपाली विषयमा स्नातकोत्तर तहमा पनि अध्ययन अध्यापन भइरहेको छ। तसर्थ यस उपन्यास माथि सबैको दृष्टि पुगेको पाइन्छ ।

माधवी उपन्यासको समालोनामा कोइरालाले मदनमणि दीक्षितको व्यक्तित्वलाई पनि परिचित गराएका छन् । उपन्यासकार मदनमणि दीक्षित नेपाली भाषा साहित्यकार क्षेत्रमा उपन्यासकारका रूपमा देखापर्नु भन्दा पहिल्यै स्वतन्त्र पत्रकार निबन्धकार तथा खास राजनीतिक मूल्य चिन्तकका रूपमा देखा परेका व्यक्तित्व हुन् । उनको स्रष्टा व्यक्तित्व कथा निबन्ध उपन्यासका क्षेत्रमा प्रकट भएको छ। माधवी (२०३९) द्रौपदी र सीता (२०४९) मेरी नीलिमा (२०५०) र त्रिदेवी (२०५१) भूमिसुक्त (२०५८) जस्ता पाँचवटा प्राचीन पूर्वीय समाज विकासका चिन्तनसँग सम्बद्ध उपन्यासका माध्यमले उनी चर्चित हुन पुगेका छन् (कोइराला, २०६३ : १) ।

माधवी उपन्यासको कथामा विश्वभित्रको शिष्य गालवले गुरुदक्षिणाको लागि दृढ गरेको र विश्वमित्रले आठ सयवटा श्यामकर्ण घोडा ल्याए र गुरुदक्षिणा दिए मात्र गुरु दक्षिणा हुने श्राप दिने कुरा सुनाएपछिको गालब आफ्नो साथी सुपर्ण नागजेयको वासग्राम जनपद्र तिर प्रस्थान गरेपछि सुरु हुन्छ ।

कोइरालाले उपन्यासको कथावस्तुमा यो उल्लेख गरेका छन् । माधवी उपन्यासको आख्यान माहाभारतको उद्योग पर्वको १०६ अध्यायदेखि १२३ अध्याय सम्मको बिस्तारित माधवी गालवको उपाख्यानबाट ग्रहण गरेका छन् भनेर भनिएको छ (कोइराला : ११) ।

कोइरालाले यसको आख्यानलाई आदि मध्य र अन्त्यको श्रृंखला बनाएर प्रस्तुत गरेका छन् ।

माधवी उपन्यासको उपजीव्य ग्रन्थ महाभारतका पद्यहरू सँग माधवी उपन्यास कति नजिक छ भनेर मूल कथावस्तुमाथि टिप्पणी गरिएको पाइन्छ ।

प्रारम्भमा माधवी उपन्यासको कथा वस्तुको सारंश लेखेपछि त्यसको वस्तु चयन के कसरी भएको छ स्पष्ट पारेका छन् । अनि महाभारतको कथावस्तुमा र यसको कथावस्तुमा भएको परिवर्तनको संकेत दिएका छन् ।

राल्फ फक्स जस्ता डिग्गज समाज विकासका प्रक्रियाका अहयेताले आदिम सम्यवादी युगदेखि आधुनिक पूँजीवादी युगसम्मका श्रृंखला वर्णन गरेका छन् । र माधवीमा पनि त्यस दृष्टिको प्रचुर उपयोग भएको संकेत भेटिन्छ । उपजीन्याख्यानमा गरिएका मुख्य मुख्य परिवर्तन मध्ये पनि जुन परिवर्तनले ऐतिहासिक तथ्य विगारेको छ (कोइराला : १९) ।

कोइरालाले माधवी उपन्यासमा वर्णित घटना र महाभारतकालीन घटनामा परिवर्तनको संकेत छ भनेर देखाएको पाइन्छ । माधवी उपन्यासको पात्र विधानमा नायकमा विश्वामित्रलाई नायक भनिएको छ र विश्वामित्रको वरिपरि घटना बुनिन पुगेकोले माधवी, गालव, चौल, हरियश्व दिवोदास, घोषा, उशीनर जस्ता सबै पात्रहरू शक्ति सम्पन्न भएतापनि सहनायक हुन् (कोइराला : १९) । कोइरालाले माधवी माथको अन्तरर्दृष्टि दिँदा माधवी उपन्यासका पात्रहरूमा चौलामाता हरियश्व वशिष्ट कन्व, घोषा, वाटधान महाहट्ट, दिवोदास उशिनर शिवि आदिको चरित्रहरू संक्षेप राखेका छन् ।

कोइरालाले प्राचीन महाभारतकालिन पुराकथामा आधारित यस उपन्यासलाई मिथकियरूपले पनि विवेचनीय रूप हो भनेका छन् । मिथ त्यस्तो जनश्रुति हो जसको लिखितरूप नहुन पनि सक्तछ । यो एक जातीय कथा या घटना हो जो कुनै जातिको साँस्कृतिक, धार्मिक या वीरगाथा परक धारणाका रूपमा प्रवाहमान रहेको हुन्छ, माधवीमा यस्ता अनेक मिथक या पुरा कथाको संयोजन पाइन्छ ।

माधवी र गालवको कथा स्वयं महाभारतमै पनि पुरानो इतिहास या जनश्रुतिका रूपमा वृथा हठ नगर दृठ गर्दा आफै दुःख सागरमा परिन्छ भनि दुर्योधनलाई सम्झाउने क्रममा आएको घटना हो ( कोइराला : ७१) ।

माधवी उपन्यास माथिको यो समालोचनामा कोइरालाले उपन्यास कृतिको साङ्गोपाङ्ग अध्ययन र विवेचना गरेका छन् । माधवीका विभिन्न पक्षहरूमा वैचारिक शिल्पगत र कथात्मक र वैदिक पौराणिक शास्त्रहरूबाट कुशलपूर्वक शल्यक्रिया गरिएको यो समालोचना कृतिपरक समालोचना हो भन्दा फरक पर्दैन ।

### ३.८ नेपाली भाषा साहित्यमा सिन्धुली जिल्लाको योगदान : समालोचना

कुलप्रसाद कोइरालाको यो कृतिमा सिन्धुली जील्लाका भौगोलिक अवस्थाको वर्णन गर्दै सिन्धुली जिल्लाको साहित्यिक गतिविधिहरूको वर्णन प्रस्तुत गरेका छन् । यो कृति कार्यपत्रको प्रस्तुतिको रूपमा लेखिएको पाइन्छ । तर पनि यस कृतिले सिन्धुली जिल्लाको साहित्यको प्राथमिक काल, माध्यमिक काल र आधुनिक कालको जानकारी गराएको पाइन्छ । प्राथमिक कालका खासै नामचलेका साहित्यकार नभएतापनि माध्यमिक कालदेखि भने साहित्यकार टिका प्रसाद शर्मा कोइराला, कृष्णप्रसाद  कोइराला, धरणीधर कोइराला, लगायतका व्यक्तित्वको कृतिहरूको जानकारी दिइएको छ । त्यसैगरी आधुनिक कालका साहित्यकारहरूमा उमानाथ सिन्धुलीय, इन्द्रप्रसाद खतिवडा, मोहन कोइराला कुलचन्द्र कोइराला, शंकर कोइराला भद्रकुमारी घले, सुरेश राजशर्मा, सिपी गजुरेल, कृष्णहरी बराल, ऋषिराज बराल, लगायतका ८० जना भन्दा बढी बढी साहित्यकार समालोचक सर्जकहरूको जीवनी व्यक्तित्व र कृतित्वको वर्णन गरिएको छ । त्यसैगरी फुटकर रचनाकार प्रतिभाहरूको २०० जनाको नाम दिएर सिन्धुलीका साहित्यिक स्रष्टाहरूको विवरण प्रस्तुत गरेका छन् । अन्तमा सिन्धुली जिल्लाको साहित्यिक यात्राको चरणगत विभाजन गरिएको पाइन्छ । जसमा प्रथम चरण १९३३ बाट प्रारम्भ भएको तथ्य दिएका छन् । त्यसको अवधि १९५० सम्मको राखिएको  छ । दोश्रो चरण १९५१ - १९९० सम्म राखिएको छ । तेश्रो चरण १९९१ देखि हालसम्मको इतिहास प्रस्तुत गरेका छन् ।

सिन्धुली जिल्लाका प्रतिभाहरू मध्ये प्रमुख प्रतिभाहरूको प्रवृत्तिलाई पनि संक्षेपमा वर्णन गरेका छन् ।

धरणीधर कोइरालाको जातीय उत्थान गर्ने आशयका साहित्य र मोहन कोइरालाका प्रयोगवादी धाराका कविता विश्वेश्वर प्रसाद कोइराला, शंकर कोइराला, शंकर कुमार श्रेष्ठ, तारिणीप्रसाद कोइराला,

मात्तृका प्रसाद कोइराला, विश्वेश्वरप्रसादका विश्लेषणात्मक धाराबाट प्रभावित छन् (कोइराला, २०६६ : ३०) ।

सिन्धुली जिल्लाका अन्य साहित्यकारहरू जस्तै ऋषिराज बराल, विवस बस्ती चन्द्रप्राश गुणरेल, का कविताहरू सामाजिकता वादी प्रवृत्ति रहेका छन् ।

शंकर कोइरालाले आञ्चलिकतालाई आफ्नै परिचय दिएका छन्  र अर्को ऐतिहासिक र साँस्कृतिक जीवनी, आदि विभिन्न विद्या उपाधिका कलम चलाउने कुलचन्द्र कोइरालाको योगदानको पनि स्मरण गरिएको छ ।

सिन्धुली जील्ला विशिष्ट भूगोले परिवेष्टित भूभाग भएको र यस जिल्लामा छरिएका विभिन्न साहित्यिक व्यक्तित्वहरूको सर्वेक्षण गरि सिन्धुलीका साहित्यकारद्वारा सिर्जित कृतिहरूको बारेमा ऐतिहासिक अध्ययन कोइरालाले स्पष्टसँग गरेका छन् ।

## ३.९ नेपाली साहित्य र गोर्खाली स्रष्टाहरूको विश्लेषण

कुलप्रसाद कोइरालाको छैंटों समालोचनात्मक कृतिमा  नेपाली साहित्य र गोर्खाली स्रष्टाहरू नामक कृति रहेको छ । यस कृतिभित्र प्रथम शीर्षकमा ऐतिहासिक र भौगोलिक अवस्था देखाइएको पाइन्छ र त्यसपछि गोर्खा जीवनका प्राथमिक कालीन स्रष्टाहरू नाममा द्रव्य शाहले **चमत्कार मञ्जरी** नामक योगतन्त्रमा आधारित पुस्तक लेखेका थिएर भनिएको छ, साथै गोर्खा जिल्लामा जन्मिएका र नेपाली भाषा साहित्यमा पनि प्राथमिक कालका प्रथम गद्य कृति महाभारत विराट पर्वका रचयिता शक्तिवल्लभ अर्याल पनि गोर्खा जिल्लाको भएको बताएका छन् (कोइराला, २०६६ : २६) । **पुरानोवातको अर्जी** र **पृथ्वीन्द्रोदय**, काव्य, **बेताल पच्चिसी**का लेखक उदयानन्द अर्याल, **साँढ्याको  कविता**का रचनाकार राधावल्लभ अर्याल र श्रीज्ञान चरित्रका लेखक जस पाउ थापा पनि गोर्खाली नै भएको देखाएका छन् । माथि उल्लेखित स्रष्टाहरू प्राथमिककालीन हुन् । भने गोर्खाको माध्यमिक कालिन स्रष्टाहरूमा अग्निधर देवकोटा र खड्ग प्रसाद श्रेष्ठ हुन् भनिएको छ, प्राथमिककालीन  स्रष्टा भन्दा माध्यमिक कालीन स्रष्टा कम हुनुमा पृथ्वीमा नारायण शाहले राज्य एकीकरण गर्दा काठमाडौं केन्द्रित हुनुले गोर्खाको माध्यमिक कालमा खासै साहित्यिक रचना फस्टाउन नसकेको भन्ने उनको भनाई रहेको छ ।

आधुनिक कालमा गएर भने नेपाली साहित्यको विकासमा गोर्खाली स्रष्टाहरू प्रशस्त मात्रामा देखापरेका छन् भन्दै ती व्यक्तित्वहरू, पूर्ण प्रसाद ब्राह्मण, विनोद प्रसाद धिताल, विष्णु प्रसाद धिताल, राजेश्वर देवकोटा लगायतका स्रष्टाहरूको जीवनी, व्यक्तित्व र कृतित्वको संक्षेपमा उल्लेख गरेका छन् । आधुनिक कालमा गोर्खाको साहित्यकारहरू जम्मा जम्मी ८० जनाको र साहित्यक कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । जसमा मुख्यतमा पूर्ण प्रसाद ब्राम्हणले आठवटा कृति रचेका छन् । विनोद प्रसाद धितालले योजना गन्धा नामक उपन्यास सहित ६ वटा कृति रचेका छन् । राजेश्वर देवकोटाले विभिन्न विधाका ९ वटा कृति रचना गरेका छन् । सीताराम अधिकारीले ९ वटा विभिन्न विधाका कृतिहरू रचेका छन् । यसैगरी तिर्थराज पन्त, सीताराम अधिकारी, शिवहरि मरहट्टा, तुलसीमान श्रेष्ठ, नवराज कट्टेल, राजु बाबु श्रेष्ठ लगायतका स्रष्टाहरूले पनि विभिन्न विधामा कलम चलाएर नेपाली भाषा साहित्यमा योगदान दिएको उल्लेख गरिएको छ ।

गोर्खा जिल्लाको ६ वटा साहित्यिक संस्था २७ वटा विभिन्न साहित्यिक पत्र पत्रिकाहरू पनि सञ्चालनमा रहेका छन् (कोइराला, २०६६ : ६६) ।

कोइरालाको यस कृतिले गोर्खा जिल्लाको नेपाली भाषा साहित्यमा दिएको योगदानको स्मरण गराउने उद्देश्यले यो कृति रचना गरेका हुन् किनकी यस कृतिको साङ्गोपाङ्गो अध्ययनले गोर्खाली स्रष्टाहरूले नेपाली साहित्यिमा विभिन्न विधा उपविधामा कलम चलाएका छन् जसले गर्दा नेपाली भाषा अरु समृद्ध छ, भनेर भन्न खोजिएको पाइन्छ ।

*अध्याय चार*

# कुलप्रसाद कोइरालाका समालोचनात्मक प्रवृत्तिहरू मूल्याङ्कन

## ४.१ कोइरालाका समालोचनाको प्रवृत्ति

कुलप्रसाद कोइरालाले समालोचना लेखन औपचारिक शिक्षा समाप्त भएपछि नै आरम्भ गरेको पाइन्छ। तर पनि उनका केही समालोचना पचासको दशकमा आएता पनि अधिकांश समालोचना साठीको दशकमा देखापरेका छन्। र यसै समयमा आएका समालोचनात्मक रचनाहरू कृतिकारूपमा सार्वजनिक भएका छन्। उनका समालोचनाहरू मूलतः कविता, उपन्यास, कथा, निबन्ध, जीवनी, विधासँग सम्बन्धित छन्। साथै सिन्धुली र गोर्खा जिल्लालाई आधार बनाएर लेखिएका बाहेकका चारवटा कृतिहरूमा कविता, उपन्यास र निबन्धले बढी प्रश्रय पाएका छन्। उनका यि कृतिहरूमा समालोचनागत वैशिष्टय के कस्ता छन् भन्ने संक्षिप्तमा प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ।

### ४.१.२ ऐतिहासिकता

कोइरालाका दुई समालोचनात्मक कृतिहरू नेपाली भाषा र साहित्यमा सिन्धुली जिल्लाको योगदान र नेपाली साहित्य र गोर्खाली स्रष्टाहरूको नामक कृतिहरूमा ऐतिहासिकता झल्किन्छ, यी कृतिहरूमा कोइरालाले सम्बन्धीत जिल्लाका साहित्यकारको ऐतिहासिक विवरण केलाउने प्रयत्न गरेका छन्। सिन्धुली जिल्लाको विवरण प्रस्तुत गर्दा प्राथमिक कालमा पर्ने सत्यधर सुरी देखि लिएर माध्यमिक कालका पद्मनाम शर्मा कोइराला धरणीधर कोइराला र आधुनिक कालका उमानाथ शास्त्री, मोहन कोइराला कुलचन्द्र कोइराला, लिलासिंह कर्मा, कृष्ण हरि बराल, ऋषिराज बराल लगायतका ८० जना सर्जकहरूको नालीबेली प्रस्तुत गरिएको देखिन्छ। त्यस्तै नेपाली साहित्य र गोर्खाली स्रष्टाहरूमा गोर्खाको भूमिसँग सम्बन्धीत प्राथमिक कालिन स्रष्टाहरू शक्ति बल्लभ अर्याल, उदयनन्द अर्याल तथा माध्यमिक काला अग्निधर देवकोटा, खड्ग प्रसाद श्रेष्ठ एवं आधुनिक कालका पूर्ण प्रसाद ब्राह्मण विनोद प्रसाद धिताल, राजेश्वर देवकोटा, सीताराम अधिकारी, लगायत ८३ जना स्रष्टा र द्रष्टाहरूको चिनारीका साथै तिनका कृतिहरूको विवरण प्रस्तुत गरिएको छ। र त्यस बाहेक नवप्रतिभाहरूको नाम मात्र उल्लेख गरिएको छ। त्यसैगरी धरणीधर परिक्रमा धरणीधरको पुर्ख्यौली वंश परम्पराको जीवन इतिहास खोतल्ने प्रयास भएको पाइन्छ। अन्त्यरम्भको विश्लेषणमा डार्विनको विकासवादी सिद्धान्तका

साथै ग्रकि पुराणको सन्दर्भ र पूर्वीय ब्रह्मवादी चिन्तन परम्परालाई खोतल्ने प्रयास गरिएको छ। त्यस्तै जगदीश शमशेरको सेतो ख्याकको आख्यानको  विश्लेषणमा पनि सामाजिक इतिहासका साथै किम्बदन्ती मूलक अवधारणाहरू खोतल्ने प्रयास भएको देखिन्छ। यसर्थ कोइरालाको समालोचनात्मक प्रवृत्तिहरू खोतल्दा ऐतिहासिकतालाई पनि स्थान दिनु आवश्यक पर्ने देखिन्छ।

४.१.३ जीवनीपरकता

जीवनलाई मूलआधार बनाएर विश्लेषण गरिने समालोचना हो, वर्तमान परिवेशमा लेखकको कृतिमाथि विश्लेषण गर्दा लेखकलाई अनुपस्थित राखेर निरपेक्ष रूपमा विश्लेषण गर्ने दिशालाई बढी केन्द्रित रहेको छ। तरपनि कृतिकारलाई बाँचेको देश काल परिस्थितिले प्रभाव पार्छ त्यसो हुनाले यस सम्बन्धी चिन्तन, अनुभूति मान्यता जस्ता कुराहरूले उसका कृतिमा प्रतिविम्बित हुने अवसर पाइन्छन्। कृतिमा स्रष्टा व्यक्तित्वको अनुभवको कुनै न कुनै छाप पार्न सक्छ। किनभने व्यक्तित्वको जीवन समाज निरपेक्ष हुँदैन। कुलप्रसाद कोइरालाद्वारा सृजित धरणीधर परिक्रामा कतिपय स्थलमा धरणीधरका कृतिहरूको सृजनालाई तात्कालिक समाजको परिदृश्य सँग जोडेर होरिएको छ। धरणीधरको ‘जाग जाग’ र बाह्य वृत्ति अति भो सब छाडौं। शीर्षकका कविताको विवेचना गर्दा ती कवितालाई कोइरालाले तात्कालिक सन्दर्भसँग जोडेका छन्। १९७५ तिर धरणीधरले चन्द्र शमशेरको चाकरी गरेर जागिर खाने प्रयत्न गरेका तर त्यसपूर्व बनारसमा रहँदा उनले गरेका कार्यहरू कविता लेख्नु प्रस्नकालय खोल्नु आफ्नै डेरालाई छात्रवास घोषणा गर्नु लगायतका कार्य बारे थाहा पाएका चन्द्र शमशेरले  बास्ता नगरेपछि  दार्जिलिङ नै फर्केर पछि २०१७ सालमा नेपालमा आई राजा महेन्द्रको  चाकरी गरेर बसे राजा महेन्द्रले पञ्चायतको समर्थन गर्न लगाए। अतः उनले घुमाउरो पाराले आफ्नो स्वार्थ पूरा गरी यस्तो कविता रचना गरे।

यो ठूलो नृपतिको अभिलाषा।
पूर्णपारी गरिदेउ दिलासा
देशको प्रगतिमा गतिरोध
हुने छैन अब क्यै अवरोध (धरणीधर परिक्रमा : ७०)

यसरी धरणीधरका जीवनमा आएका मोडहरूलाई कोइरालाले विभिन्न सन्दर्भहरू कोट्याइ दिएका छन् । तसर्थ कोइरालाले समालोचनामा जीवनीपरकताको पनि यथास्थानमा अवलम्बन गर्छन् भन्ने कुराको बोध गर्न सघाउँछ ।

### ४.१.४ विधा सिद्धान्तको अवलम्बन गर्नु

कुलप्रसाद कोइरालाका कतिपय समालोचनाहरू स्थापित विधागत सिद्धान्तमा आधारमा विश्लेषण गरिएका छन् । यिनका अधिकांश समालोचनाहरू पूर्वीय चिन्तन अनुसार देखिन्छन् तरपनि वैचारिक पक्षको विश्लेषकका क्रममा पाश्चात्य मान्यताहरूको पनि अनुसरण गरिएको देखिन्छ । अर्थात् पूर्वीय मान्यताहरूलाई अनुसरण गरि लेखिएका कृतिहरूको विश्लेषण गर्दा त्यहाँ प्रचलित रस ध्वनी अलंकार जस्ता तत्वहरूलाई आधार बनाएर र पाश्चात्य, परम्परामा प्रचलित मान्यतालाई अवलम्बन गरिएका कृतिहरूको विश्लेषण गर्दा अस्तित्ववादी विसंगतिवादी एवं मनोविज्ञानवादी दर्शनहरूका ग्रन्थी खोतल्ने प्रयास भएको देखिन्छ (पराजुली, २०६८ : ५०) । खास गरेर धरणीधर र लेखनाथका काव्यमान्यताबारेको मूल्य निरूपण गर्दा विशेषतः पूर्णीय संसारकै नैतिक आध्यात्मिक पद्धति आत्मसात गर्नुले र विश्वेश्वर प्रसाद कोइराला, गोविन्द गोठाले र जगदिश समशेर लगायतका कथा उपन्यासहरूको विवेचना गर्दा पश्चिमी भूमिमा हुर्कीएका मान्याताहरूको अनुसरण गर्नुले उक्त भनाइको पुष्टि हुने देखिन्छ ।

कोइरालाको अन्त्यरम्भमा महाकाव्यको समालोचना गर्दा वेद, उपनिषद्का के कस्ता विचार सिद्धान्तहरू के कसरी प्रस्तुत भएका छन् भन्ने बारे समेत गम्भिर ढुङ्गले प्रस्तुत भएका छन् ।

उपर्युक्त किसिमका पूर्वीय पाश्चात्य विचार एवं चिन्तको प्रस्तुतिका अतिरिक्त विधागत सिद्धान्तको कसिमा आलोच्य कृतिहरूको अध्ययन विश्लेषण गने काम पनि कोइरालाबाट भएको देखिन्छ । उदाहणर्थ सीतपान र सृजनामा काव्यका बारेमा माथि गरिएका समालोचनाहरूलाई प्रस्तुत गर्न सकिन्छ । यी दुई मध्ये सीतायनको महाकाव्यत्माथि प्रश्न खडा गर्ने सिलसिलामा पूर्वीय आद्य चिन्तक ममाह देखिका मान्यताका साथै पाश्चात्य परमपराका अरिष्टोटल लगायतका महाकाव्यीय मान्यता प्रस्तुत गरिएको छ । अर्थात् महाकाव्यीया विषय त्यसको प्रवन्धन भाषा उद्देश्य जस्ता पक्षहरूको आडमा सीतायनको मूल्याङ्कन गर्ने प्रयास गरिनुले विधागत सिद्धान्त प्रतिको सचेतता झुल्काउन कोइरालाले सृजामाता खण्डकाव्यको समालोचना गर्दा खण्डकाव्य सिद्धान्त प्रस्तुत गरी त्यसैका आलोकमा विश्लेषण गरेका

छन्, यसो गर्दा उनले पूर्वीय खण्डकाव्य सिद्धान्तलाई अँगालो मारेर त्यसैको कसिमा सृजनामाताको विश्लेषण गर्ने प्रयास गरेका छन् । पूर्वीय संस्कृत काव्य शास्त्रीहरू रुद्रट र विश्वनाथ आनन्दबर्धन लगायतका चिन्तकहरूका खण्डकाव्यिय चिन्तनको विश्लेषण गर्दा त्यस परम्पराले निर्देशन गरेको खण्डकाव्यीय सिद्धान्तसँग सृजामाताको के कस्तो मेल रहेको छ भन्ने बारे अध्ययन गरिएकाले यसलाई विधा सिद्धान्तको आडमा समालोचना गरिएको भन्नु उपयुक्त हुन्छ ।

४.१.५ तुलनात्मकता

कोइरालाले आलोच्य कृतिको स्तर मापन गर्न वा त्यसको मूल्य निर्धारण गर्न तुलनात्मक पद्धतिको सहयोग लिएका छन् । किनकि यस किसिमको कार्यले तुलनाका क्रममा उभ्याइएका कृतिहरूको अवस्थितिबारे बोध गर्न सघाउ पुऱ्याउछ यो कृति मूल्याङ्कनको अवस्थितिबारे बोध गर्न सघाउ पुऱ्याउछ । यो कृति मूल्याङ्कनको उपयुक्त परिपाटी पनि हो । यस कोणबाट कोइरालाका समालोचनाहरूको अध्ययन गर्दा यस ढाँचाको समालोचना एउटा मात्र देखिन्छ । गोठाले र कोइरालाको औपचारिक कला शीर्षकको समालोचनामा गोठालेको पल्लेघरको झ्याल र कुल चन्द्र कोइरालाको बासना र प्रेम उपन्यासका बीच तुलना गरिएको छ । तुलनाका आधारहरू कृतिप्रकाशनको समय देखि लिएर विषय वस्तु पात्र विधान तिनको कार्य व्यापार, परिवेश प्रस्तुति कौशल जस्ता कुराहरूलाई आधार बनाई ती सवैकोणका आधारमा उक्त दुवै कृतिमा साथै रहेको कुरा दर्शाएको छ ।

कोइरालाले अन्य समालोचनामा पनि प्रसाङ्गवश एक अर्को कृतिको बीच तुलना गर्ने काम गरेका छन् । जस्तै प्रयोगै प्रयोगको महाख्यान सेतो ख्याकको आख्यान शब्द शैयाको स्थितिलाई दाँज्न देवकोटाको काल्पनिक तरेलीका कुरालाई प्रस्तुत गरिएको छ । त्यस्तै गरी यस कृतिमा गरिएको कान्तिपुर भादगाउ र पाटनको वर्णनका कुरालाई जेम्स ज्वायसको युलिसिस उपन्यासमा चित्रित डब्लिन शहरको बर्णनलाई प्रस्तुत गरिएको छ । त्यस्तै विनोद प्रसाद धितालको योजना गधा उपन्यास विवेचना गर्दा कोइरालाले यसलाई डायमण्ड शम्शेरको सेतोबाघ र बसन्तीसँग तुलना गरेका छन् । त्यस्तै तारिणी प्रसाद कोइरालाको नैनी महाकाव्यको विश्लेषण गर्दा त्यसलाई देवकोटाको शकुन्तलासँग दाजेको छन् । यसरी कोइरालाको एउटा कृतिको अध्ययन गर्दा त्यससँग तुलना अन्य कृतिको विषयमा पनि उल्लेख गरी कृतिको तुलना गरेको पाइन्छ ।

### ४.१.६ निर्णयात्मकता

कोइरालाले समालेचना गर्दा कृतिको मूल्याङ्कन गर्ने स्थिति सम्म पुऱ्याएर गर्ने गरेका छन् । मूल्याङ्कन अन्तिम ठहर हो, यसरी मूल्याङ्कन गर्दा सकरात्मक र नकारात्मक दुवै कोणबाट गरिएका छन् । प्रायः समालोचनहरूले आलोच्य कृतिलाई खासै नकारात्मक दृष्टिले हेर्ने गरेको पाइदैन । तर कुल प्रसाद कोइरालाकाहरूमा यो नियम लाग्र हुदैन । उनी निर्भिकताका साथ आफ्नो ब्रह्मले देखेको भनि छाड्ने व्यक्तिका रूपमा देखिएकी छन् । जस्तै सीतायनको महाकाव्यमाथि केही प्रश्न यसको ज्वलन्त उदाहरण हो ।

उदाहरणको लागि तलको अभिव्यक्ति हेरौं

सीतायन काव्यमालामा तिनवटै खण्डमा विचार सूत्र अत्यन्त श्लथ छ , भने कल्पना सामर्थ्य कामचलाउसम्म पनि बन्न  सकेको छैन । त्यस्तै भाषिक प्रयोग वर्णन क्षमता र लालित्यपूर्ण पद सङ्गठनका दृष्टिले समेत यी खण्डहरू निकै कमजोर रहेका छन् । विविध  शास्त्रीय छन्दको प्रयोग भएपनि महाकाव्योचित संरचना धर्मको अभाव र भावनको आख्यानीकरणको अज्ञानमय प्रस्तुतिले समेत यसले विद्रुप र निष्प्रभ र  अपाठ्य बनाएको छ ।

(काव्यिक परिभ्रमण : ४६)

त्यसै  पापिनीआमा बारेको अभिव्यक्तिमा पनि स्पष्ट दृष्टिकोण अघि सारिएको छ । यसको नमुना यस्तो छ यो काव्य परिस्कृत अभिव्यक्तिशिला, सहज र स्वत स्पुर्त भाव विम्व र परम्परागत समाजमा समस्याकै रूपमा देखापरेका अवैध शिशु  र समाजिक दायित्वको एउटा अपूर्ण अनुत्साही र अष्पष्ट र दस्तावेज हो । (सृष्टिमाथिको दृष्टिः ७१)

कोइरालाका समालोचनाबाट यस्ता धेरै उदाहरणहरू उद्धृत  गर्न सकिन्छ । उक्त दुई नमूना मात्रले पनि कोइराला अन्य पक्षले ठम्याएका कुराका बारेमा खुलस्तरूपले प्रकट हुन पछि हट्ने  समालोचक होइनन् भन्ने बुझिन्छ ।

### ४.१.७ आत्मपरकता

कुलप्रसाद कोइरालाले समालेचना गर्दा वस्तुवादी विश्लेषकका रूपमा प्रस्तुत खोज्दा खोज्दै पनि धेरै स्थानमा आत्मपरक द्रष्टाका रूपमा प्रस्तुत भएका छन् । उनका प्रारम्भिक समालोचना वस्तुपरक भन्दा प्रभाव परक बन्न गएका देखिन्छन् भने पछिल्लो समयमा लेखिएका कतिपय समालोचनाहरू

समेत यस स्थितिबाट पूर्णतः मुक्त हुन सकेका छैनन् । निबन्ध र कतिपय काव्य सम्बन्धी कृतिहरूको समालोचना गर्दा कोइरालाले आत्मपरकता दर्शाएका छन् ।  उनका समालचेनामा यस्ता स्थलहरू धेरै छन् । यस भनाईलाई पुष्टि गर्ने उनकै समालोचनाबाट केही अभिव्यक्त उद्घृत गर्नु राम्रो हुन्छ । उदाहरणका रूपमा तलको गद्यांश लाई हेरौँ ।

यी निबन्धहरू घिमिरेका अध्ययन  श्रवण र चिन्तनका अभिप्रेरणबाट उत्पन्न  तरङ्ग आश्रित रहेका छन् । तिनलाई पक्डेर खेल्न र हतारिन चाहदा चाहदै पनि अव्यक्त सीमाङ्क धक्काले त्यतिखुल्न हुतिन र पोखिन  दिएको छैन । (सृष्टिमाथिको दृष्टि : ९३)

कोइरालाका समालोचनामा यस्ता प्रभाव परक अभिव्यक्ति प्रकट भएका स्थलहरू धेरै छन् । विशेषतः स्रष्टापरक समालोचना गरिएका स्थलमा यस्ता उदाहरण हरू मनग्गे भेटिन्छन् । तसर्थ अर्को उदाहरण पनि हेर्न सकिन्छ ।

युगल महेश र शिला तीनै जनाको जीवन नव तरङ्ग र नयाँ योजना धम्का आहत र प्राप्तिका साइसाई र सुइसुइयुक्त छ (पूर्ववत् ७७) पल्लोघरको झ्याल र बासना र प्रेम उमन्यासका पात्रहरूको तुलना गर्दा कोइराला यहा आत्मवादी द्रष्टा बनेका छन् । अर्थात् यस उदाहरण पनि समालोचकको प्रभाववादी दृष्टि नै  मुख्य रूपमा प्रस्तुत भएको छ । यहाँ पनि कोइराला मनका आँखाले देखेका आधारमा पात्रीय चरित्रबारे बोल्न पुगेका छन् । आत्मपरकताभित्र रहेर पनि वस्तुवादी बन्ने प्रयत्न गर्न कुलप्रसाद कोइरालाको समालोचकीय मान्यता हो भन्ने हिचकिचाउनु पर्दैन् । किनकी उक्त कथनभित्र पनि पात्रीय चरित्रगत स्थितिप्रकट भएको देखिन्छ । शैली आत्मपरक हुनाले उनी कम वस्तुवादी बढी आत्मावादी देखिएका छन् ।

४.१.८ तत्सम बहल शब्दहरूको प्रयोग तथा भाषिक क्लिष्टता

समालोचना कुलप्रसाद कोइरालालाई तत्सम शब्दप्रति निकै ठूलो मोह रहेको देखिन्छ । उनका सबै जसो समालोचनामा तत्सम शब्दहरूले उल्लेखीय स्थान ओगटेका छन् । विशेषतः कोइराला जहाँ आत्मपरक प्रस्तुतिको माग तर्फ अभिमुख भएका छन् । त्यस्ता स्थानमा तत्सम शब्दहरूको उपस्थिति अझ प्रचुर मात्रामा रहन गएको देखिन्छ । कतिपय स्थानमा त जटिल किसिमक शब्दहरू समेत प्रयोग गरिएका छन् । त्यसो हुनाले संस्कृतको ज्ञान नहुने सतही ज्ञान मात्र हुनेहरूको लागि समेत उनका समालोचना सुबोध्य बन्न नसक्ने देखिन्छ । उदाहरणार्थ केही  शब्दहरू प्रस्तुत गर्नु सान्दर्भिकै देखिन्छ ।

भणितिभङ्गिमा भणितिताच्छिल्य, विदव्धता (धरणीधर परिकमा : २७) निष्णात निर्वेरता, विपथित विकीर्णदर्पण (ऐ. ३५, ३६) लोकजीवनानन्द व्याघातक (माधवी माथिको अन्तर्दृष्टि ८) रिक्तपाणी इप्सित अतिकामेप्सा (ऐ. ३२) मुक्तैषणा व्यामोहशमन दम्भदलन, (ऐ ३५) मुमुर्षा अपसार उद्भ्रान्त (ऐ. ४०) क्षियमाण निषाद (ऐ) ४४ स्पृहणीय विस्मार्त्यक औधत्य (ऐ.५१) प्रत्यायित अवलम्व्य, (सृष्टिमाथिको दृष्टि : ७) श्लथाङ्ग (ऐ.१००) कर्तव्य साधनाधुरीण, (ऐ. १०५) दुर्निवार प्रवर्षेण काव्यीक परिभ्रमण ११) प्रत्यञ्च, हव्य (ऐ. १९) आदि यस्ता शब्दहरू प्रत्येक जसो समालोचनामा धेरै थोरै भेटिन्छन् । उनका समालोचनामा संस्कृत निष्ट लामा लामा सन्धियुक्त शब्दहरूका साथै सामाजिक शब्दहरूको प्रयोग पनि प्रशस्त देखिन्छन् ।

तीनका नमूना यस्तो छ :-

नीचासनस्थ, अर्त्युपदेश, अतिकोमेप्सा, लोकजीवनान्द व्याघात्मक, मुक्तैपणा,, प्रत्यायित आख्याताङ्कुरण, पुराणेतिहासपरक तीव्रघात विविधानु भुतियुक्तता साम्यार्थक, युग्मेच्छा प्रसङ्गोदाहरण, सृष्टयुत्पत्ति आदि शब्दहरू देखिन्छ ।

कोइरालाले कतैकतै आफ्नै तालमा नयाँ शब्दहरू बनाउने काम पनि गरेका छन् । जस्तै खोज्नु ब त (सृष्टिमाथिको दृष्टि २३) उड्नखटौला (ऐ. ११६) कुक्तिकुधा (धरणीधर परिक्रमा) जस्ता शब्दहरू यस सन्दर्भमा उद्धरणीय रहेका छन् ।

कोइरालाको समालोचनामा भाषिक पक्षको चर्चा गर्दा वाक्य गठन कलातर्फ पनि दृष्टि दिनु पर्दछ । उनका समालोचनामा प्रायः लामा आकारका बाक्यहरूको निर्माण गरिएको पाइन्छ । उदाहरणको लागि हेरौ "अवस्था ज्ञान अज्ञान पक्षअँध्यारो र उज्यालो लगायन सर्वत्र दुई दुईमा व्यक्त हुने क्रममा कृष्ण र कश शैतान र पैगम्बर जस्ता विपरित धर्मी खेलहरूमा देवताबाट दानवलाई पराजितगराई विवेक र बुद्धिलाई विजयी गराउदै मनुबाट करोडौ मनुष्य जन्माएर यक्ष गन्धर्व किन्न र अनि ऋषि देवर्षि र हजरत र महावीरहरूलाइ जन्माई र श्रुति स्मृति र वेडाङ्गका अतिरिक्त त्रिपिटक र बाइवलहरू बनाएर सर्जन खेल खेली रहेको छ । (काव्यिक परिभ्रमण : २२)

कोइरालाका यस्ता भद्दा खालको वाक्य हुनाले यसमा समालोचकीय विचार स्पष्ट हुन नसके जस्तो देखिन्छ वाक्य गठन पनि राम्ररी मिलेको छैन । देवकोटाको निबन्धको लेखन ढाँचामा हुँइकीने बानीले उनका समालोचनामा यस्ता स्थल धेरै भेटिन्छन् । वास्तवमा कोइरालाको आत्माभिव्यञ्जना गर्ने

क्रममा खुलेर लाग्छन् । त्यसबेला उनको अभिव्यक्ति लामा लामा वाक्यका रूपमा प्रकट हुन पुगेका देखिन्छन् ।

## ४.२ कोइरालाको समालोचनात्मक मूल्याङ्कन

कोइरालाले नेपाली समालोचना क्षेत्रमा प्रवेश गर्नु भन्दा पहिला नेपाली समालोचना दोषवादी प्रशंसापरक र प्रभाव परकमा आधारित थियो । उनका समय आएपछि नेपाली समालोचना विविधतामय रूपमा विस्तारित भएको पाइन्छ । तेस्रो चरणपछि नेपाली समालोचना साहित्यमा देखा परेको नविन र आयामिक चेतनाले विकसित समालोचना साहित्य उर्वर बन्न पुगेको पाइन्छ । उनका समालोचना विभिन्न विधा उपविधाहरूको विश्लेषणले रोचकता थपिदिने कार्य गरेको पाइन्छ । उनी कविता उपन्यास र निबन्धको विश्लेषणमा रमाउने खालका समालोचक देखिएका छन् । साथै पूर्वीय समालोचना जगतमा विकसित भएको मान्यतालाई अवलम्बन गर्दै पाश्चात्य जगतमा विकसित भएको मान्यतालाई आंशिक रूपमा आत्मसात गर्ने खालका समालोचक हुन् । उनका विधागत सिद्धान्तहरूलाई मूल आधार बनाएर समालोचना गरेता पनि उनका समालोचनामा स्वच्छन्द प्रवृत्तिले पनि भूमिका खेलेको पाइन्छ । उनका समालोचनामा विश्लेषणात्मकता तुलनात्मकता निर्णयात्मकता तथा आत्मपरकता जस्ता प्रवृत्तिले गर्दा उनका समालोचनात्मक प्रवृत्ति विविधतामय बन्न पुगेको पाइन्छ ( पराजुली, २०६८ : ५४) ।

उनले ६ वटै समालोचनात्मक विषय विधा र प्रवृत्तिका आधारमा चिनाउन लायक पौराणिक मनोवैज्ञानिक कुनै पनि किसिमका कृतिलाई आलोचनाका माध्यम बनाएर समालोचना गरेका छन् । यसर्थ कोइरालाका समालोचनामा पूर्वीय एवम् पाश्चात्य दुवै समालोचनाका मान्यताहरूको आवलम्बन गर्ने समालोचक हुन् भन्न सकिन्छ ।

कोइराला नेपाली समालोचना क्षेत्रमा २०४० सालदेखि २०६० को दशकमा आइपुग्दासम्म उनको समलोचना यात्रा विभिन्न प्रकारले झाङ्गीएको पाइन्छ । उनको पहिलो समालोचना विश्वेप्रसाद कोइरालाको औपन्यासिक शिल्प प्रविधि र हाम्रो पुरुषार्थ नामक समालोचनाबाट समालोचनायात्रा आरम्भ गरेका हुन् । उनले साहित्यको विभिन्न विधा र उपविधाहरूमा कलम चलाउनु भएको पाइन्छ । उनका कविता खण्डकाव्य र महाकाव्य कथा उपन्यास र जीवनी जस्ता साहित्यका विधाहरू लगायत विविध विषयमा समालोचना गर्न सक्ने क्षमता देखाएका छन् । नेपाली समालोचनाको कालक्रमिक

विभाजन अनुसार कोइराला चौंथो चरणमा देखिएका समालोचक हुन् । उनका समालोचना नेपाली समालोचना विकास क्रमको चौंथो चरणमा पुगेपछि नै प्रकाशित हुन पुगेकाले यस चरणका समालोचना विविधता हुन पुगेको पाइन्छ । त्यसैले उनका समालोचना विशेष गरी व्यवहारिक र सैद्धान्तिक दुवै प्रकृतिका  पाइन्छन् । पूर्वीय एवम् पाश्चात्य सिद्धान्तको प्रयोग गरेर उनले आफ्नो समालोचना प्रस्तुत गरेका छन् । साथै तुलनात्मकता र ऐतिहासिकता पनि आफ्नो समालोचनामा देखाएर विशिष्टता प्रदर्शन गरेका छन् । उनका समालोचनामा विशेष गरी कलात्मक भाषाका प्रयोग गरिएको पाइन्छ । साथै संस्कृत तत्सम र नविन शब्दको प्रयोग गरेर समालोचना साहित्यमा नविनता देखाएका छन् । कोइरालाले नेपाली समालोचनाको वर्तमान युगको वर्तमा विन्दुमा उभिएर एक समालोचकको भूमिका निर्भाह गरेका छन् । उनले वर्तमा नेपाली समालोचना जगत्ले अङ्गिकार गरेका मूल्य र मान्यता स्वीकार गर्दै नेपाली समालोचना क्षेत्रमा महत्वपूर्ण स्थान राख्न सफल भएका छन् । उनका समालोचना बहुआयामिक बनेर देखापरेको छ ।

*अध्याय : पाच*

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

कुलप्रसाद कोइराला नेपाली साहित्य जगत्मा समालोनाको क्षेत्रमा विशेष रूपमा उदाएका साहितयकार हुन् । उनको सामालोचना यात्रा तिन दशक पुरा भैसकेको छ । र यस अवधिमा उनका समालोचना सम्बद्ध कृतिहरू ६ वटा प्रकाशित भैसकेको छ । र केही फुटकटरूपमा पनि आएको पाइन्छ । अर्को समालोचनामा जीवनीपरकता, प्रभावपरकता सैद्धान्तिक र व्यवहारिक तथा पूर्वीय एवं पाश्चाव्य साहित्य चिन्तनमा आधारित समालोचनाले विषय विधा र प्रवृतिका आधारबाट परिचित गराउन पौराणिक मनोवैज्ञानिक ऐतिहासिक  कुनै पनि  किसिमबाट र कृतिलाई आलोचनाको माध्यम बनाएका पाइन्छ ।  अर्थात् समालोचनाका निम्ति उनले सबै विषयका कृतिलाई उत्तिकै महत्व दिएको देखिन्छ । जुन विषय अवलम्बन गरेर लेखिएका भएता पनि ती सबैले समानरूपले विकसित हने अवसर पाएका छन् ।

कोइरालाले विधागत उपस्थितिलाई आधार बनाएर हेर्ने हो भने उनी कविता उपन्यास र निबन्ध विधाका कृतिहरूको विश्लेषणमा बढी रमाएका देखिन्छन् । कविता विधामा फुटकर  रचनादेखि मझौला र बृहत आकारका माहाकाव्यहरू सबै समालोचनाका सामग्री बनेर आएका छन् ।

**काव्यिक परिभ्रमण** मा कविता विधालाई केन्द्र मा राखेर समालोचना गरिएको छ । **सृष्टिमाथिको दृष्टि**मा चाहि आख्यान र निवन्ध विधाका रचनाहरूले प्रश्रय पएका छन् ।  कथा आख्यान विधाकै एक विशिष्ट भेद भएतापनि त्यसले कोइरालाका उपस्थिति देखाएको पाइदैन बरु त्यहाँ लोक जीवनसँग प्रत्यक्षरूपमा जोडिएका गीत र उखानले उल्लेख प्रवेश पाएका छन् । **धरणीधर परिक्रमा** मा कवि धरणीधरको समग्र जीवनी व्यक्तित्व र कृतित्व माथि प्रकाश पानुभएको छ । यो कृति उनको विशिष्टतालाई परिचय गराउने उद्देश्यले रचिएको बुझिन्छ । **माधवी माथिको अन्तर्दृष्टि** मा प्रसिद्ध उपन्यासकार मदनमणी दीक्षितको विशालका उपन्यासमाथि विभिन्न औपन्यासीक विषयवस्तुमा आधारित रहेर समालोचना गर्नु भएको छ । त्यसै गरी **नेपाली भाषा र साहित्यमा सिन्धुली जिल्लाको योगदान** नामक समालोचनात्मक कृतिमा सिन्धुली जिल्लाका प्रसिद्ध साहित्यकारहरु र उनीहरुको ग्रन्थहरुको ऐतिहासिक सर्वेक्षण गर्नुभएको छ  र अर्को **नेपाली साहित्य र गोर्खाली स्रष्टाहरु** मा गोर्खा जिल्लाका साहित्यकारहरुको नेपाली साहित्यमा योगदानको भूमिका देखाउनुभएको छ । यी प्रवृत्तिगत

पक्षलाई दृष्टिगत गर्ने हो भने पनि कोइरालाका समालोचनामा विविधतामय स्वरूप बोकेर प्रकट हुन पुगेका देखिन्छन् । किनभने उनका समालोचना हरू कुनै निश्चित ढाँचामा रहेर वा निश्चित लक्ष्य बोकेर प्रकट भएका छैनन । कुनै विश्लेषणात्मकता कुनै तुलनात्मकता कुनै निर्णयात्मक कुनै आत्मपरकता जस्ता कुराहरू उनका प्रवृति बनेर आएका छन् । कतै कतै भने विधासिद्धान्तलाई नै मूल आधार बनाएर पनि समालोचना गरीएको पाइन्छ । जुनसकै ढंगले समालोचना गरे पनि उनका समालोचनहरूमा समालोचको स्वच्छन्द प्रवृतिले कुनै कुनै रूपमा भूमिका खेलेको पाइन्छ । यसका परिणाम उनका समालोचनाका विश्लेषणको गहिराई रहदा रहदै पनि ती आत्मपरक स्वरूप बोकेका रचनामा समेत दरिन सक्ने स्थिति पुगेका छन् भन्न सकिन्छ ।

## ५.२ निष्कर्ष

कुलप्रसाद कोइराला वर्तमान युगका यस विन्दुमा उभिएका समालोचक हुन । उनले वर्तमान नेपाली समालोचना जगतले अङ्गिकार गरेका कतिपय मूल्य र मान्यताहरूलाई आत्मसात गरेका छन् । विशेष त उनले पूर्वीय पद्धति अनुरूपको समालोचनामा रमाउन उनको वैशिष्ठ्य रहेको पाइन्छ । अर्को तर्फ उनले आफ्ना सबै स्वरूपका समालोचनाहरूमा भाषिक कुशलताका सार्थक पूर्ण विश्लेषण क्षमता पनि देखाएका छन् । यी बाहेक उनका समालोचनामा पाइने अर्को विशेषता भाषिक प्रवाह हो । उनका समालोचनामा तुलनात्मकता ऐतिहासिकता जीवनीपरकता, निर्णयात्मकता जस्ता समालोचकीय गुणले उनको समालोचना सशक्त रुपमा देखापरेको छ । शब्द खेलाउन सक्ने वेजोडको सामर्थ्य पनि छ । सामासिक सन्धी पुरक तत्सम बहुल शब्दहरूको उपस्थिति रहेका बाक्यहरूको प्रयोग गर्ने पनि उनको निजी पहिचान रहेको देखिन्छ । यस्ता विभिन्न अधारहरू कुलप्रसाद कोइरालालाई समालोचकका रूपमा हेर्ने केडी हुन । यस कडीबाट हेर्दा कुल प्रसाद कोइरालाका वर्तमान युगका केही गनिने समालोचकका हारमा आफूलाई ठम्याउन सक्ने व्यक्तिका रूपमा परिचित हुन आउँछन् ।

# सन्दर्भ सूची


अक्सफोर्ड इङ्लिस डिसक्नरी, सन्  १९९३, लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

उपाध्याय, केशवप्रसाद, २०४९, साहित्य प्रकाश, काठमाडौँ : साझा प्रकाशन  ।

कोइराला, कुलप्रसाद, २०६२, काव्यिक परिभ्रमण-काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

कोइराला, कुलप्रसाद, २०६२, सृष्टिमाथिको दृष्टि, काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

कोइराला, कुल प्रसाद, २०६३, धरणीधर परिक्रमा, काठमाडौँ : श्री रत्न पुस्तकालय ।

कोइराला, कुलप्रसाद, २०६३, माधवीमाथिको अन्तर्दृष्टि, काठमाडौँ : जुपिटर प्रकाशन ।

कोइराला, कुलप्रसाद, २०६३ नेपाली भाषा र साहित्यमा सिन्धुली जिल्लाको योगदान, सिन्धुलीका तेह्रतारा राष्ट्रिय व्यक्तित्व प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

कोइराला, कुलप्रसाद, २०६६, नेपाली साहित्य र गोर्खाली स्रष्टाहरू, काठमाडौँ : यदु प्रसाद भट्ट ।

कोइराला, नारायण प्रसाद २०६९ कुल चन्द्र कोइरालाका समालोचनाहरूको अध्ययन, त्रि.वि.वि. नेपाली विभाग ।

कँडेल, घनश्याम (सम्पा.), २०५५, नेपाली समालोचना, ललितपुर : साझा प्रकाशन ।

क्याम्ब्रिज युनिभर्सिटी प्रेस, सन् १९८८, द क्याम्ब्रिज गाइड लिटरेचर इन इ•लस, लण्डन ।

खनाल, यदुनाथ, २०३३, समालोचना सिद्धान्त, साझा प्रकाशन काठमाडौँ ।

घिमिरे, माधवप्रसाद, २००६, राजेश्वरी,पापिनी आमासहित, काठमाडौँ : साझा प्रकाशन तृतीय सं ।

ज्ञवाली, रामप्रसाद, २०६३,  पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या, काठमाण्डौ  हजुरको प्रकाशन ।

त्रिपाठी, जगन्नाथ, २०२७, आलोचक र आलोचना, मधुपर्क, वर्ष ३, अंक ११, ।

त्रिपाठी, वासुदेव, २०४९, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, ललितपुर : साझा प्रकाशन  ।

थापा, मोहनहिमांशु, २०५०, साहित्यपरिचय, काठमाडौँ : साझा प्रकाशन चौ.स.  ।

थेगिम, शोभाकान्ति, सन् १९२०, नेपाली समालोचनाको परम्परा मूल्याङ्कन र विश्लेषण, सिक्किम : सौरभ प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद, २०६३, शाकुन्तल महाकाव्य, साझा प्रकाशन, काठमाडौँ : आठौं सं ।

नेपाल, घनश्याम, सन् १९९१, नेपाली साहित्यको परिचयात्मक इतिहास ।

नेपाल, देवीप्रसाद, २०६३, वस्तुपरक समालोचना संगालो, मधुपर्क  वर्ष २९ अंक ५ ।

२०४०, नेपाली बृहद शब्दकोश, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रष्ठिान ।

पराजुली, हरिप्रसाद, २०६८, हृयुमानिटी एण्ड सोसल साइन्सेज जर्नल, त्रि. वि.वि. काठमाडौँ : रत्नराज्य लक्ष्मी क्याम्पस ।

विश्वनाथ १९९७, साहित्य दर्पणम्, बाराणसी चौखम्बा विद्याभवन दि.सं. ।

भट्टराई, राजन, २०६४, अंग्रेजी साहित्यका रूपरेखा, काठमाडौँ : हजुरको प्रकाशन ।

मिश्र, भागिरथ, सन् १९९६ पाश्चात्य काव्यशास्त्र, वराणासी, विश्वविद्यालय प्रकाशन ।

लेखनाथ, पौड्याल, २०३३, ऋतुविहार - काठमाडौ अनन्त पौडेल आठौ सं.) ।

शर्मा मोहनराज र दयाराम श्रेष्ठ, २०५२, नेपाली साहित्यका संक्षिप्त इतिहास, काठमाडौँ : साझा प्रकाशन ।

प्रधान कृष्ण चन्द्र सिंह, २०५२, साझा समालोचना, काठमाडौँ : साझा प्रकाशन चौ.सं. ।

शर्मा, तारानाथ, २०२७, नेपाली साहित्यको इतिहास, काठमाडौँ : सहयोगी प्रकाशन ।

सुवेदी, राजेन्द्र, २०६१, नेपाली समालोचना परम्परा प्रवृत्ति, वाराणसी : भूमिका प्रकाशन ।

हट्सन, विलियम हेनरी, सन् १९७९, एन इन्ट्रोडक्सन टु द स्टडि अफ लिटरेचर, लण्डन ।